असार - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३४, अङ्क ५ | २०८२ असार १-१५ | पूर्णाङ्क ७९१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | |
| संयुक्त इजलास | १२ | इजलास नं. ८ | ८ |
| इजलास नं. १ | ६ | इजलास नं. ९ | |
| इजलास नं. २ | | इजलास नं. १० | |
| इजलास नं. ३ | ३ | इजलास नं. ११ | |
| इजलास नं. ४ | १३ | इजलास नं. १२ | |
| इजलास नं. ५ | | इजलास नं. १५ | |
| इजलास नं. ६ | १० | इजलास नं. १७ | १ |
| **जम्मा** | **४४** | **जम्मा** | **९** |

**कूल जम्मा ४४ + ९ = ५३**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०15 सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८२, असार – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ११** |
| १. | अंश चलन | गणेशमाया महर्जन वि. सेती महर्जनसमेत, मोहनकृष्ण महर्जन वि. गणेशमाया महर्जन | १ |
| २. | मिलापत्र बदर मिलापत्र बमोजिम मोही नामसारीसमेत | आसमहमद मियाँ धुनिया वि. अलि महम्मद मियाँ धुनियासमेत | २ |
| ३. | हक निखनाइपाऊँ | राजेन्द्रप्रसाद दास वि. सरयुग दाससमेत | २ |
| ४. | निषेधाज्ञायुक्त परमादेश | शिवनारायण यादवसमेत वि. बसन्त सदा | ३ |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सिरकुमार सुवेदी | ४ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनबहादुर सार्की | ५ |
| ७. | बन्दी प्रत्यक्षीकरण | नवल किशोर साह वि. चितवन जिल्ला अदालतसमेत | ७ |
| ८. | निषेधाज्ञा | प्रदिपकुमार रौनियारसमेत वि. रामकुमार साहसमेत | ७ |
| ९. | निषेधाज्ञा | अर्जुनप्रसाद चौधरी वि. विल्टी देवी चौधरी | ८ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तोष खड्का | ९ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोरीमाया राना | १० |
| १२. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. बेदबहादुर बस्नेतसमेत | ११ |
| **इजलास नं. १** | | | **१२ – १७** |
| १३. | कैदी भागे भगाएको | राजेश्वर साह वि. नेपाल सरकार | १२ |
| १४. | निषेधाज्ञायुक्त परमादेश | डा. भाइकाजी तिवारी वि. गंगा लोहलासमेत | १२ |
| १५. | जबरजस्ती करणी | नेपाल सरकार वि. सद्दाम भन्ने सदाम पठान | १३ |
| १६. | लागू औषध इन्जेक्सन तथा खैरो हेरोइन | नेपाल सरकार वि. अशोक साहसमेत | १४ |
| १७. | कर्तव्य ज्यान | प्रशान्त तामाङ (योञ्जन) वि. नेपाल सरकार | १५ |
| १८. | जबरजस्ती करणी | गोविन्द प्रसाद ढकाल वि. नेपाल सरकार | १६ |
| **इजलास नं. ३** | | | **१७ – २१** |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनभक्त राई | १७ |

| | | | |
|---|---|---|---|
| २०. | लागु औषध (इन्जेक्सन तथा ट्याबलेट) | नेपाल सरकार वि. राजकुमार बस्नेतसमेत | १८ |
| २१. | हाडनाता जबरजस्ती करणी | नेपाल सरकार वि. भीमबहादुर खत्री क्षेत्री | १९ |
| इजलास नं. ४ | | | २१ – ३३ |
| २२. | उत्प्रेषण/ परमादेशसमेत | बसन्त बस्यालसमेत वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ११ स्थित ट्रेड टावर नेपालमा केन्द्रीय कार्यालय रहेको एनआईसी एसिया बैंक लि. समेत | २१ |
| २३. | उत्प्रेषणसमेत | हेमराज दाहाल वि. उच्च अदालत विराटनगरसमेत | २२ |
| २४. | उत्प्रेषणसमेत | संजय पनेरु वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २३ |
| २५. | उत्प्रेषणसमेत | योगराज उपाध्याय वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २३ |
| २६. | उत्प्रेषणसमेत | दिपक दंगाल वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २४ |
| २७. | उत्प्रेषण परमादेश | मिनाकुमारी वि. जिल्ला प्रशासन कार्यालय, धनुषा, जनकपुरसमेत | २५ |
| २८. | उत्प्रेषणसमेत | सिता बस्नेत वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २६ |
| २९. | उत्प्रेषणसमेत | किरणकुमारी साहव वि. धर्मनाथ साह सराफसमेत | २७ |
| ३०. | जग्गा दर्ता गरिपाउँ | लक्ष्मण महतो वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत | २७ |
| ३१. | दोहोरो लिखत बदर गरिपाउँ | शान्तिदेवी बस्नेत शेर्पा वि. पासाङ क्षेत्र शेर्पासमेत | २९ |
| ३२. | रैकर परिणत हक कायम | कुलबहादुर नगरकोटी वि. विज्ञान विर सिंह प्रधानसमेत | ३० |
| ३३. | मूल्य अभिवृद्धि कर (आ.व. ०६५।०६६) | अर्जुनप्रसाद पोखरेल वि. श्री रतनलाल संघई | ३१ |
| ३४. | जग्गा कब्जा खिचोला मेटाई घर टहरा भत्काई चलनसमेत चलाई पाउँ | काशीराम बुढासमेत वि. सुन्दरी सुनार्नीसमेत, सुन्दरी सुनार्नीसमेत वि. काशीराम बुढासमेत | ३२ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ६** | | | **३३ – ४३** |
| ३५. | बन्डा बदर चलन पुर्जी बदर, दाखिल खारेज दर्ता बदर पूर्ववत कायम दर्ता | रवाना खातुनसमेत वि. सहिद नदाफसमेत | ३३ |
| ३६. | किर्ते जालसाजी | श्यामप्रसाद साहसमेत वि. राजा प्रसाद साहसमेत | ३४ |
| ३७. | अंश दर्ता चलन | रामलखन प्रसाद गुप्ता वि. राजेन्द्र साह बनियासमेत, किशोर गुप्तासमेत वि. राजेन्द्र साह बनिया, राजेन्द्र साह बनिया वि. रामलखन प्रसाद गुप्तासमेत | ३४ |
| ३८. | निर्णय दर्ता बदर हक कायम चलनसमेत | केदारनाथ चौलागाई वि. सरोजकाजी तुलाधर | ३६ |
| ३९. | कर्तव्य ज्यान | प्रदिप लोध वि. नेपाल सरकार | ३७ |
| ४०. | उत्प्रेषण प्रतिषेधसमेत | दिनेश बहादुर विष्ट वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ३८ |
| ४१. | उत्प्रेषण | सुभाष बिक्रम राणासमेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ३९ |
| ४२. | उत्प्रेषण | सुमित्रा मल्ल वि. नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ४० |
| ४३. | उत्प्रेषणसमेत | विकास पोद्धार वि. उमेशकुमार माझीसमेत | ४२ |
| ४४. | उत्प्रेषणसमेत | विकास पोद्धार वि. चन्दनकुमार खाँसमेत | ४३ |
| **इजलास नं. ८** | | | **४३ – ५१** |
| ४५. | ठगी | कविता वाग्ले वि. नेपाल सरकार | ४३ |
| ४६. | उत्प्रेषण / परमादेश | कृष्णबहादुर राउत वि. पुरुषोत्तम मानन्धर | ४५ |
| ४७. | उत्प्रेषणयुक्त परमादेशसमेत | बेलबहादर दमाई वि. गंगादेव गाउँ कार्यपालिका सानडाँडा, रोल्पासमेत | ४६ |
| ४८. | वैदेशिक रोजगार कसुर | विष्णुनारायण श्रेष्ठ वि. नेपाल सरकार | ४६ |
| ४९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मोहमद मस्तकिम मियाँसमेत | ४८ |
| ५०. | कर्तव्य ज्यान | खन्टे भन्ने खड्गबहादुर धामी वि. नेपाल सरकार | ४९ |

| | | | |
|---|---|---|---|
| ५१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. चक्र रजान मगर | ५० |
| ५२. | अपहरण गरी शरीर बन्धक बनाएको | नेपाल सरकार वि. सतार अन्सारी मियाँसमेत | ५० |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १७** | | | **५१ – ५२** |
| ५३. | लिखत दा.खा. टिप्पणी बदर अंश नामसारी | मणिराज भण्डारिसमेत वि. पुनकला भण्डारी | ५१ |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-१६४६, ०७४-CI-०८१०, अंश चलन, गणेशमाया महर्जन वि. सेती महर्जनसमेत, मोहनकृष्ण महर्जन वि. गणेशमाया महर्जन*

पुनरावेदक तथा प्रत्यर्थीको नाता, सम्बन्ध र पुस्तेवारी हेर्दा मूल पुर्खा स्व. सानु महर्जनको पत्नी सेतिमाया, निजहरूको छोरा राम महर्जन, निजको ३ पत्नीमा जेठी कृष्णमाया, माहिली गणेशमाया र कान्छी यी वादी गणेशमाया रहेको देखिन्छ । जेठी कृष्ण मायाको छोरा प्रतिवादी मोहन कृष्ण र वादी यी गणेशमायाको छोरी वादी शर्मिला महर्जन भएको देखिन्छ । वादी मोहन कृष्ण र प्रतिवादी सेतिमाया महर्जन, राम महर्जनसमेत भएको काठमाडौं जिल्ला अदालतको २०५८ सालको दे.मि.नं. ११०४/५१९९ को अंश मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।१०।२३ मा भएको फैसलाबाट उक्त मुद्दामा वादी मोहन कृष्ण महर्जन प्रतिवादी सेतिमाया महर्जन एवं राम महर्जनबिच अशंबन्डा भएकोसमेत देखिने।

प्रतिवादी राम महर्जन र माइली गणेशमाया महर्जनका तर्फबाट प्रस्तुत विवरणमा निज राम महर्जनका नाउँको कि.नं. १४६ को जग्गा देखिन्छ भने वादीले नै मिति २०६९।८।१३ मा पेस गरेको विवरणमा कि.नं. ४३७ ख. को जग्गा प्रतिवादीहरू कृष्णमाया महर्जन र मोहनकृष्ण महर्जनको संयुक्त नाउँको जग्गा हो भन्ने देखिन्छ । कित्ता नं. १४६ का दर्तावाला वादीका पति राम महर्जन सगोलको अशियार रहेको देखिन्छ । निवेदनमा उक्त जग्गा प्रतिवादी मोहनकृष्णसमेतको अंश भाग लाग्ने भनी उल्लेख भएको भए पनि निज २०५८ सालको दे.मि. नं. ११०४/५१९९ को अंश चलन मुद्दाबाट भिन्न भई सोही मुद्दाबाट सेतिमायाले बन्डा छुट्टयाउँदा निजसमेतको अंश यकिन भइसकेको देखिन्छ भने निज मोहनकृष्ण महर्जन स्वयंले यस अदालतमा पेस गरेको २०७०।०२।१० को निवेदनमा फैसलाबमोजिम आफूले पाउने जग्गा भोग व्यवहार गरिआएको र चमति आयोजनाबाट रोक्का भएको जग्गा रोक्का फूकुवा भएकाबखत कित्ता काट गरी लिनसम्म बाँकी रहेको भनी निवेदन पेस गरेको अवस्थामा वादीले मोहनकृष्ण महर्जनको हकबाहेकबाट कि.नं. १४६ र ४३७ ख को जग्गाबाट अंश पाउने ठहर भएको हदसम्म तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०८।२७ मा मिलेकै देखिने।

वादी दाबीका का.जि.का.म.पा वडा नं. २७ का कि.नं. १८४५ र १८४६ का कित्ताको हकमा हेर्दा, यी कित्ता जग्गाहरू वादीका पति प्रतिवादी राम महर्जनको नाममा रहेको सो जग्गामा घरसमेत रहेको देखियो । प्रमाण ऐन, २०३१ को दफा ६(क) लाई हेर्दा, अन्यथा प्रमाणित नभएसम्म "एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थासमेतबाट पनि कि.नं. १८४५ र १८४६ का जग्गाहरू संगोलका जग्गा रहेको देखियो । सो जग्गा प्रतिवादीको निजी आर्जन वा अंश नलाग्ने प्रकृतीको भन्ने पनि देखिँदैन । उक्त जग्गा प्रतिवादीको बाजेको पालाको पुख्र्यौली स्रोतबाट आएको देखिँदा सो कित्ता जग्गा र घरसमेतबाट वादीले अंश पाउने प्रकृतिको देखियो। यस अवस्थामा सो कि.नं. १८४६ र १८४५ को घर जग्गा ५ भागको २ भाग पुनरावेदक वादी गणेशमाया महर्जनसमेतले अंश पाउने ठहर गर्नुपर्नेमा सोबमोजिम नभएको तत्कालीन पुनरावेदन अदालत

पाटनको मिति २०७२।८।२७ को फैसला सो हदसम्म केही उल्टी हुने।

इजलास अधिकृत - लिलाधर सुवेदी

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल आश्विन १६ गते रोज ३ शुभम्।

२

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७४-CI-०२९२, मिलापत्र बदर मिलापत्रबमोजिम मोही नामसारीसमेत, आसमहमद मियाँ धुनिया वि. अलि महम्मद मियाँ धुनियासमेत*

प्रतिवादीहरूले गलत बेहोरा उल्लेख गरी जग्गा बाँडफाँड गर्ने कार्य गरेकोले जालसाजी मुद्दा फैसला भएपछि उक्त फैसलाबाट जग्गा बाँडफाँडको कार्य निस्क्रिय भइसकेको सम्बन्धमा कुनै विवाद देखिँदैन। प्रतिवादी अलि महमद मियाँ धुनियाले जीवित रहेका वादीलाई मरिसकेको भन्ने झुठ्ठा बेहोरा उल्लेख गरी मोही हक कायम रहेका वादी ओतिजन खातुनको मोही हक मार्ने बदनियतले उक्त कार्य गरेको देखिएको हुँदा जालसाजी मुद्दाबाट उक्त कार्य बदर भएको र जालसाजीपूर्वक झुठ्ठा विवरण लेखाइ मिलापत्रसमेत गरेको देखिँदा सो मिलापत्रसमेत बदर हुने नै देखिने।

प्रस्तुत मुद्दामा वादीका पति मोही इसाहक मियाँको नजिकको व्यक्ति वादी ओतिजन खातुन नै रहेको देखिन्छ । वादीका पतिको मृत्युपछिको हक अधिकार र दायित्व पत्नीको हैसियतले वादीमा नै सर्दै आउने देखिन्छ । मोहीकी पत्नी अर्थात् वादीको मृत्युपछि मात्र प्रतिवादीमा उक्त मोही हक हस्तान्तरण हुने हो । तर प्रतिवादी अलि अहमद मिया धुनियाले जीवितै रहेकी आमालाई मरिसकेको भनी झुठ्ठा बेहोरा लेखाई मोही नामसारी गरेको कार्य कानूनी प्रक्रिया अवलम्बन गरी गरेको नदेखिएको अवस्थामा मोही नामसारी गरिलिएको कार्य कानूनत: मिल्ने होइन । यसर्थ, मोही इसाहक मियाँको मृत्युपछि मोही हक वादी ओतिजन खातुनमा नै हस्तान्तरण हुने र निज वादी जीवित रहुन्जेलसम्म उक्त हक निर्वाध रूपमा यी वादीको नै हुने हुँदा हक कायम गराइरहनु नपर्ने।

भूमिसुधार कार्यालय, पर्साबाट मिति २०७१।१०।२२ मा भएको फैसला उल्टी भई वादी दाबीबमोजिम मिति २०६६।०३।०७ को मिलापत्र बदर भई सोबमोजिम मोही नामसारी जनाई लगत कट्टा गरिएको पत्र बदर हुने र मोही हक कायम गराइपाउँ भन्ने हदसम्मको वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : विकेश गुरागाईँ

इति संवत् २०७८ साल फागुन ११ गते रोज ४ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना,** *०७०-CI-१०७१, हक निखनाइपाऊँ, राजेन्द्रप्रसाद दास वि. सरयुग दाससमेत*

मेरो कि.नं. ५२१ को जग्गामा सिमाना जोडिएको मात्र नभई उक्त जग्गामा आउन जानका लागि कि.नं ५२२ को जग्गाको प्रयोग गरि बाटोसम्म पुग्न सकिने तथा पोखरीको पानीबाट सिंचाई गर्दा कि.नं. ५२० भएर गर्नुपर्ने उक्त जग्गा मेरा काका नाताका सरयुग दासले बिक्री गर्नु भएको उक्त जग्गा मेरो सन्धि सर्पन परेकोले निखनाई लिन पाउनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, सरयुग दास तथा राजेन्द्रप्रसाद दास काका भतिजा नाताको रहेको तथ्यमा विवाद रहेन । सरयुग दास नाम दर्ता रहेको जिल्ला सप्तरी गा.वि.स. वोरिया वडा नं. ६ को कि.नं. ५२० को ०-०-१८, ऐ.ऐ. कि.नं. ५२२ को ०-१-२ जग्गाको दुवै कित्ताकोबिचमा वादी राजेन्द्रप्रसाद दासका नाउँमा दर्ता रहेको कि.नं. ५२१ को ०-०-१६ जग्गा रहेको देखिन्छ । उक्त विवादित जग्गाको सिमाना जोडिएको तथ्यमा भने विवाद नरहने।

अदालतबाट भई आएको नक्शा हेर्दा विवादित जग्गा घडेरीको भएको देखिँदैन । उक्त जग्गा खेतीपाती गर्ने खेतियोग्य जग्गा भन्ने देखिन्छ । खेतीयोग्य सबै जग्गामा सडक बाटो नपुग्नु स्वाभाविक देखिन्छ । एकातर्फ मात्र सिमाना जोडिएको कारणले सन्धि सर्पन पर्ने भन्न मिल्ने देखिँदैन । कि.नं. ५२१ मा पोखरीबाट पानी ल्याउनका लागि कि.नं. ५२१ भन्दा अन्य न.नं. ६,७ र न.नं.१० भन्दा परको न.नं.११ मा पोखरी पर्दछ । पोखरीबाट सिँचाइका लागि पानी ल्याउन कि.नं. ५२० नभई हुँदैन भन्न मिल्ने देखिएन । पोखरीबाट कुलो सिँचाई गर्ने व्यवस्था नभएकोले सिँचाईसम्बन्धी आधार पनि मनासिब नदेखिने ।

पुनरावेदक वादीको आफ्नो नामको जग्गा पनि पुर्ख्यौली हकबाट प्राप्त गरेको पनि देखिँदैन । निखनाइपाउँ भन्ने जग्गाको क्षेत्रफल भन्दा पुनरावेदक वादीको जग्गाको क्षेत्रफल धेरै न्यून देखिन्छ । वादीले पछाडी खरिद गरेको जग्गामा आवत जावत गर्न रोकेको पनि देखिँदैन । खेतिका लागि प्रयोग गरिएका सबै जग्गामा बाटो जोडिएको नहुन सक्छ । वादीले खरिद गरेको जग्गा बाटो रहित नै खरिद गरेको देखिन्छ । आफूले थोरै जग्गा खरिद गर्ने अनि दाँयाबाँया बिक्रि गर्न लागेका जग्गामा आफ्नो सन्धि सर्पन परेकोले निखनाइपाउँ भन्नु न्यायोचित मान्न सकिन्न । वादीले दाबी गरेका जग्गाहरू वादीलाई नभई नहुने सन्धि सर्पन परेको नदेखिएको अवस्थामा उक्त जग्गाहरू वादीले निखनाई लिन नपाउने गरी भएको पुनरावेदन अदालत राजबिराजबाट भएको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिँदा उक्त फैसला उल्टी गरी वादी दाबीबमोजिम निखनाई लिन पाउँ भन्ने पुनरावेदकतर्फका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

दाबीको उक्त कि.नं. ५२० र ५२२ को जग्गामध्ये कि.नं. ५२२को जग्गा निखनाई लिन पाउने र कि.नं. ५२० को जग्गा निखनाई लिन नपाउनेगरी भएको सुरू सप्तरी जिल्ला अदालतको फैसला केही उल्टी भई कि.नं. ५२२ को जग्गासमेत वादीले निखनाई लिन नपाउने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०।४।२३ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम् ।

## ४

**स.का.मु. प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-०१९९, निषेधाज्ञायुक्त परमादेश, शिवनारायण यादवसमेत वि. बसन्त सदा*

सप्तरी जिल्ला, बनैनिया गा.वि.स, वडा नं.७ को कि.नं.२ को ०-८-१५ र कि.नं.३ को ०-५-० कि.नं.२ र ३ का जग्गाहरू २००४ सालको नापीमा कि.नं.१५, १३७०, १३७१ मा नापी भई मिति २०२१।०१।११ को बन्डापत्रबाट अंश हक भई सोबमोजिम गिरिनाथ यादव र उमानाथ यादवले २०२१ सालमा ७ नं. फाँटवारीमा उल्लेख गरेको जग्गाहरू आफ्नो हकको भनी पुनरावेदक विपक्षीका बुबा/हजुरबुबा गिरीनाथ यादव र काका/काका हजुरबुबा उमानाथ यादवले मिति २०४१।१२।२६ मा मालपोत कार्यालय, सप्तरीमा निवेदन दिएको देखिन्छ । उक्त कार्यालयबाट निवेदकले माग गरेबमोजिमको जग्गाहरूको उतार मगाई हेर्दा, उल्लिखित कि.नं.२ र ३ का जग्गा पोखरी, पोखरी डिल भन्ने उल्लेख भएको देखिँदा मालपोत विभागको च.नं.१३३५ मिति २०४५।०२।१३ को परिपत्रानुसार पोखरी र पोखरी डिल दर्ता गर्न नमिल्ने हुँदा तामेलीमा राखी दिनुपर्ने भनी पेस भएको टिप्पणीलाई सदर गरेको मालपोत कार्यालय, सप्तरी राजविराजको निर्णयको प्रतिलिपिबाट देखिने ।

निवेदन दाबीको सोही कि.नं.२ र ३ का जग्गाहरू नेपाल सरकारको नाममा दर्ता नरहेको, उक्त जग्गाहरूको फिल्डबुकमा पनि केही नजनिई खाली रहेको, छुट दर्तामा परेको र नेपाल सरकार र विभागको निर्णय परिपत्रले कानूनी रूप धारण गर्न

नसक्ने अवस्था हुँदा मालपोत कार्यालय, सप्तरीबाट मिति २०४५।०५।२३ मा भएको निर्णयउपर गिरिनाथ यादवको बुहारी श्यामादेवी यादव र उमानाथ यादवका छोरा रामअवतार यादवले उच्च अदालत जनकपुर, राजविराज इजलासमा पुनरावेदन गरेको देखिन्छ । उक्त पुनरावेदनको रोहबाट (मुद्दा: छुट जग्गा दर्ता बदर गरिपाऊँ, ०७३-DP-००१०) मालपोत कार्यालय, सप्तरीको मिति २०४५।०५।२३ को निर्णय बदर गरी निवेदकहरूले मालपोत कार्यालय सप्तरीमा पेस गरेको निवेदनको मिसिल खोजी पत्ता लगाई थप प्रमाण बुझ्नुपर्ने देखिए जो जे बुझ्नुपर्छ, सोसमेत बुझी कानूनबमोजिम निर्णय गर्न भनी मालपोत कार्यालय, सप्तरीमा लेखी पठाइदिने ठहर्‍याई मिति २०७६।०१।११ मा फैसला भएको देखिन्छ । उक्त फैसलाबमोजिम उच्च अदालत जनकपुर, राजविराज इजलासबाट पक्षहरूलाई तारेख तोकी मालपोत कार्यालय, सप्तरी पठाएको देखिने ।

प्रस्तुत मुद्दामा उठान भएको कि.नं.२ र ३ का जग्गा दर्ताका सम्बन्धमा जे जो बुझी निर्णय गर्नका लागि पुनरावेदन अदालत जनकपुर, राजविराज इजलासबाट मिसिल मालपोत कार्यालय, सप्तरीमा पठाइएकोमा सो विषय मालपोत कार्यालय, सप्तरीमा विचाराधीन रहेको अवस्था छ । कि.नं.२ र ३ का जग्गाहरू निवेदकका नाममा दर्ता हुने वा नहुने भन्ने बारेमा मालपोत कार्यालय, सप्तरीबाट ठहरेबमोजिम नै हुने हुँदा निवेदकहरूले छुट जग्गा दर्ताका लागि गरेको निवेदनसमेतका प्रमाणहरूको विश्लेषण नगरी मिति २०२८।०९।१७ मा नापी हुँदा फिल्डबुकमा पोखरी र पोखरी डिल जनिएकै आधारमा उल्लिखित जग्गाहरू सरकारी हुने ठहर्‍याई निषेधाज्ञा परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।०३।२७ को आदेश मिलेको देखिएन । जग्गा दर्ता हुने नहुने सम्बन्धमा मालपोत कार्यालय, सप्तरीबाट निर्णय भई आएपछि बुझ्नुपर्ने अन्य प्रमाणहरू बुझी न्याय निरूपण गर्नु उचित हुने देखिँदा निर्णय गर्न प्रस्तुत मुद्दाको मिसिल तत्कालीन पुनरावेदन अदालत राजविराज हालको उच्च अदालत जनकपुर, राजविराज इजलासमा पठाइदिनुपर्ने ।

मालपोत कार्यालय, सप्तरीमा जग्गा दर्तासम्बन्धी कारबाही चलिरहेको र उल्लिखित कि.नं.२ र ३ का जग्गाहरू दर्ता सम्बन्धमा मालपोत कार्यालय, सप्तरीबाट भएको निर्णयबमोजिम नै हुने हुँदा प्रमाण मूल्याङ्कन बिना निषेधाज्ञा परमादेश आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।०३।२७ को आदेश बदर गरिदिएको छ । मालपोत कार्यालय, सप्तरीबाट निर्णय भई आएपछि बुझ्नुपर्ने अन्य प्रमाणहरू बुझी पुन: निर्णय गर्नका लागि प्रस्तुत मुद्दाको मिसिल तत्कालीन पुनरावेदन अदालत राजविराज हालको उच्च अदालत जनकपुर, राजविराज इजलासमा पठाइदिने ।

इजलास अधिकृत:- कृष्णशोभा सुवाल

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०७९ साल असार १० गते रोज ६ शुभम् ।

**५**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६- RC-०१५५, कर्तव्य ज्यान, नेपाल सरकार वि. सिरकुमार सुवेदी*

प्रतिवादी सिरकुमार सुवेदीले अनुसन्धानका क्रममा बयान गर्दा मृतक कमला विश्वकर्मासँग विगत दुई वर्ष अगाडिदेखि अनैतिक सम्बन्ध राख्दै आएकोमा मार्नुभन्दा केही दिन अगाडिदेखि निजले मलाई श्रीमती बनाएर लैजाउ होइन भने म गाउँघरमा हाम्रो सम्बन्धको बारेमा हल्ला गरिदिन्छु भनेकाले कामीको छोरी ल्याउनुपर्दा बेइज्जत होला भन्ने सम्झी मैले निजलाई मार्ने योजना बनाई घटना घटाएको दिन यौन सम्पर्क गर्न जङ्गलमा जाऔँ भनी सल्लाह मिलाई म घरबाट खुकुरी लिई गए । जंगलमा गएपछि पहिले यौन सम्पर्क कायम गरी सोही समयमा निजको घाँटी थिची बक्सिडले हानी मारी साथमा रहेको खुकुरीले

छातीमा प्रहार गरी कमला विश्वकर्मालाई मैले नै कर्तव्य गरी मारेको हो, भनी आरोपित कसुरमा साबिती रही बयान गरेको देखिन्छ । त्यसै गरी प्रतिवादीले अदालतसमक्ष बयान गर्दा घटनास्थलमा प्रयोग भएको खुकुरी मेरो घरबाट बरामद भएको ठिक हो र दशीका रूपमा दाखिला भएको खुकुरी र भेष्ट मेरो हो भनी अनुसन्धानको क्रममा व्यक्त भनाइलाई समर्थन गरी बयान लेखाएको पाइन्छ । मृतकको मृत्युको कारण छातीको वरिपरि गम्भीर चोट परी अत्यधिक रक्तश्राव (Excessive bleeding) ले भएको भन्ने पोस्टमार्टम रिपोर्टबाट देखिएको छ। साथै मिसिल संलग्न मृतकको फोटोहरूको अवलोकन गर्दासमेत मृतक कमला विश्वकर्माको मृत्यु कर्तव्यबाट भएको हो भन्ने कुरामा शङ्का गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादी सिरकुमार सुवेदी स्वयंले मौकामा अधिकारप्राप्त अधिकारिसमक्ष बयान गर्दा मृतक कमला विश्वकर्मासँग एक वर्षअघिदेखि शारीरिक सम्बन्ध स्थापित भई पुनश्च मिति २०५८।०१।१२ गते जंगलमा करणी गरिसकेपछि गोजीमा बोकेको कर्दले ४/५ चोटी पेटमा हानी मारेको हो, भनी आरोपित कसुरमा साबिती भई बयान गरेको देखिन्छ। निजको मौकाको साबितीलाई मृतकको लासजाँच प्रकृति मुचुल्का एवं पोस्टमार्टम रिपोर्टले सर्मथन गरी राखेको देखिन्छ । प्रतिवादीले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि सो इन्कारी बयानलाई लासजाँच प्रकृति मुचुल्काको विवरण र मौकामा बुझिएका व्यक्तिहरू गणेशप्रसाद अधिकारीसमेतको कागजबाट खण्डित भइरहेको देखियो । त्यसै गरी प्रतिवादीका साक्षी सुरेशकुमार तामाङसँग प्रहरी हिरासतमा बस्दा मृतक कमला विश्वकर्मासँग यौन सम्पर्क भएको र मृतकले मलाई श्रीमती बनाउ नभए हल्ला गरिदिन्छु भनेकोले मैले निजलाई करणी गरी मारेको कुरा यी प्रतिवादीले स्वीकारेको तथ्य सुरेशकुमार तामाङले मिति २०५८।०७।१९ मा अनुसन्धान अधिकृतसमक्ष गरिदिएको बयानमा खुलाएको देखिनालेसमेत यी प्रतिवादीको प्रस्तुत वारदातमा संलग्नता रहेको पुष्टि हुन आउँछ । अतः यी प्रतिवादी सिरकुमार सुवेदीले धार भएको जोखिमी हतियारले पटक-पटक छातीमा रोपी मृतक कमला विश्वकर्माको ज्यान लिनेसम्म कसुर साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) भित्रको कसुर अपराध गरेको प्रमाणित हुन आयो । तसर्थ, सुरु उदयपुर जिल्ला अदालतले अभियोग माग दाबीबमोजिम प्रतिवादी सिरकुमार सुवेदीलाई सफाइ दिने ठहऱ्याएको मिति २०५९।१०।०९ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी यी प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी भएको मिति २०६०।०६।०१ को तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा अन्यथा केही गरिरहनु परेन, सदर हुने।

प्रतिवादी सिरकुमार सुवेदीलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी फैसला भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०६०।०६।०१ को मुलुकी अपराध संहिता, २०७४ को दफा १४५(२) बमोजिम पेस भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहरी हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम यी प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई
कम्प्युटर : अभिषेककुमार राय
इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RC-०१४६, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनबहादुर सार्की*

प्रतिवादी धनबहादुर सार्की स्वयम्ले मृतक

उमाकुमारी सार्कीलाई रक्सी पिएको अवस्थामा झगडा भई कुटपिट गर्दा ज्यान मर्न गएको भनी अदालतमासमेत आफ्नो कसुर स्वीकार गरी बयान गरेका छन् । निज प्रतिवादीको साबिक बयान, शवपरीक्षण प्रतिवेदन तथा वस्तुस्थिति मुचुल्कामा कागज गर्ने मानिस एवं जाहेरवाली चिनमाया नेपालीको बकपत्रसमेतबाट समर्थित् भएको अवस्था छ । यसबाट प्रतिवादी धनबहादुर सार्कीले मृतक उमाकुमारीलाई काठको दाउराले यौनाङ्गलगायत टाउको जस्तो सम्वेदनशील ठाउँमा प्रहार गरी मारेको भन्ने तथ्य पुष्टि हुन आयो । तसर्थ यी प्रतिवादी धनबहादुर सार्कीलाई अभियोग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुन ठहर्‍याएको सुरू नवलपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पोखराको मिति २०७६।५।२९ को फैसला मिलेको देखिँदा अन्यथा गरिरहनु पर्ने अवस्था रहेन । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा "कुनै कसुरको सजाय साबिक ऐनमा, मुलुकी अपराध सहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था भएको र मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको सजायको कानूनी व्यवस्था नभएको र ऐ. ऐ. ऐनको दफा १७७(२) मा त्यसमा नै कसुर गर्ने, गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहे भएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी धनबहादुर सार्कीलाई अभियोग मागदाबी अनुसार साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय नहुने भई निजलाई जन्मकैदको मात्र सजाय हुने ।

घटित वारदातको प्रकृति तथा स्वरुप हेर्दा यी प्रतिवादी धनबहादुर सार्कीले मृतक उमाकुमारी सार्कीलाई पूर्वयोजना बनाई योजनाबमोजिम हत्या गरेको देखिँदैन । मृतकसँग रक्सी सेवन गरी झगडा भएको विषयको कारणबाट उत्पन भएको वादविवादको कारण रिसको आवेगमा आई वारदात भएको देखिन्छ । वारदातमा जोखिमी हतियारको प्रयोग नभई घटनास्थलमा उपलब्ध काठको दाउराले यौनाङ्ग तथा टाउको तथा निधारमा लागेको गहिरो चोटबाट मृतक घाइते भई घटनास्थलमा नै मृत्यु भएको भन्ने मृतकको लास जाँच प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदनबाट देखिन आएको छ । मृतकलाई ज्यान मार्ने पूर्व तयारी, योजना नभै प्रतिवादी र मृतकबिच रक्सी सेवन गरी आपसी विवाद हुन गई तत्काल उठेको रिसको झोकमा आवेशमा आई खाना बनाउन ल्याएको काठको दाउराले हानी आफ्नै श्रीमतीको घटनास्थलमा नै मृत्यु हुन गएको भन्ने तथ्य मिसिल संलग्न कागज प्रमाणहरूबाट स्थापित भएको अवस्था छ । साथै यी प्रतिवादीले आरोपित कसुरमा साबिक भई न्यायीक प्रक्रियालाई सहयोग पुर्‍याएको नै देखिन्छ । यसरी पूर्वयोजना बनाई मृतक श्रीमतीलाई मारेको नदेखिएको मृतक र प्रतिवादीबिच रक्सी सेवन गरी आपसी विवादको क्रममा झगडा हुँदा घटना, घट्न पुगेको अवस्था देखिएको, धारिलो एवं जोखिमी हतियारको प्रयोग नभएको र प्रतिवादीले मृतकलाई मार्नेसम्मको पूर्वयोजना नरहेको, निजको कुनै अपराधिक पृष्ठभूमि नरेहको र प्रतिवादीको पारिवारिक अवस्थालाईसमेत दृष्टिगत गर्दा प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले अ.व. १८८ नं. बमोजिम प्रतिवादी धनबहादुर सार्कीलाई १२ वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत पोखराले मिति २०७६।५।२९ मा व्यक्त गरेको राय मनासिब देखिँदा उक्त राय सदर भई प्रतिवादीलाई १२ वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत :– डिल्लीराम प्रसाई

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-०१२४, बन्दीप्रत्यक्षीकरण, नवल किशोर साह वि. चितवन जिल्ला अदालतसमेत*

बालबालिकासँग सम्बन्धित मुद्दा, बाल इजलाससमक्ष मात्र र उमेर पुगेका सहअभियुक्तको मुद्दा नियमित इजलासबाट छुट्टाछुट्टै दायर गरी सुनुवाइ+ गर्नुपर्नेमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० कानूनको प्रक्रिया (Due process of law) पुरा नगरी सामान्य इजलासले अधिकार क्षेत्र ग्रहण गरी बालबिज्चाईकर्ता परिवर्तित नाम राक्सिराङ (१) ०७८/०७९ लाईकसुरदार ठहर गर्दै १ वर्ष ६ महिना कैद र रु. १५,०००।- जरिवानासमेत सजाय भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुना मुक्त गरिपाउँ भनी रिट निवेदन पर्न आएको सन्दर्भमा हेर्दा, नेपालको संविधानको धारा ३९ (८) माप्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने छ भन्ने संवैधानिक व्यवस्थारहेको देखिन्छ । तदनुरुप बाल अदालतको स्थापना गर्ने संवैधानिक अवधारणाअन्तर्गत बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० मा बाल अदालतको गठनसम्बन्धी व्यवस्था गरेको देखिन्छ । जसमा बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरू कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक सङ्ख्यामा बाल अदालत गठन गर्न सक्ने छ भन्ने स्पष्ट कानुनी व्यवस्था रहेको पाइन्छ । जसअनुसार ऐ ऐनको उपदफा(३) मा, उपदफा (१) बमोजिम बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसुरजन्य कार्यको कारबाही सुनुवाइ र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने छ भनी बाल इजलासमा देहायका सदस्यहरू रहने व्यवस्था गरेको देखिन्छ ।

(क) जिल्ला न्यायाधीश
(ख) समाजसेवी
(ग) बालमनोविज्ञ वा बाल विशेषज्ञ ।

यसरी बालबालिकासँग सम्बन्धित मुद्दा हेर्ने गरी छुट्टै इजलास गठन गर्नेगरी भएको कानूनी व्यवस्थालाई नजरअन्दाज गरी सोको विपरीत भएको काम कारबाहीले मान्यता पाउनसक्ने देखिन आएन । मुद्दाको कारबाही र किनारा गर्दा ऐनको भावनाप्रतिकूल हुने गरी गर्न मिल्दैन । यसबाट जुन लक्ष्यका लागि कानून निर्माण गरिएको हुन्छ सो लक्ष्य प्राप्त हुन नसक्ने ।

निज बालक परिवर्तित नाम राक्सिराङ (१) ०७८/०७९को हकमा निजलाई कैदमा राख्ने गरी भएको चितवन जिल्ला अदालतको पुर्जी, पत्राचारलगायतका सम्पूर्ण कार्य बदर गरिदिएको छ, निवेदकलाई अविलम्ब सो बालसुधार गृहबाट मुक्त गरिदिनु भनी चितवनजिल्ला अदालतका नाममा बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत :– नवराज दुलाल
कम्प्युटर :– विकेश गुरागाई
इति संवत् २०७८ साल फागुन ५ गते रोज ५ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१०९६, निषेधाज्ञा, प्रदिपकुमार रौनियारसमेत वि. रामकुमार साहसमेत*

निवेदकले दाबी गरेको सिराहा जिल्ला, सुखिपुर गा.वि.स., वडा नं.८(क) ब्लक नं.४ साबिक कि.नं.१० को ०-१-०, ऐ.ऐ. को साबिक कि.नं.४५८ को ०-१-१५, ऐ.ऐ. कि.नं.४६२ को ०-२-८ र कि.नं.५४५ को कि.नं.०-१-१५ का जग्गाहरू मालपोत कार्यालय, सिराहामा मिति २०५५।०७।१० मा निवेदकहरूका बुबा छेदी साहको नाममा लगत कायम भएको मिसिल संलग्न मालपोत कार्यालय, सिराहाको टिप्पणी आदेशको प्रतिलिपिबाट देखिन्छ । सोहीबमोजिम दाबीको कठयारी दोकानको ०-१-० को

जग्गा निवेदकहरूका हजुरबुबा सतौना भन्ने सतावन साहको नाममा रही निजले नै तिरो तिर्दै आएको भन्ने तिरो तिरेको भरपाइको रसिदबाट देखिन्छ । यस प्रकार निवेदकहरूले दाबी गरेका जग्गाहरू निवेदकहरूका बुबा तथा हजूरबुबाका नाममा कायम भई निजहरूको हकभोगको जग्गा रहेको अवस्थामा निवेदकहरूकोसमेत उक्त जग्गाहरूमा हक रहेको भन्ने देखिने ।

पुनरावेदकहरूले पुनरावेदनमा कि.नं.५ र ६ का जग्गाहरू आफ्नो बुबा स्व. पंचकोडी साहु रौनियारको नाउँमा दर्ता रहेको हुँदा निवेदकहरूको निवेदन खारेज हुनुपर्ने भन्ने जिकिर लिएकोमा सो पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, निवेदकहरूले निवेदन गरेको विषयवस्तु पुनरावेदकले पुनरावेदन गरेको कि.नं.५ र ६ नभई साबिकका कि.नं.१०समेतका जग्गाहरू रहेको देखिन्छ । पुनरावेदकले पुनरावेदनमा उठान गरेको कि.नं.५ र ६का जग्गाहरूको रोहमा दायर भएको ०७१-WO-०२५७को प्रदीप साह रौनियार वि.रामसागर साहसमेत भएको निषेधाज्ञामा निवेदकहरूको दाबी पुग्न नसकी निवेदन खारेज हुने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१२।१५ मा फैसला भइसकेकोमा सो फैसलाउपर पुनरावेदन परेको देखिँदैन । पुनरावेदकहरूले पुनरावेदनमा दाबी गरेका कि.नं.५ र ६ का जग्गाहरूका सम्बन्धमा निवेदन खारेज भइसकेको र सोही जग्गाहरूका सम्बन्धमा निवेदन दाबी नरहेको प्रस्तुत मुद्दामा पुनरावेदन गरेको अवस्थामा निवेदन दाबी नै नरहेको विषयमा पुनरावेदनको रोहमा सो विषयमा विश्लेषण गरिरहनुपर्ने नदेखिने ।

निवेदनमा उल्लिखित जग्गामा निवेदकहरूको निर्विवाद हक भोग रहेको देखिँदा निवेदन दाबीको घर जग्गामा जबरजस्ती प्रवेश नगर्नू, घर नभत्काउनू भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।०९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- कृष्णशोभा सुवाल

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०७९ साल असार १० गते रोज ६ शुभम् ।

## ९

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-०६५६, निषेधाज्ञा, अर्जुनप्रसाद चौधरी वि. विल्टी देवी चौधरी*

निवेदकले दाबी गरेको सप्तरी जिल्ला, मधुपट्टी गा.वि.स., वडा नं.२(क) को कि.नं.१६८ को ०-८-३ जग्गाको जग्गाधनी राजन प्रसाद खरेल रहेको देखिन्छ भने निवेदक तनूकलाल चौधरीले मोही हक प्राप्त गरेको देखिन्छ । सोही जग्गाउपरको मि.नं.३४३४/०५०/५१ मा भूमि सुधार कार्यालय, सप्तरीको मिति २०५०।०७।१९ को निर्णय पुनरावेदन अदालत राजविराजको मिति २०५४।११।०५ को सदर निर्णयबमोजिम उक्त जग्गाको मोहियानी हकको प्रमाणपत्र निवेदक तनूकलाल चौधरीले मिति २०६०।०८।०९ मा प्राप्त गरेको देखिने ।

विपक्षी अर्जुन प्रसाद चौधरीले मोही महल खाली रहेको उल्लिखित कि.नं.१६८ को जग्गा मिति २०७२।११।०६ मा र.नं.२९५२ को राजीनामामा पारितको लिखत गरी खरिद गरी लिएको भन्ने जिकिर गरे तापनि निवेदकले २०६० सालमा नै मोहियानी हकको प्रमाणपत्र प्राप्त गरेको देखिएको, निवेदकले मोहीको हैसियतले कूतबापत बुझाउनुपर्ने रकम निरन्तर रूपमा बुझाउँदै आएको र सोही कूतबापतको धरौटी रकम फिर्ता पाउनका लागि निवेदन गरी जग्गाधनीले धरौटी रकमसमेत फिर्ता लिइसकेकोसमेतबाट निवेदकको विवादित जग्गामा मोही हक रहेको मान्नुपर्ने हुँदा विपक्षीका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको फैसला मिलेकै देखिने ।

निवेदन दाबीको जग्गामा भोग चलन गर्ने

निवेदकलाई कुनै किसिमको बाधा अवरोध नगर्नु नगराउनु भनी विपक्षीका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।०१।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- कृष्णशोभा सुवाल

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०७९ साल असार १० गते रोज ६ शुभम्।

**१०**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-RC-००९२, कर्तव्य ज्यान, नेपाल सरकार वि. सन्तोष खड्का*

प्रतिवादी सन्तोष खड्का स्वयमले मृतकलाई आफूसँग दुई महिनाअघि देखि सँगै बस्दै आएकी मानसिक सन्तुलन ठिक नभएकी महिलालाई मृतक अपरिचित व्यक्तिले वारदातस्थलमा यौन सर्म्पक गरिरहेको अवस्थामा देखी सहन नसकी नजिकै रहेको मसला पिस्ने ढुंगा टिपी मृतकको टाउकोमा हानी मारी पुरानो कपडाले छोपी फरार भएको हुँ भनी अदालतमासमेत आफ्नो कसुर स्वीकार गरी वारदात घटना आफैँले घटाएको हो भनी साबिक भई बयान गरेको देखियो । प्रतिवादीको साबिक बयान, शव परीक्षण प्रतिवेदन, वस्तुस्थितिमा मुचुल्कामा कागज गर्ने मानिस एवम् जाहेरवाला प्रतिवेदक प्रहरी सहायक निरीक्षकको बकपत्रसमेतबाट वारदात समर्थित भएको अवस्था देखियो । यसबाट यी प्रतिवादीले मृतकलाई वारदातस्थलमा नै मसला पिस्ने ढुङ्गाले टाउकोलगायत शरीरका यत्रतत्र भागमा प्रहार गरी घटना घटाई मारेको भन्ने तथ्य पुष्टि हुन आयो । यसर्थ यी प्रतिवादी सन्तोष खड्कालाई अभियोग दाबीबमोजिम साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) को कसुर अपराधमा सोही महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७४।६।२४ को फैसला मिलेकै देखिँदा अन्यथा गरी रहनुपर्ने अवस्था रहेन सदर हुने।

घटित वारदातको प्रकृति तथा स्वरुप हेर्दा नाम नखुलेका यी मृतकलाई पूर्वयोजना बनाई योजनाबमोजिम कर्तव्य गरी मारेको भन्ने देखिँदैन । मृतकले आफूसँग २।३ महिना अघिदेखि सँगै बसेकी मानसिक सन्तुलन ठिक नभएकी महिलालाई आफ्नो कोठामा यौन सर्म्पक गरिरहेको अवस्थामा देखी रिस थाम्न नसकी आवेगमा आई घटनास्थलमा नजिकै रहेको मसला पिस्ने ढुंगाले टाउको तथा निधारमा प्रहार गरी घटना घटाएको देखिन्छ। जोखिमी हतियार प्रयोग नभई घटनास्थलमा उपलब्ध मसला पिस्ने ढुंगाले टाउको तथा निधारमा लागेको गम्भीर चोटका कारण मृतकको घटनास्थलमा नै मृत्यु भएको भन्ने मृतकले लास जाँच प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदनबाट देखिन आएको छ। मृतकलाई ज्यान मार्ने पूर्वतयारी, योजना नभई, आफ्नो महिला साथीलाई आफ्नै कोठामा यौन सर्म्पक गरिरहेको देखी रिस थाम्न नसकी तत्काल आवेगमा आई घटनास्थलनजिकै रहेको ढुंगाले हानी घटनास्थलमा नै मृत्यु हुन गएको भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भएको अवस्था देखिन्छ । साथै यी प्रतिवादीले आरोपित कसुरमा साबिक रही न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको नै देखिन्छ। यसरी पूर्वयोजना बनाई मृतकलाई मारेको नदेखिएको, मृतक र प्रतिवादीबिच आफ्नो महिला साथीलाई आफ्नो कोठामा यौन क्रियाकलाप गरिरहेको अवस्थामा देखी रिसको आवेशमा आई ढुंगा प्रहार गर्दा घटना घट्न पुगेको अवस्था देखिएको, धारिलो एवम् जोखिमी हतियार प्रयोग नभएको र प्रतिवादीले मृतकलाई मार्नसम्मको पूर्वयोजना नरहेको। निजको यसअघि कुनै आपराधिक पृष्ठभूमी रहे भएको नदेखिएको अवस्थासमेतलाई दृष्टिगत गर्दा यी प्रतिवादीलाई कानूनबमोजिम सजाय

गर्दा चर्को पर्ने जाने देखिएकोले तत्काल प्रचलित मुलुकी ऐन, अ.व. १८८ बमोजिम प्रतिवादी सन्तोष खड्कालाई १० (दश वर्ष) कैद सजाय गर्दा न्यायको मर्म पूरा हुने हुँदा यी प्रतिवादीलाई १० वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत :– डिल्लीराम प्रसाई

कम्प्युटर :– विकेश गुरागाई

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

## ११

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RC-००१८, कर्तव्य ज्यान, नेपाल सरकार वि. गोरीमाया राना*

लास जाँच मुचुल्काबाट मृतकको टाउकोपछाडिको भाग, दाहिने पाखुरा पछाडि दाहिने पातोमा, बायाँ हातको नाडी र सो नाडी देखि केही माथि र बाँया कानको लोतीमा धारिलो हतियारले काटेको जस्तो देखिने घाउ देखिएको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्युको कारण सम्बन्धमा Cause of Death: sharp force Injuries भनी चिकित्सकको राय मिसिल संलग्न रहेको देखिन आउँछ । यी प्रतिवादीले मृतक ८३ वर्षका वृद्ध जेठाजुलाई खुर्पाले पटक-पटक प्रहार गरेको र प्रतिवादीको सोही कर्तव्यबाट मृतकको मृत्यु भएको तथ्य प्रतिवादी गोरीमायाको अनुसन्धान एवं अदालतसमक्षको साबिक बयान, जाहेरवाला एवं बुझिएका व्यक्तिहरूको बकपत्र, लास जाँच मुचुल्का, साथै शव परीक्षण प्रतिवेदनसमेतबाट घटना पुष्टि भएको देखिएकोले मृतक बलबहादुर रानालाई यिनै प्रतिवादी गोरीमाया रानाले कर्तव्य गरी मारेको देखिने।

प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क को व्यवस्थामा पुनरावेदन सुन्ने अदालतबाट, सुरू अदालतबाट घटी सजाय प्रस्ताव गरी राय प्रस्तुत गर्न सक्ने सम्बन्धमा राय प्रस्तुत गर्न कानूनले निषेध नगरेको र न्याय प्रशासन ऐन, २०७३ को दफा १४(१) (ख) को पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकारको व्यवस्था र मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १४४(३) को व्यवस्थाबाट "पुनरावेदन सुन्ने अदालतले तल्लो अदालतलाई भएको अधिकार आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछ" भन्ने अवस्था विद्यमान रहेको देखिएकोले सुरू तथा पुनरावेदन सुन्ने अदालतबाट घटी सजाय प्रस्ताव गरी प्रस्तुत नभए पनि त्यस्तो घटी सजाय गर्न आवश्यक एवं उपयुक्त भएमा पुनरावेदन सुन्ने अदालतबाट घटी सजाय प्रस्ताव गरी राय प्रस्तुत गर्न सक्ने नै देखिने।

यी प्रतिवादी गोरीमाया राना र मृतक बलबहादुर राना जेठाजु बुहारी नाताको देखिएको, मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको नदेखिएको, मृतकलाई मार्नको लागि पूर्वयोजना बनाई मारेको भन्ने मिसिल संलग्न तथ्य प्रमाणहरूबाट नदेखिएको, प्रतिवादीले अदालतमा बयान गर्दासमेत मृतकलाई मादक पदार्थ सेवन गरेको अवस्थामा मृतकले गाली गरेकोले खुर्पाले प्रहार गरेको भनी स्वीकार गरी न्यायिक प्रक्रियालाई सहयोग गरेको देखिन्छ। साथै प्रतिवादीको उमेर र मादक पदार्थ सेवन गरी मृतकलाई प्रहार गर्नुपर्ने कारण र परिस्थितिलाई दृष्टिगत गर्दा यी प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा न्यायको रोहमा चर्को पर्न जाने देखिएकोले माथि वर्णित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१) एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क(१) बमोजिम प्रतिवादी गोरीमाया रानालाई १५ वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत पोखराले मिति २०७७।८।१५ मा व्यक्त गरेको राय मनासिब देखिँदा

सदर भई यी प्रतिवादीलाई १५(पन्ध्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

**१२**

**स.का.मु.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-RC-००३२, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. बेदबहादुर बस्नेतसमेत*

मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारण "Blunt force injury to the neck" भन्ने देखिन्छ भने पोस्टमार्टम गर्ने विशेषज्ञ डा. मनि महर्जनले अदालतमा बकपत्र गर्दा मृतक कर्मा ओङ्छु शेर्पाको घाँटीमा भएको "Blunt force injury" सामान्य कुटपिटको कारणबाट हुँदैन । यस किसिमको घाउचोट हुनलाई घाँटीमा पर्याप्त किसिमको बलप्रयोग भएको हुनुपर्दछ भनी लेखाइदिएबाटसमेत यी प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाकै कुटपिटको कारण मृतक कर्मा ओङ्छु शेर्पाको मृत्यु भएको कुरामा विवाद देखिएन । यसरी किटानी जाहेरी बेहोरा घटना विवरण कागज गर्ने मानिसहरू तथा वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले लेखाइदिएको बेहोरा तथा निजहरूले आफ्नो बेहोरालाई समर्थन हुनेगरी अदालतमा गरेको बकपत्र, प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाको अख्तियार प्राप्त अधिकारिसमक्ष तथा अदालतसमक्ष गरेको बयान, प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाका साक्षीहरूले गरेको बकपत्र र मृतक कर्मा ओङ्छु शेर्पाको शव परीक्षण प्रतिवेदन तथा सो पोष्टमार्टम गर्ने विशेषज्ञले गरेको बकपत्रसमेतका आधारमा मिसिल संलग्न उपयुक्त आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाकै चोटका कारण मृतक कर्मा ओङ्छु शेर्पाको मृत्यु भएको देखिने।

मृतक कर्मा ओङ्छु शेर्पालाई यी प्रतिवादीहरूले कर्तव्य गरी मारेको कुरा प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाको अनुसन्धानका क्रममा भएको साबिक बयान, शव परीक्षण प्रतिवेदन, किटानी जाहेरी बेहोरा, घटना विववरणको कागज गर्ने मानिस तथा वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले लेखाइदिएको बेहोरा, लास जाँच मुचुल्का साथै सुरू मिसिल संलग्न संकलित प्रमाणहरूबाट पुष्टि भएको देखिरहेको हुँदा प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू सोलुखुम्बु जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७६।६।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाले अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्ष बयान गर्दा कसुरमा साबिती रही बयान गरेको। वारदात हुँदाको परिस्थिति, प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पाको आर्थिक अवस्था एवम् उमेरसमेतलाई विचार गर्दा यी प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पालाई कानूनबमोजिम जन्मकैद गर्दा न्यायको रोहमा चर्को पर्न जाने देखिएकाले माथि वर्णित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१) एवम् फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन)ऐन, २०७४ को दफा १७क(१) बमोजिम प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पालाई १५(पन्ध्र) वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाले मिति २०७६।६।५ मा व्यक्त गरेको राय मनासिब देखिँदा सदर भई यी प्रतिवादीहरू बेदबहादुर बस्नेत र ङिमा शेर्पालाई १५(पन्ध्र) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत:- डिल्लीराम प्रसाई

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

## इजलास नं. १

१३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CR-०९४८ (र.नं. ०१-०७३-०६११२), कैदी भागे भगाएको, राजेश्वर साह वि. नेपाल सरकार*

कैदी भाग्नु र निज प्रतिवादीलाई नियन्त्रणमा लिई अनुसन्धान गर्नुकाबिचमा समयको अन्तर रहेको देखिन्छ उक्त समयको अन्तरमा निजले नगद वा धनमाल नै लिएको भए पनि त्यसलाई लुकाउने छिपाउने प्रसस्त समय भएकोले सो बरामद नै हुनुपर्छ भन्ने अनिवार्यता मानिदैन । अर्कातर्फ घुस भन्नाले केवल नगद वा धनमाल मात्र नभई जुनसुकै किसिमको लाभ वा सेवासुविधालाईसमेत बुझ्नुपर्ने हुन्छ । कुनै पनि कैदीलाई हतकडी लगाउनु भनेको निज कैदी भाग्न वा निजले थप अरु कुनै आपराधिक कार्य गर्न नपाउन् भन्ने नै हो । आफूले जिम्मा लिईसकेपश्चात् कैदीलाई बिना हतकडी लिएर हिड्नु, कैदीको सुविधा अनुसार घरमा लगि पारिवारिक सदस्यलाई भेटघाट गर्न दिनु, सोही क्रममा कैदी भाग्नु आफैँमा प्रहरी कर्मचारीको कर्तव्य, पेशागत जिम्मेवारी र आचरणभित्रको कार्य नभई अपराधिक कार्य देखिने।

पुनरावेदक प्रतिवादी राजेश्वर साहसमेतले कैद भुक्तान गरिरहेका कैदी प्रेमनाथ न्यौपानेलाई हतकडी नलगाई कैदीको निजी वा शारीरिक स्वार्थका लागि आफू प्रयोग भएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको र निजहरू कसुरदार होइनन् भन्ने कुरा ठोस प्रमाणबाट पुष्टि नभइरहेको देखिँदा सबुत प्रमाणको अभावमा प्रतिवादीहरू निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिँदा कारागार ऐन, २०१९ को दफा २४(१)(क) को कसुरमा सोही ऐनको दफा २४(१)(क)(३) बमोजिम यी प्रतिवादी राजेश्वर साहलाई ३ वर्ष कैद सजाय हुने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर कायम गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा मान्न सकिएन । अभियोग दाबीबाट पूर्ण सफाइपाउँ भन्ने प्रतिवादी राजेश्वर साहको पुनरावेदन जिकिरका साथै निजतर्फबाट उपस्थित कानून व्यवसायीहरूको बहस जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई पाउने निस्सा प्रदान गर्दा लिइएका आधार कारणहरूसँगसमेत सहमत हुन नसकिने।

कारागार ऐन, २०१९ को दफा २४(१)(क) को कसुरमा सोही ऐनको दफा २४(१)(क)(३) बमोजिम यी प्रतिवादी राजेश्वर साहलाई ३ वर्ष कैद सजाय हुने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर कायम गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल पुस २३ गते रोज ६ शुभम्।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१८३९, निषेधाज्ञायुक्त परमादेश, डा. भाइकाजी तिवारी वि. गंगा लोहलासमेत*

विवादमा रहेको प्रस्तावित बाँसबारी धापासीको ८ मिटरको बैकल्पिक मार्ग हामीलाई जानकारीसमेत नदिई हाम्रो घर जग्गामासमेत पर्ने गरी नक्साङ्कन भएकोमा हामीलाई मर्का पर्ने हुँदा साबिक नक्सा तथा GLDP बमोजिम विस्तार गर्न बाटोको रेखाङ्कन संशोधन गरिपाउँ भनी स्थानीय व्यक्तिहरूले गा.वि.स कार्यालय धापासीमा मिति २०७१।२।२० मा निवेदन दिएको र उक्त गा.वि.स कार्यालय धापासीले स्थानीय जनताको मागबमोजिम आवश्यक सहयोगको लागि सिफारिससहित विपक्षी काठमाडौं उपत्यका नगर विकास प्राधिकरणमा च.नं. ३८९४ मिति २०७१।२।२० मा पत्राचारसमेत गरेको भन्ने देखिन्छ।

यी पुनरावेदक विपक्षीहरूले उक्त सिफारिसबमोजिम कुनै काम भएको वा गरिएको भनी लिखित जवाफमा र प्रस्तुत पुनरावेदन पत्रमासमेत जिकिर लिन सकेको नपाइने।

प्रस्तुत मुद्दामा विवादित पहिले प्रस्तावित भएको बाँसबारी धापासी बैकल्पिक मार्ग G.L.D.P को बाटो कहाँबाट गएको थियो र हाल रेखाङ्कन गरिएको बाटो उक्त प्रस्तावित बाटोको नक्सा अनुरुप नै छ, छैन ? पहिले नक्साङ्कन भएको स्थानभन्दा बढी जग्गामा चिह्न लगाएको सही हो, होइन ? भन्ने जस्ता विषयमा यकिन गरेर मात्र बाटोको रेखाङ्कन तथा विस्तार गर्नका लागि सो अनुरुपको काम कारबाही गर्नु गराउनु भनी पुनरावेदन अदालत पाटनबाट भएको परमादेशको आदेश नागरिक अधिकारको संरक्षणको दृष्टिकोणबाट अन्यथा मान्न नमिल्ने।

तसर्थ विवादित बाँसबारी धापासी बैकल्पिक मार्गको रेखाङ्कन प्राविधिकबाट नापजाँच गराउने र सोबाट पनि निवेदकहरूले चित्त नबुझाएमा नापी कार्यालयबाट नापजाँच गराई विवादित विषयमा निर्णय गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।२७ मा भएको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव) : कुबेर पाण्डे
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल पुस १६ गते रोज ६ शुभम्।

**१५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१४७५, जबरजस्ती करणी, नेपाल सरकार वि. सद्दाम भन्ने सदाम पठान*

पीडितको आमा जाहेरवालाले प्रतिवादी सद्दाम पठानउपर किटानी जाहेरी दिएको देखिन्छ। प्रतिवादीले अदालतमा आरोपित कसुरमा इन्कारी बयान गरेको भए तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दा खेतमा गोबर जम्मा गरिरहेको अवस्थामा पीडितलाई एक्लै देखी करणी गर्न मन लागेकोले पछाडिबाट समाइ जमिनमा लडाई बोल्न कराउन नदिई पीडितले लगाएको मेडि तथा कट्टुखोली निजमाथि चढी निजको संवेदनशील अंगमा समाती आफूले लगाएको पाइन्ट तथा कट्टु खोली जबरजस्ती करणी गरेको हो । निज पीडित रून कराउन थालेपछि पीडितलाई छाडी भागेको भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । प्रतिवादीको मौकामा भएको बयानको बेहोरा निज प्रतिवादीउपर परेको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का बेहोरा र पीडित बालिकाको बकपत्र बेहोरासँग मुख मिलेको देखियो । यसरी अनुसन्धानको क्रममा सङ्कलन भएका आधार प्रमाणहरू, अपराध हुँदाको परिस्थिति र पक्षहरूको भनाइसमेतबाट प्रतिवादीबाट पीडितउपर जबरजस्ती करणीको कसुर भएको थिएन भन्न सक्ने अवस्था नरहने।

प्रतिवादीले खेतमा एक्लै गोबर जम्मा गरिरहेका नाबालिग पीडितलाई डरधम्की देखाई जबरजस्ती करणी गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिन्छ। प्रतिवादीले पीडित बालिकामाथि जबरजस्ती जस्तो गम्भीर प्रकृतिको कसुर गरेको पुष्टि भएकोमा फौजदारी कानूनको मक्सदबमोजिम कठोर व्याख्या हुनुपर्नेमा सो नगरी प्रतिवादीलाई कम सजाय गर्नेतर्फ उदार व्याख्या गर्न सकिदैन। पीडितले मौकामा गरेको कागज र अदालतको बकपत्रमा आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्नेसमेतको बेहोरा उल्लेख गरेको तथा सो भनाईलाई निजको स्वास्थ्य परीक्षण प्रतिवेदनले समर्थन गरिरहेको र प्रतिवादी स्वयंको मौकाको बयानमा पीडितउपर करणी गरेको भनी स्वीकार गरी जबरजस्ती करणीको कसुर समर्थित भएको देखिँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको देखिने।

अदालतमा पेस भई मिसिल संलग्न रहेको

पीडित परिवर्तित नाम ५१"झ" को जन्मदर्ताको प्रमाणपत्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको र सो वारदात हुनुभन्दा अगाडि नै जारी भएको देखिँदा प्रमाणमा ग्रहण गर्न नमिल्ने देखिएन । यसरी पीडितको उमेरका सम्बन्धमा माथि विवेचित कानूनी व्यवस्थाबमोजिम निर्धारित कागजातबाहेक अन्य कागजातहरूमा उल्लेख भएको उमेरले प्रमाणको रूपमा मान्यता पाउन सक्ने देखिँदैन । फौजदारी कानूनमा स्पष्टसँग व्यवस्था भएको विषयलाई आफूखुस रूपमा व्याख्या गर्न सकिने पनि हुँदैन । यसबाट पीडित परिवर्तित नाम ५१"झ" को उमेरका सम्बन्धमा अदालतमा पेस भएको अन्य कागजात बेहोरामा जुनसुकै उमेर रहेको भए तापनि बालबालिकाको सम्बन्धमा लागु हुने उल्लिखित कानूनले निर्धारण गरेको कागजातलाई शंकारहित तवरले पुष्टि नभएको भनी मान्न मिलेन । यसबाट वारदातको समयमा पीडितको उमेर ९ वर्ष १० महिना रहेकोमा कुनै द्विविधा नदेखिने ।

सुरू कपिलवस्तु जिल्ला अदालतबाट अभियोग मागदाबीबमोजिम प्रतिवादी सद्दाम भन्ने सदाम पठानले १० वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेको कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम प्रतिवादीलाई ११ वर्ष कैद सजाय र ३० हजार रूपैयाँ प्रतिवादीबाट पीडितले क्षतिपूर्ति भराइपाउने गरी मिति २०७४।०५।१२।१ मा भएको फैसला भएको देखियो । उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।२।८ मा सुरू फैसला केही उल्टी गरी पीडित बालिकाको उमेर १२ वर्षको कायम गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद र ऐ. १० नं. बमोजिम रू.२५,०००।– (पच्चिस हजार) प्रतिवादीबाट पीडितले भरिपाउने गरी भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय र २५ हजार रूपैयाँ प्रतिवादीबाट पीडितले क्षतिपूर्ति भराइ ठहर्छ । साथै वारदातको समयमा प्रतिवादी सद्दाम भन्ने सदाम पठान १७ वर्षको भएको उल्लेख भएको हुँदा प्रचलित बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम बालक भएकाले निजहरूको कैदको हकमा मुलुकी अपराध संहित २०७४ को दफा ४५(४) बमोजिम दुई तिहाइले हुने गरी ६ वर्ष ८ महिना कैद सजाय हुने ।

इजलास अधिकृत : शिव बहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल माघ २० गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-०७५४ (र.नं.०१-०७२-०४२४५), लागू औषध इन्जेक्सन तथा खैरो हेरोइन, नेपाल सरकार वि. अशोक साहसमेत*

प्रस्तुत मुद्दामा दुई जना प्रतिवादी रहेको देखिन्छ । ती प्रतिवादीहरू लागू औषध कारोबार गर्ने उद्देश्यले लागुऔषध खरिद गरी ल्याउदै गर्दाको अवस्थामा पक्राउ परेको देखिन्छ । मिसिल संलग्न बरामदी मुचुल्का र प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानमा बरामदित लागू औषधमध्ये डाइजेपाम र नुर्फिन प्रतिवादी अशोक साहको साथबाट र लागु औषध हेरोइन प्रतिवादी प्रकाश धौबन्जारको साथबाट बरामद भएकोमा विवाद देखिँदैन । सहप्रतिवादी प्रकाश धौबन्जारले अदालतसमक्ष बयान गर्दा खैरो हेरोइनको हकमा मात्र स्वीकार गरेको र डाइजेपाम र नुर्फिन आफ्नो हो भनी स्वीकार गरेको अवस्था देखिँदैन । उल्लिखित मुद्दामा लागू औषध एक जनाले बोकेको र बोक्नेसँग एउटै उद्देश्यको लागि अन्य प्रतिवादीहरू साथै हिडेको अवस्था देखिन्छ भन्ने प्रस्तुत मुद्दामा लागू औषध कारोबारको लागि दुवै प्रतिवादी सँगै हिडेको भए पनि

निज दुवै जनाको साथबाट छुट्टा-छुट्टै रूपमा लागू औषध बरामद भएको देखिन्छ। यसरी पुनरावेदक वादी नेपाल सरकारले पुनरावेदन पत्रमा उल्लेख गरेको मुद्दाको तथ्य र प्रस्तुत मुद्दाको तथ्य नै फरक रहेको देखिन्छ। समान तथ्य भएको मुद्दामा प्रतिपादन भएको न्यायिक सिद्धान्त मात्र आकर्षित हुने हुँदा प्रस्तुत मुद्दाको तथ्य नै फरक भएकोले उक्त नजीर प्रस्तुत मुद्दामा आकर्षित नहुने।

लागू औषध कारोबार गर्न सँगै हिडेको अवस्थामा कसैबाट मात्र लागुऔषध बरामद हुनु र अन्य सँगसाथका व्यक्तिबाट बरामद नहुनुले खासै असर पार्ने हुँदैन। तर समूहमा पक्राउ परे पनि निजहरूको सँगसाथबाट छुट्टा-छुट्टै लागुऔषध बरामद भएको अवस्थामा दुवै जनाको साथबाट बरामद भएको लागू औषधमा प्रतिवादी अशोक साहको हो वा बरामदित लागु औषधमध्ये सहप्रतिवादीबाट बरामद भएको खैरो हेरोइनसमेतमा यी प्रतिवादीको लगानी लागेको छ भन्ने निष्कर्षमा पुग्न मनासिब देखिन आएन। फौजदारी कसुरमा जसले जे जति कसुर गरेको हो सोही अनुसार सजाय हुनु न्यायोचित हुन्छ। जहाँ एक भन्दा बढी व्यक्तिहरू मिलेर समूहगत रूपमा कुनै कसुर गरेको हुन्छ, क-कसले के कसुर गरेको हो सो छुट्टयाउन नसकिने अवस्था रहेको मा समूहमा कसुर गरेको अवस्थामा सबैलाई समान सजाय हुन्छ। प्रतिवादीले गरेको कसुर छुट्टा-छुट्टै देखिएको अवस्थामा जे जसले जुन कसुर गरेको छ सोही अनुसार सजाय हुन्छ। फौजदारी दायित्व जहिले पनि कसुर गर्ने सँग सम्बन्धित हुन्छ, केही अपवादमाबाहेक फौजदारी दायित्व अरू व्यक्तिमा सर्दैन। प्रतिवादीहरूको साथबाट बरामद भएको लागु औषधको परिमाण र मात्रा अनुसार कसुर कायम गर्नु नै न्यायिक हुन्छ। साथै प्रतिवादीहरू आ-आफूले बोकेको अर्थात् आफूबाट बरामद भएको लागू औषध अन्यथा प्रमाणित नभएसम्म दायित्व बहन गर्नुपर्ने हुन्छ। दुवै प्रतिवादीबाट बरामद भएको परिमाणलाई एकै ठाउँमा गाभेर एकै प्रकारको सजाय गर्नु कानूनसंगत हुँदैन। तसर्थ जो जसबाट जति बरामद भएको हो सोही परिमाणको आधारमा सजाय गर्नु न्यायोचित देखिन्छ। प्रतिवादी अशोक साहको सँगसाथबाट बरामद भएको लागुऔषधको परिमाणको आधारमा निजलाई कसुर ठहर गरी सजाय गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा देखिन आएन। प्रतिवादी अशोक साहलाई अभियोग दाबीबमोजिम खैरो हेरोइन तर्फ लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन एवं विद्वान् उपन्यायधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

सुरू पर्सा जिल्ला अदालतले मिति २०७०।३।४ मा प्रतिवादी प्रकाश धौबन्जारलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) अनुसार १० वर्ष कैद र रू. ७५,०००।- (पचहत्तर हजार रूपैया) जरिवाना र सोही ऐनको दफा १६ अनुसार १ महिना कैद र रू. २०००।-(दुई हजार रूपैया) थप जरिवाना हुने ठहर गरेको फैसला सदर गरी र प्रतिवादी अशोक साहको हकमा सुरूको फैसला केही उल्टी भई निज अशोक साहलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (झ) अनुसार २ (दुई) वर्ष कैद र रू. १,००,०००।- (एक लाख रूपैया) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।५।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिव बहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति सवंत् २०७८ साल माघ १६ गते रोज १ शुभम्।

**१७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-RC-००८८, कर्तव्य ज्यान, प्रशान्त तामाङ (योञ्जन) वि. नेपाल सरकार*

वारदात हुनुभन्दा दुई दिनअगाडि छोरीले फोन गरी दोलखा घर हुने केटाले विवाह गरी लैजान्छु, विवाह गर्न नपाए मारिदिन्छु भनी बताएको हुँदा सञ्चिता तामाङलाई प्रतिवादी प्रशान्त तामाङ (योञ्जन)ले नै कर्तव्य गरी मारेको भनी किटानी जाहेरी दिएको देखिन्छ भने सो बेहोरालाई समर्थन हुने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्रमा लेखाएको देखिन्छ । मौकामा बुझिएका मानिस सुजाता राई र नबिना राईले मिति २०७४।१।४ को राति प्रतिवादी प्रशान्त तामाङ (योञ्जन)को आवाज सञ्चिताको कोठामा सुनेको तथा भोलिपल्ट देखि कोठामा ताला लागेको र काममा नआएको भनी लेखाइदिएको देखिन्छ । प्रतिवादी प्रशान्त तामाङ (योञ्जन)ले अदालतमा गरेको बयानमा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि प्रतिवादीले वारदात स्थलबाट सङ्कलित फुटेको घडी आफ्नै भएको स्वीकार गरी निज वारदातस्थलमा उपस्थित रहेको भन्ने देखिन्छ । यस्तै प्रतिवादी प्रशान्त तामाङ (योञ्जन) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा प्रतिवादीको सञ्चिता तामाङसँग २ वर्ष देखी माया प्रेममा रही पटक पटक पैसा मागी लैजाने गरेको र वारदातको मितिमा पनि पैसा लिई गएको र कुराकानीको क्रममा तिम्रो बच्चा फालिदिएँ अहिले मेरो पेटमा अर्केको बच्चा छ भनेकोले रिस उठी सञ्चिता तामाङको घाँटी थिची सलले २ फन्को बाँधी मारी बाहिरबाट ताल्चा लगाई भागेको भनी घटना स्वीकार गरी लेखाएको देखिन्छ । यस्तै साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. मा "कानूनबमोजिमबाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन" भन्ने व्यवस्था रहेको देखिन्छ । यस कानूनी व्यवस्था, जाहेरवालाको जाहेरी दरखास्त, बुझिएका मानिसहरूसमेतबाट निज प्रतिवादी वारदात हुँदाको राति पनि कोठाभित्र बोलेको भनी बकपत्रमा लेखाइदिएको, वारदातस्थलबाट संकलित प्रतिवादीको सामानसमेतबाट सञ्चिता तामाङको कर्तव्य गरी हत्या भएको कसुरमा प्रतिवादी प्रशान्त तामाङ (योञ्जन) निर्दोष रहेको भनी मान्न नसकिने।

सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादी प्रशान्त तामाङ (योञ्जन)ले सञ्चिता तामाङलाई कर्तव्य गरी हत्या गरेको कसुरमा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी मिति २०७५।३।६ मा भएको फैसलामा उच्च अदालत पाटनबाट मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम प्रतिवादीलाई सर्वस्व नहुने भई जन्मकैदसम्म कायम हुने गरी सदर गरेको मिति २०७६।९।७ को फैसला साधकको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिव बहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल माघ १८ गते रोज ३ शुभम्।

**१८**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१६४०, जबरजस्ती करणी, गोविन्द प्रसाद ढकाल वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा पीडितले अदालतमा गरेको बकपत्रमा प्रतिवादीले घरमा आएको ३ दिनपछि आफूलाई जबरजस्ती करणी गरेको र यो कुरा भन्न खोज्दा आमाले चुप लाग भनी कराउनुभयो। पछि कोही नभएको बेला निज प्रतिवादीले मलाई करणी गरेपछि मेरो तल्लो पेट दुख्न थालेको हो भनी आमालाई भनेपछि आमाले बाजेलाई यी प्रतिवादीले छोरीलाई बलात्कार गरेछ भनी रुँदै भन्नुभएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा योनिको कन्याजाली च्यातिएको बेहोरा उल्लेख भएको र उक्त प्रतिवेदन दिने चिकित्सकले पीडितको मानसिक अवस्था तनाव (stress) मा रहेको, समय समयमा पेट दुख्यो भन्दै थियो भनी अदालतमा

बकपत्र गरेको देखिन्छ। पीडित बालिकाले आश्रय दिने संरक्षकबाट आफूलाई जबरजस्ती करणीजस्तो गम्भीर प्रकृतिको कसुर गर्‍यो भनी आरोप लगाउनुपर्ने कारण रहेको देखिँदैन। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र घटनालगत्तै पीडितको स्वास्थ्य परीक्षण गर्दाको समयमा चिकित्सकले पीडितलाई मानसिक अवस्था तनावमा रहेको भन्ने उल्लेख भएबाट पीडितले मौकामा र अदालतसमक्ष गरेको बकपत्र बेहोरालाई समर्थन भएको देखिँदा पीडितको बकपत्रलाई अन्यथा मान्न नसकिने।

पीडित बालिकाको जन्मदर्ता प्रमाणपत्र हेर्दा स्थानीय पञ्जिकाधिकारीको कार्यालय, साबिक बाबियाचौर गाउँविकास समिति, सुर्खेतको मिति २०६७।४।२३ मा जारी भएको र पीडितको जन्ममिति २०६४।३।१९ रहेको देखिन्छ । यसरी हेर्दा पीडित बालिकाको उमेर १४ वर्षभन्दा कम रहेको देखिएको हुँदा साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. मा दश वर्ष वा सो भन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको देखिन्छ । यस कानूनी व्यवस्थासमेतबाट सुरु चितवन जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम प्रतिवादीलाई १० वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू. १०,०००।– (दस हजार रूपैयाँ) क्षतिपूर्ति भराइपाउने फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडाबाट भएको फैसला अन्यथा देखिन नआएबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइपाउ भन्ने पुनरावेदन जिकिर र निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहससँग सहमत हुन नसकिने।

सुरु चितवन जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम प्रतिवादी गोविन्दप्रसाद ढकालले पीडित परिवर्तित ३५ भरतपुर (ल) लाई जबरजस्ती करणी गरेको हुँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम दश वर्ष कैद सजाय हुने, ऐ. १० ग नं. बमोजिम रू.१०,०००।– (दश हजार रूपैयाँ) क्षतिपूर्ति प्रतिवादीबाट पीडितले भराइपाउने र सोही ऐनको ३ क नं. बमोजिम थप सजाय हुनसमेत मागदाबी रहेकोमा प्रतिवादी पीडितको जिम्मेवार संरक्षक रहेको भन्ने नदेखिँदा अभियोग दाबीबमोजिम थप सजाय गर्नु परेन भनी मिति २०७५।०१।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।७।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिव बहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल माघ १८ गते रोज ३ शुभम्।

## इजलास नं. ३

### १९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७२-CR-०७८९, कर्तव्य ज्यान, नेपाल सरकार वि. मनभक्त राई*

पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनपत्रमा प्रतिवादीलाई आवेशप्रेरित हत्यामा सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ बिचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महिलको १४ नं. मा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमाबाहेक साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको छ। सोबमोजिम आवेशप्रेरित हत्या हुनको लागि ज्यान मार्ने मनसाय नभएको, ज्यान लिनुपर्ने सम्मको इवी पनि नरहेको, लुकी चोरीकन पनि नहानेको, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकि जोखिमि हतियारले हानेको

वा विष खुवाएकोमाबाहेक साधारण लाठा दुङ्गा लात मुक्का इत्यादि हान्दा सोही चोट पीरले मरेको हुनुपर्छ। प्रस्तुत मुद्दामा आवेश प्रेरित हत्यामा हुनुपर्ने आवश्यक तत्वको विद्यमानता नभई प्रत्यर्थी प्रतिवादीले मृतकलाई काठ दाउरा चोरी गरी लगेको कारण अवदेखि यसो नगर्नु भनी सम्झाई हातमा र गालामा आफ्नो हातले हानेको भनी मौकाको बयानमा र अदालतको बयानमा स्वीकार गरेको देखिन्छ । जाहेरवालाले जाहेरी दरखास्तमा मृतकको मानसिक सन्तुलन विग्रेको अवस्था थियो भनी उल्लेख भएको र अदालतमा उपस्थित भई गरेको बकपत्रमा मृतक करेलाको झ्याङबाट लडेको तथ्यलाई स्वीकारेको देखिन्छ । यसरी प्रतिवादीले यसो नगर भनी तर्साउने नियतले मात्र दुई झापट हानेको जरियाबाट घटित वारदातलाई आवेश प्रेरित हत्या हो भनी ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन नसक्ने हुँदा प्रत्यर्थी प्रतिवादीलाई भवितव्यमा सजाय गरेको फैसला नमिली ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालीले जाहेरीमा मृतकको मानसिक सन्तुलन बिग्रेको अवस्थामा थियो भनी उल्लेख भएको र पछि अदालतमा उपस्थित भई मृतक करेलाको झ्याङबाट लडेको कुरा स्वीकार गरी बकपत्र गरेको र प्रतिवादीका साक्षीलेसमेत मृतक करेलाको झ्याङबाट लडी ढुङ्गामा टाउको ठोकिएर दिमागको सन्तुलनसमेत गुमेको थियो। प्रतिवादीले यसो नगर भनी दुई झापड हातले तर्साउने नियतले मात्र दुई झापड हानेको कारण मृत्यु भएको होइन भनी बकपत्र गरेबाट मृतकको मृत्यु लडेर लागेको पुरानो घाउ भएको स्थानमा प्रतिवादीले झापड हान्दा मृत्यु भएको भन्ने देखिन्छ। प्रतिवादीले मृतकलाई ज्यान मार्ने मनसायले नै कुटपिट गरेको भन्ने पनि देखिँदैन। प्रतिवादीले मृतकलाई काठदाउरा चोरी गरी लगेको आधारमा हप्काई एक दुई झापड हान्दैमा भएको मृत्युलाई आवेशप्रेरित हत्या हो भन्न मिल्ने देखिएन । यस सन्दर्भमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. आकृष्ट हुने देखिन्छ । उक्त व्यवस्था अनुसार "ज्यान लिने इवि लागु वा मनसाय नभै कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैकारण केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको हुँदा सोही महलको ६ नं. को देहाय ४ बमोजिम प्रतिवादी मनभक्त राईलाई ६ महिना कैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिने।

प्रतिवादी मनभक्त राईलाई ज्यानै मार्ने नियतले कुटपिट गरेको नदेखिएको, सामान्य विषयमा अर्थात् काठदाउरा चोरी गरेको कुरामा हप्काई हातले सामान्य रूपमा दुई थप्पड हानेको तर सो चोट छोडदा ज्यानै मर्ला भनी जानी जानी हानेको वा मानिस मर्ला भन्ने जस्तो नदेखिएको अवस्थामा सोही कारणबाट मृत्यु भएको देखिएको तर घातक हतियार लाठा, ढुङ्गा केही प्रयोग नभएका, सचेत गराउने उद्देश्यबाट हातको लपेटाले हानेकोसम्म देखिएको, आवेशले प्रेरित भई ठुलो चोट छाडेको अवस्थासमेत नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्य परेको अवस्था विद्यमान हुँदा सोही महलको ६ नं. को देहाय ४ बमोजिम ६(छ) महिना कैद सजाय हुने ठहर गरेको सोलुखुम्बु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।८।१५ को फैसला सदर हुने।

इजलास अधिकृत: शोभाकर खरेल

स.क.अ.: रवि दुवाल

इति संवत् २०७७ असार २२ गते रोज २ शुभम्।

## २०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-०५०२, लागु औषध (इन्जेक्सन तथा ट्याबलेट), नेपाल सरकार वि. राजकुमार बस्नेतसमेत*

बरामदी मुचुल्काका प्रतिवेदक राजु परियारले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादीहरूले लागु औषध सेवन गरेको जस्तो लागेर शंका लागी पक्राउ गरेको हुँ भनी उल्लेख गरेको देखिन्छ । तर स्वयं प्रतिवेदकले नै अभियोग दाबी अनुसार बिक्री वितरण गर्नलाई ल्याएको भनी भन्न लेखाउन सकेको पाइँदैन । त्यसैगरी प्रतिवादीहरूको भनाइ समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्र गर्ने साक्षीहरूलेसमेत निजहरू कारोबारी नभई सेवनकर्ता मात्र रहेको हुँदा सेवनतर्फ मात्र सजाय हुनुपर्ने भनी लेखाइदिएको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादी राजकुमार बस्नेतको साथबाट बरामद भएको लागु औषधको मात्रासमेतलाई विचार गर्दा ठूलो परिमाणको नदेखिएको र उक्त लागु औषध निजले बेचबिखन गर्नको लागि सञ्चय गरेको भनी अभियोजन पक्षले तथ्ययुक्त आधार प्रमाण पेस गरी प्रमाणित गराउन नसकेको अवस्थामा निजहरू लागु औषधको कारोबारमा संलग्न रहेको मान्न सकिएन । साथै प्रतिवादीहरूबाट बरामद भई आएको औषधीको प्रकृति र त्यसले गर्ने असरसमेतलाई विचार गर्दा घातक प्रकृतिको नदेखिएको र प्रतिवादीहरूले यो यसप्रकार रीत बेहोराबाट बिक्री वितरण गरेको र यो यसलाई बिक्री वितरण गरेको भनी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार विवादरहित तवरबाट पुष्टि प्रमाणित गराउन सकेको पाइँदैन । प्रतिवादीहरू लागु औषध सेवनकर्ता रहेको कुरामा कुनै विवाद नदेखिएको र सेवन गर्ने प्रयोजनको लागि ल्याएका कारणले मात्र लागु औषध बरामद हुँदैमा बिक्री वितरण गर्नको लागि नै हो भनी बिक्री वितरण गरेको आधार विना अनुमानकै भरमा मात्र बिक्री वितरणको लागि नै ल्याएको भनी मान्न सक्ने अवस्था नदेखिने ।

दलबहादुर बस्नेतसमेतको प्रतिवेदनले नेपाल सरकार विरुद्ध प्रतिवादी राजेश खड्गीसमेत भएको लागु औषध (नरफिन) मुद्दा, भाग ५६ साल २०७१ अंक १० नि.नं.९२७४ मा “लागु पदार्थको उत्पादन, सञ्चय, बिक्री वितरण, निकासी तथा पैठारीलाई लागु पदार्थ तथा मनोद्दीपक पदार्थको कारोबारको रूपमा राखेको र कारोबार र सेवन दुबै कार्यलाई ऐनले निषेध गर्दै सजायको व्यवस्था गरेको र व्यवसाय नै सञ्चालन गर्ने गरी अवैधरूपमा ठुलो परिमाणमा लागु औषधको सञ्चय गर्ने कार्य कारोबारको रूपमा मानिने भए तापनि नशाको लत भएका व्यक्तिले सानो परिमाणमा सञ्चय गरी निषेधित पदार्थ राख्ने कार्यलाई कारोबारको कार्यअन्तर्गत राख्न मिल्ने नदेखिने” भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । जसअनुसार प्रतिवादीहरू सेवनकर्ता सम्म देखिएको र बिक्री वितरण व्यवसाय गरेको ठोस तथ्ययुक्त आधार प्रमाणसमेत नदेखिएको र संगठित रूपमा संलग्न रहेको अवस्थासमेत नदेखिँदा बिक्री वितरणसमेतको कसुर गरेको भनी कुनैपनि आधारबाट प्रमाणित हुन आएको नदेखिँदा बिक्री वितरणतर्फको अभियोग दाबी तथा पुनरावेदन जिकिरतर्फ सहमत हुन नसकिने ।

दमन गिरी, राजकुमार बस्नेत र दिपेस रिजालले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (छ) बमोजिमको सेवनतर्फको कसुर गरेको देखिँदा सोही ऐनको दफा १४(१)(ज) अनुसार सजाय हुने हुँदा उक्त ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुनुपर्ने भन्ने हदसम्मको वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।१।८ को फैसला सदर हुने ।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७७ आषाढ २२ गते रोज २ शुभम् ।

## २१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-०७३७, हाडनाता जबरजस्ती करणी, नेपाल सरकार वि. भीमबहादुर खत्री क्षेत्री*

पारिवारिक नाता सम्बन्धभित्रका पीडित र जाहेरवालालाई यी प्रतिवादीले विभिन्न त्रास प्रलोभन आदिमा पार्न सक्ने स्वाभाविक अवस्था रहेको देखिन्छ । मौकाको किटानी जाहेरी पीडितको किटानी कागज स्वास्थ्य परीक्षण प्रतिवेदन वारदात पुष्टि गरिएको अवस्था पीडित अविवाहित रहेको अवस्था बुझिएका मानिसको भनाइ तथा बकपत्र बेहोरा प्रतिवादीको मौकाको साबिती बयानसमेतका मालाकार रूपमा प्रमाणहरूसमेतबाट पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य स्वतस्फूर्त रूपमा स्थापित भइरहेको अवस्थामा केवल पीडित र जाहेरवाली तथा परीक्षण प्रतिवेदनको अदालतमा बकपत्र हुन सकेन भनी प्राविधिक कारण मात्र देखाई उल्लिखित प्रमाणहरूको अवमूल्यन गरी प्रतिवादीलाई सजायमा उन्मुक्ति दिनु न्यायसङ्गत हुने देखिँदैन । वारदात भइसकेपछि पीडित र जाहेरवालीले घटनाको यथार्थतामा आधारित भई घटना विवरणलाई प्रत्यक्षरुपले प्रकाशित पारी वर्णन गरी सोही अनुसार जाहेरिसमेत देखिएको देखिन्छ । घटना नै नभएको भए आफ्नै बाबुउपर नैतिक पतन हुने कसुरमा झुट्ठा आरोप लगाउनु पर्नेसम्मको कुनै कारण देखिँदैन । जस्को संरक्षणमा बसेको छ, जसले आफूलाई पालनपोषण गरेको छ, उसैउपर झुट्ठा लाञ्छना लगाउनु पर्ने र कान्छी श्रीमती नै जाहेरवाली भई जाहेर दिनुपर्ने अन्य कुनै कारण देखिँदैन । जुन समयमा घटना घटेको थियो सो समयमा घटनाअनुसार पीडितको कथन रहेको सोही अनुसार जाहेरी दिएको यथार्थतालाई नकार्न सकिदैन । पीडित र जाहेरवाली अदालतमा आई बकपत्र गरेको देखिँदैन तापनि घटना घटेको धेरै समय भएको र घटनाप्रतिको आफ्नो भावना बिर्सदै गई आफ्नै बाबु र लोग्नेलाई प्रतिकूल असर नपरोस् भनी पछि माया ममता स्नेह बस जे हुने कुरा थियो भइसक्यो र केही समय थुनामा बसिसकेको र केही प्रायश्चित्त गरिसकेकोसमेत हुँदा बाबु पतिउपर दया जागी बकपत्रको लागि उपस्थित नभएको देखिन्छ । तर मिसिलसंलग्न प्रमाणहरू, घटना हुँदाको अवस्था, परिस्थिति तथा स्वास्थ्य परीक्षणबाटसमेत प्रतिवादीले कसुर गरेको कुरो पुष्ट्याई गरेकोसमेतका प्रमाणहरूबाट यस्तो प्रकारको कुकृत्यजन्य अपराध गर्ने व्यक्तिलाई सजायबाट उन्मुक्ति दिनु दण्डहिनताको स्थितिलाई प्रोत्साहन दिएको ठहरिन जानुको साथै फौजदारी न्यायको मर्म विपरीत हुन जाने ।

जबरजस्ती करणी मुद्दामा करणी स्थापित गर्ने विषयमा पीडित तथा अन्य व्यक्तिको भनाइ महत्त्वपूर्ण रहेको हुन्छ । उनीहरूको भनाइ महत्त्वपूर्ण रहँदारहँदै पनि अकाट्य भने हुँदैन । जबरजस्ती करणीका सम्बन्धमा पीडित तथा अन्य व्यक्तिहरूले व्यक्त गरेको कुरालाई पीडितको शारीरिक परीक्षणलगायतका अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा प्रमाणमा लिनुपर्ने हुन्छ । पीडितको स्वास्थ्य परीक्षण भएको अवस्थासमेतमा नाबालिग पीडितको कन्याजाली च्यातिएको, योनिको वरिपरी रातोपन रहेको, जाँच गर्दा दुखाइको अनुभव भएको, करणी भएको हुनसक्ने भन्ने जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीको पत्रबाट करणी भएको भन्ने तथ्य स्थापित भएको पाइन्छ । परीक्षण प्रतिवेदनलगायतका अन्य प्रमाणबाट समर्थित भएको प्रतिवादीको अनुसन्धान अधिकारिसमक्ष गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ ले निजका विरुद्धमा प्रमाण लाग्ने हुन्छ । जाहेरवाली तथा पीडित अदालतसमक्ष बकपत्र नगरे तापनि माथि उल्लिखित सवुत प्रमाणबाट प्रतिवादीले जबरजस्ती करणी गरेको भनी गरेको बयान समर्थित हुन आएकोले यी प्रतिवादीले नाबालिग छोरीलाई जबरजस्ती करणीको कसुर गरेको देखिँदा निजलाई सफाइ दिने गरी भएको सिन्धुली जिल्ला अदालत तथा पुनरावेदन अदालत जनकपुरको फैसला उल्टी भई पीडित सरू खत्री घटना घटेको समयमा १६ वर्ष उमेर पूरा नगरेकी बालिका भएको देखिएको हुँदा मुलुकी ऐन, जबरजस्ती करणीको महल

३(३) नं.अनुसार प्रतिवादी भीमबहादुर खत्रीलाई ६(छ) वर्ष कैद र सोही ऐनको हाडनाता करणी महलको १ नं.विपरीत छोरीलाई हाडनाता करणीको कसुर गरेको देखिँदा थप १०(दश) वर्ष कैद तथा जबरजस्ती करणी महलको १० नं.बमोजिम प्रतिवादीबाट पीडितलाई रु.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराइदिने ठहर्ने ।

इजलास अधिकृत : शोभाकर खरेल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७७ आषाढ २२ गते रोज २ शुभम् ।

## इजलास नं. ४

## २२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७८-WO-११७१, उत्प्रेषण/परमादेशसमेत, बसन्त बस्यालसमेत वि. काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं ११ स्थित ट्रेड टावर नेपालमा केन्द्रीय कार्यालय रहेको एनआईसी एसिया बैंक लि.समेत*

रिट निवेदनको बेहोरा तथा लिखित जवाफसमेतलाई मध्यनजर गर्दा, रिट निवेदकहरूले विपक्षी एनआईसी एसिया बैंकबाट कर्जा प्रयोग गरी सो कर्जाबापत रुपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका, हाल वडा नं.११ को कि.नं.११९७० र कि.नं.११९६८ को जग्गा धितो राखेकोमा निज निवेदकले मासिक साँवा ब्याज भुक्तान गर्न नसकेको कारण सो धितो सुरक्षणलाई बैंकले लिलाम गर्दा कोही कसैले सकार नगरेकोले बैंकले आफैँ सकार गरी मिति २०७७।०८।२५ मा मालपोत कार्यालय, रुपन्देहीबाट बैंकले आफ्नो नाममा दा.खा. नामसारी गरेको तथ्य रहेकोमा कुनै विवाद नदेखिने ।

प्रस्तुत रिट निवेदनमा यी निवेदकहरूले बैंकमा धितो सुरक्षणबापत राखेको उल्लिखित कि.नं.११९७० र कि.नं.११९६८ को जग्गा बैंकले आफ्नो नाममा दा.खा. नामसारी गरेपछि मिति २०७८।१२।१० मा सो गैरबैंकिङ सम्पत्ति बिक्री बारे प्रकाशन गरेको सूचना निजहरूको सम्पत्ति लिनेखाने मनसायले गरेको हुँदा बदर गरिपाउँ भन्ने दाबी लिएको पाइन्छ । वस्तुतः कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समय अवधिमा ऋण बुझाउनु निजको बाध्यात्मक दायित्व हुन्छ । ऋणीले ऋण लिँदा कबुल गरेको सर्तअनुसार ऋण तिर्ने जिम्मेवारीबाट कदापी पन्छिन मिल्ने हुदैन । रिट निवेदकहरूले प्रयोग गरेको कर्जाको साँवा ब्याज निजहरूले तिर्न नसकेपछी धितो सुरक्षणबापत राखिएको जग्गा विपक्षी एनआईसी एसिया बैंकले लिलामीको प्रक्रियामा गएकोमा कोही कसैले सकार नगरेकोले बैंकले आफैँ सकार गरी आफ्नो नाममा दा.खा. गरेको भन्ने देखिने ।

यस अवस्थामा विपक्षी बैंकले के कस्तो प्रक्रिया पुर्‍याई उक्त लिलाम सकारलगायतका कामकारबाही गरेको छ भन्ने विषय छुट्टै रहेको छ । सो विषयमा यी रिट निवेदकले रुपन्देही जिल्ला अदालतमा दायर गरेको मुद्दाहरूबाट न्यायिक निरोपण हुने स्थिति रहेकै देखिन्छ । यसरी तल्लो अदालतमा विचाराधीन रहेको मुद्दाहरूमा प्रभाव पर्ने गरी यस अदालतको असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्नु मान्य कानूनी सिद्धान्त एवं न्याय प्रणालीसमेतको प्रतिकूल हुन जाने हुन्छ । साथै, बैंकले सकार गरेको धितो लिलाम बिक्री गर्ने प्रक्रियासम्म प्रारम्भ गरेको अवस्था भई यी रिट निवेदकको उक्त धितो सम्पत्ति बैंककै नाममा रहेको स्थितिमा निज निवेदकहरू र विपक्षी बैंकबिच समझदारी गर्न सक्ने समय पनि रहेकै अवस्था देखिने ।

रिट निवेदनको मागदाबीबमोजिम विपक्षी एनआईसी एसिया बैंक लि.ले आफ्नो नाममा दा.खा.

नामसारी गरेको यी रिट निवेदकको धितो सुरक्षणको घरजग्गा बिक्री गर्नेबारे मिति २०७८।१२।१० मा प्रकाशित सूचना तथा कामकारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेतको मागदाबी औचित्यपूर्ण देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल असोज २८ गते रोज ६ शुभम्।

२३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०४७९, उत्प्रेषणसमेत, हेमराज दाहाल वि. उच्च अदालत विराटनगरसमेत*

सुरू अदालतबाट निजका नाउँमा समाव्हान म्याद जारी गर्दा र तत्कालीन पुनरावेदन अदालतबाट निजका नाउँमा सूचना म्याद जारी गर्दा के कस्तो कानूनी रीत पुर्‍याउनुपर्ने हो भन्ने सम्बन्धमा सम्बद्ध कानूनी व्यवस्था हेर्नुपर्ने हुन आयो । साबिक मुलुकी ऐन, अ.वं. ११० नं. को म्याद तामेलसम्बन्धी कानूनी व्यवस्था हेर्दा, सम्बन्धित व्यक्ति फेला नपरेमा र एकासगोलका उमेर पुगेका व्यक्ति पनि फेला नपरेमा सम्बन्धित गा.वि.स./न.पा.का सदस्य वा सचिव र अरू दुई जना स्थानीय भलादमीको रोहवरमा घर डेराको ढोकामा टाँस गर्नुपर्छ भन्ने पाइन्छ । त्यसै गरी, साबिक मुलुकी ऐन, अ.वं. ११२ नं. मा घरद्वारको पत्ता नभएको मानिसलाई समाहवान इतलायनामा म्याद सूचना जारी गर्नुपर्दा उसको गाउँ सहर टोल लेखिएको भए सोही ठाउँमा र गाउँ सहर टोल पनि पत्ता नलागेको भए अड्डाका नजिक सबैले देख्ने ठाउँमा टाँसिदिनुपर्छ भन्ने पाइन्छ । यी निवेदक प्रतिवादी रहेको उक्त ठगी मुद्दाको म्याद तामेली प्रक्रिया हेर्दा तत्काल प्रचलित कानूनी व्यवस्थाबमोजिमको रीत पुगेको अवस्था देखिने।

जहाँसम्म रिट निवेदकले आफूले सो वतनबाट बसाई सरेको भन्ने जिकिर लिएका छन् सो सम्बन्धमा हेर्दा, निवेदकले २०६७ सालदेखि नै ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. २३ मा बसोबास गरेको भन्ने पाइन्छ । निजले ललितपुर उपमहानगरपालिका वडा नं. २३ वडा कार्यालयको च.नं. ४०० मिति २०७२।०७।०१ को सिफारिस तथा सर्लाही जिल्ला लालबन्दी नगरपालिकाको कार्यालयको च.नं. ८४१ मिति २०७२।०८।१४ को सिफारिस निवेदनसाथ पेस गरेको पाइन्छ। तर, २०६९ सालमा उल्लिखित ठगी मुद्दा दर्ता भएकोमा मुद्दा परिसकेपछि २०७२ सालमा उक्त सिफारिसपत्रहरू प्राप्त गरेको देखिन्छ । यसरी मुद्दाको अन्तिम फैसलासमेत भइसकेको अवस्थामा सिर्जना गरिएको प्रमाण विश्वसनीय एवं ग्राह्यसमेत हुनसक्ने देखिएन। त्यसैगरी २०७० सालमा भएको तामेलीउपर लामो समय पछि यी निवेदकले सो म्यादसमेतको बारेमा थाहा नपाएको भनी म्याद र फैसलासमेत बदर गरी प्रतिवाद गर्ने मौका माग गरेकाले यति लामो अवधिसम्म निजलाई सो म्यादको बारेमा जानकारी हुन नसक्नुको कुनै वस्तुनिष्ठ आधार कारण पनि निवेदकले प्रस्तुत गर्न नसकेको।

उक्त ठगी मुद्दामा यी निवेदक प्रतिवादीका नामको म्याद निजको स्थायी वतनसमेतमा रीतपूर्वक तामेल भएकोमा म्यादभित्र प्रतिवाद नगरी म्यादै गुजारी बसेकाले निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- नारायण पौडेल

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०८० साल असार १ गते रोज ६ शुभम्।

२४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७८-WO-१०५३, उत्प्रेषणसमेत, संजय पनेरु वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक भएको बैङ्‌किङ कसुर मुद्दाको अभियोगपत्रमा यी निवेदक प्रतिवादीको वतन गोरखा जिल्ला साबिक सौरापानी गाउँ विकास समिति वडा नं. १ को परिवर्तित सुलिकोट गाउँपालिका वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६, नयाँबजार गुडलक इन्टरनेशनल म्यानपावर प्रा.लि. का संचालक भनी उल्लेख भएको पाइन्छ । उच्च अदालत पाटनबाट अभियोगपत्रमा उल्लिखित यी रिट निवेदकको स्थायी वतन गोरखा जिल्ला साबिक सौरापानी गाउँ विकास समिति वडा नं. १ को परिवर्तित सुलिकोट गाउँपालिका वडा नं. ४ मा समाव्हान म्याद जारी भई निजका एकासगोलका बाबु खडानन्द पनेरुले सम्बन्धित वडाका दुई जना व्यक्ति तथा वडा सचिवको रोहवरमा हातैमा बुझेको देखिन्छ। म्याद तामेलसम्बन्धी प्रचलित कानूनी व्यवस्था हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा (३) मा सम्बन्धित व्यक्ति फेला नपरेमा निजको एकाघरका कम्तिमा अठार वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाउन सकिने छ भन्ने पाइने।

साथै बैङ्‌किङ् कसुरका सम्बन्धमा बैङ्‌किङ कसुर तथा सजाय ऐन, २०६४ विशेष ऐन भएकोले सो ऐनका प्रावधानहरू पनि हेर्नुपर्ने हुन्छ। उक्त ऐनको दफा २३ मा "यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउँदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेमा राष्ट्रियस्तरको समाचारपत्रमा कम्तिमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गरिने छ" भन्नेसमेतको विशेष व्यवस्था गरेको पाइन्छ । तथापी निवेदक प्रतिवादीका नामको म्याद प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा (३) बमोजिम रीतपूर्वक तामेल भएको देखिँदा प्रस्तुत विशेष ऐन आकर्षित हुनसक्ने अवस्था नदेखिने।

उक्त बैङ्‌किङ कसुर मुद्दामा निवेदकको नामको समाव्हान म्याद निजको स्थायी वतनमा मिति २०७६।०९।२१ मा रीतपूर्वक तामेल भएकोमा म्यादभित्र प्रतिवाद नगरी म्यादै गुजारी बसेकाले निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- नारायण पौडेल
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०८० साल असार १ गते रोज ६ शुभम्।

**२५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७८-WO-०२७६, उत्प्रेषणसमेत, योगराज उपाध्याय वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

जाहेरवाला अमृतबहादुर के.सी.को जाहेरी परी वादी नेपाल सरकारले उच्च अदालत पाटनमा दर्ता गरेको अभियोगपत्रमा यी निवेदक हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २६ सामाखुशीमा बसोबास गर्ने भनी उल्लेख गरेको पाइन्छ । त्यसै गरी निवेदकको मतदाता परिचयपत्र (मतदाता नम्बर १६१५५५०१) काठमाडौंको सोही वतनबाटै जारी भएको देखिन्छ । निवेदकले उजुरकर्ता अमृतबहादुर के.सी.लाई सापटी रकम बुझाएको मिति २०७७।०८।०३ को घरसारको भरपाई कागजमा पनि निवेदकको वतन काठमाडौं जिल्ला काठमाडौं

महानगरपालिका वडा नं. २६ सामाखुसी भनी उल्लेख भएको देखियो । यसबाट यी निवेदक आफ्नो स्थायी वतन भएको बाग्लुङ जिल्लामा नभई काठमाडौं जिल्लाको सामाखुशीमा बसोबास गर्दैआएको भन्ने पुष्टि भएको छ । उल्लिखित आधार प्रमाणबाट निवेदकको बसोबासको वतन काठमाडौंमा नै रहे भएकोमा उच्च अदालत पाटनबाट सो बसोबास गर्दैआएको वतनमा समाह्वान जारी गरेको नपाइने ।

बैङ्किङ् कसुरका सम्बन्धमा बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ विशेष ऐन भएकोले सो ऐनका प्रावधानहरू आकर्षित हुने हुन्छ । म्याद तामेली सम्बन्धमा उक्त ऐनको दफा २३ मा "यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउँदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रियस्तरको समाचारपत्रमा कम्तिमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वकको सूचना दिइएको वा म्याद तामेल भएको मानिने छ" भन्ने विशेष व्यवस्था गरेको पाइन्छ । यी निवेदकको हकमा उपर्युक्त व्यवस्थाबमोजिम समाह्वान म्याद बुझाउन नसकी कोही बसोबास नगर्ने, अन्यत्र बसोबास गरी गइसकेको वतनको घरदैलोमा म्याद टाँस तामेल गरेको औपचारिक कार्यले निवेदकलाई रीतपूर्वक सूचना दिइएको वा समाह्वान म्याद रीतपूर्वक तामेल गरेको भन्ने नदेखिने ।

यी निवेदक योगराज उपाध्याय बसोबास गरी आएको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २६ सामाखुशीस्थित घरमा रीतपूर्वक समाह्वान म्याद तामेल गरेको देखिएन । यी निवेदकको अन्यत्र बसोबास रहेको भन्ने अभियोगपत्रको बेहोरामा नै उल्लेख भएकोमा बसोबास नभएको बाग्लुङ जिल्ला, काठेखोला गाउँपालिका वडा नं. ५ मा रहेको घरको ढोकामा मिति २०७७।०६।२० मा समाह्वान टाँस तामेल गरेको देखियो । बेरितपूर्वक तामेल भएको उक्त समाह्वान म्याद र सोका आधारमा स्वच्छ सुनुवाइ विना प्राकृतिक न्यायको सिद्धान्त बिपरित निवेदकलाई कैद र जरिवाना हुने गरी भएको उच्च अदालत पाटनको मिति २०७७।०९।१९ को त्रुटिपूर्ण फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब, निवेदक योगराज उपाध्यायलाई कानूनबमोजिम म्याद सूचना दिई उच्च अदालत पाटनमा उपस्थित गराई थुनछेकलगायतका कानूनबमोजिमको काम कारबाही गरी फैसला गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः- नारायण पौडेल

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०८० साल असार १ गते रोज ६ शुभम् ।

२६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७९-WO-०५१६, उत्प्रेषणसमेत, दिपक दंगाल वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक दिपक दंगाललाइ प्रतिवादी बनाई उच्च अदालत पाटनमा दायर भएको मु. नं. ०७५-CB-१५४८ को बैङ्किङ कसुर मुद्दामा निवेदकको नाउँमा उच्च अदालत पाटनबाट २१ दिनभित्र हाजिर हुन आउनु भनी काठमाडौं जिल्ला साबिक नाङ्लेभारे गाउँ विकास समिति वडा नं. ५ हाल

परिवर्तित शंखरापुर नगरपालिका वडा नं. १ स्थायी घर भै हाल ऐ. गोकर्णेश्वर नगरपालिका वडा नं. ५ को वतन उल्लेख गरी  मिति २०७६।१०।२० मा गोरखापत्रबाट समाव्हान म्याद सूचना जारी भएको मिसिल संलग्न गोरखापत्रको प्रतिबाट देखिन्छ । उक्त कानूनी व्यवस्थाबाट म्याद सूचना अनिवार्य रूपमा दुई पटक राष्ट्रीय स्तरको पत्रिकामा प्रकाशित गर्नुपर्ने हुन्छ । सो कानूनी व्यवस्थाको परिपालन नभई भएको तामेली म्याद सुनुवाइको सिद्धान्त विपरीत हुने हुन्छ । यसर्थ एकपटक मात्र प्रकाशित भएको सूचना म्याद रीतपूर्वकको नदेखिँदा यी निवेदकले आफूउपरको अभियोगको बारेमा वास्तविक रूपमा सुनुवाइको मौका प्राप्त गरेको भनी मान्न नमिल्ने ।

यी निवेदक दिपक दंगालको नामको समाह्वान म्याद रीतपूर्वक तामेल गरेको देखिएन । बेरितपूर्वक तामेल भएको उक्त समाह्वान म्याद र सोका आधारमा स्वच्छ सुनुवाइविना प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई कैद र जरिवाना हुने गरी भएको उच्च अदालत पाटनको मिति २०७६।१२।०२ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, निवेदक दिपक दंगाललाइ कानूनबमोजिम म्याद सूचना दिई उच्च अदालत पाटनमा उपस्थित गराई थुनछेकलगायतका कानूनबमोजिमको काम कारबाही गरी फैसला गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत - नारायण पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल असार १ गते रोज ६ शुभम् ।

**२७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WO-०१२३, उत्प्रेषण परमादेश, मिनाकुमारी वि. जिल्ला प्रशासन कार्यालय, धनुषा, जनकपुरसमेत*

रिट निवेदक मिथिल मिश्रको जन्म धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. ८ मिति २०६२/०४/१८ मा भएको भन्ने तथ्य निजले निवेदनसाथ पेस गरेको जनकपुर नगरपालिकाले प्रदान गरेको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा विद्यालयको चारित्रिक प्रमाणपत्रहरूसमेतका कागजातहरूबाट देखिन्छ । निवेदकले पेस गरेको निजको जन्मदर्ताको प्रमाणपत्र, निजको विद्यालयको चारित्रिक प्रमाणपत्रहरू, स्थायी बसोबाससम्बन्धी उपलब्ध गराएको प्रमाणपत्रको प्रतिलिपिहरूसमेतका कागजातहरूबाट रिट निवेदकको बाबु गोविन्द मिश्र र आमा मिना कुमारी भएकोमा कुनै विवाद देखिँदैन । निवेदकको बाबुले जिल्ला प्रशासन कार्यालय, धनुषा र आमाले जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । निजका आमा र बाबुले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा आमा मिना कुमारीले मिति २०४५/०१/२४ मा नागरिकता प्रमाणपत्र नं. २८२, वंशजको आधारमा र बुबा गोविन्द मिश्रले मिति २०६३/११/२९ मा नागरिकता प्रमाणपत्र नं. १७३१०२/१५३०, जन्मको आधारमा जन्मसिद्ध नागरिकता प्राप्त गरेको देखिने ।

त्यसै गरी नेपालको नागरिकता प्राप्ति, समाप्ति तथा तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ मिति २०८०/०२/१७ मा संशोधन भएकोमा उक्त ऐनको दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने भन्ने व्यवस्था गरेको पाइन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न

चाहने व्यक्तिले पूरा गर्नुपर्ने शर्तहरू उल्लेख गर्दै उक्त नियमावलीको अनुसूची १ मा नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएको अधिकारीसमक्ष निवेदन पेस गर्नुपर्ने गरी निवेदनको ढाँचासमेत तोकेको पाइने।

प्रस्तुत रिट निवेदनको सन्दर्भलाई हेर्दा निवेदकको बाबु गोविन्द मिश्रले नेपालको संविधान जारी हुनुअगावै जन्मको आधारमा र आमा मिना कुमारीले पनि नेपालको संविधान जारी हुनुअगावै वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने देखिन्छ । निवेदकले प्रस्तुत गरेका निजको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, विद्यालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपिसमेतका कागजातहरूबाट रिट निवेदकको बाबु गोविन्द मिश्र र आमा मिना कुमारी भएकोमा कुनै विवाद पनि देखिँदैन। नागरिकता प्राप्ति सम्बन्धमा संविधानमा र कानूनमा भएको उक्त व्यवस्था अनुसार निवेदकले नेपालको नागरिकता प्राप्त गर्न बाधा पुग्ने नदेखिने।

रिट निवदकको आमाले बंशजको आधारमा र बुबाले जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने तथ्य प्रमाण पेस भएको, निवेदकको जन्म हुँदा निजको बुबा आमा दुवै नेपाली नागरिक भएकोमा विवाद नरहेको र निवेदकको बुबाको मिति २०७८/०२/१४ मा मृत्यु भएको भन्ने हुँदा यस स्थितिमा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ को कानूनी व्यवस्था अनुसार कानूनले तोकेको कार्यविधि वा प्रक्रिया पूरा गरी निवेदकलाई कानूनबमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः- सबिन कुमार थिङ तामाङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल असार २१ गते रोज ५ शुभम्।

## २८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WO-०४९१, उत्प्रेषणसमेत, सिता बस्नेत वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदक सिता बस्नेतको जन्म झापा जिल्ला महारानीझोडा गा.वि.स. वडा नं. ६ मिति २०४९।०९।२८ मा भएको भन्ने तथ्य निजले निवेदनसाथ पेस गरेको महारानीझोडा गाउँ विकास/नगरपालिकाले प्रदान गरेको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि, सर्जमिन मुचुल्कासमेतबाट देखिन्छ । निवेदकले पेस गरेको निजको जन्मदर्ताको प्रमाणपत्र, गौरादह नगरपालिका, ४ नं. वडा कार्यालयले गरिदिएको नाता प्रमाणितको कागजात तथा सर्जमिन मुचुल्कासमेतबाट रिट निवेदकको बाबु काजी बस्नेत र आमा बच्चु बस्नेत भएकोमा कुनै विवाद नदेखिने।

नेपालको नागरिकता प्राप्ति, समाप्ति तथा तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ मिति २०८०/०२/१७ मा संशोधन भएकोमा उक्त ऐनको दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने भन्ने व्यवस्था गरेको पाइन्छ। त्यस्तै ऐ. ऐनको दफा ३ को उपदफा (४) मा संवत् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बुबा र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ। नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले पूरा गर्नुपर्ने सर्तहरू उल्लेख गर्दै उक्त नियमावलीको अनुसूची १ मा नेपालको नागरिक

हुन योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएको अधिकारीसमक्ष निवेदन पेस गर्नुपर्ने गरी निवेदनको ढाँचासमेत तोकेको पाइयो। यस स्थितिमा नागरिकता प्राप्ति सम्बन्धमा संविधानमा र कानूनमा भएको उक्त व्यवस्थालाई दृष्टिगत गरी निवेदकको नागरिकता प्राप्तिको सम्बन्धमा सम्वद्ध अधिकारीहरूले आवश्यक निर्णय गर्नुपर्ने नै हुने।

रिट निवदकको जन्म दर्ताको प्रमाणपत्र पेस भएको, निवेदकको आमाले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरिसकेको तथ्य प्रमाण पेस भएको हुँदा यस स्थितिमा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ को कानूनी व्यवस्था अनुसार कानूनले तोकेको कार्यविधि वा प्रक्रिया पूरा गरी निवेदकलाई कानूनबमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः- सबिन कुमार थिङ तामाङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल असार २१ गते रोज ५ शुभम्।

२९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-WO-०६९९, उत्प्रेषणसमेत, किरणकुमारी साहव वि. धर्मनाथ साह सराफसमेत*

संवैधानिक तथा कानूनी व्यवस्थाको रोहमा प्रस्तुत निवेदनको तथ्यलाई समग्रतामा हेर्दा, यी निवेदकको जन्म बारा जिल्ला भवानीपुर जितपुर गाविस वडा नं. ३ मिति २०४९।१२।१० मा भएको भनी जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेस भएको, निजको बुबा भगवान साह सोनारले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको भन्ने देखिएको, निजको विवाह श्रीराम साहसँग मिति २०६७।०८।२२ मा भएको भन्ने विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि पेस भएको, निवेदकको पति श्रीराम साह र ससुरा धर्मनाथ साह सराफले जन्मको आधारमा र सासू सुमित्रा श्रेष्ठले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको भन्ने देखिएको, निवेदकको पतिको वैदेशिक रोजगारको क्रममा मिति २०७४।०५।३१ मा मृत्यु भएको भनी मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत पेस भएको भन्ने तथ्य प्रमाणहरूबाट देखिन आयो। यस स्थितिमा उपरोक्तानुसारको तथ्यहरू रहेको प्रस्तुत रिट निवेदनमा नागरिकता प्राप्तिको सम्बन्धमा भएको संवैधानिक तथा कानूनी व्यवस्थासमेतलाई दृष्टिगत गरी सम्वद्ध अधिकारीले आवश्यक निर्णय गर्नुपर्ने।

निवेदकको जन्मदर्ता, विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि पेस भएको, निवेदकको बुबा, सासू, ससुरा तथा पति नेपाली नागरिक रहेकोमा विवाद नभएको र निवेदकको पतिको मृत्यु भइसकेको भनी मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपिसमेत पेस भएको हुँदा यस स्थितिमा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ को कानूनी व्यवस्था अनुसार कानूनले तोकेको कार्यविधि र प्रक्रिया पूरा गरी निवेदकलाई कानूनबमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, चितवनको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत - सबिनकुमार थिङ तामाङ

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०८० साल आषाढ २१ गते रोज ५ शुभम्।

३०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CI-०९४८, जग्गा दर्ता गरिपाउँ, लक्ष्मण महतो वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

विवादित जग्गाकै प्रकृतिका विभिन्न पोखरी तथा जग्गाहरू यस अदालतबाट संवत् २०५५ सालको

दे.पु.नं. ४२०४ , संवत् २०५५ सालको दे.पु.नं. ४२०५ र संवत् २०५५ सालको दे.पु.नं. ४२०६ समेतका मुद्दामा तत्कालीन श्री ५ को सरकार (मन्त्रिपरिषद्) ले मिति २०३२।०७।१२ मा गरेको निर्णयबमोजिम धनुषा जिल्ला अन्तर्गतकै राष्ट्रिय प्राथमिक विद्यालय सपही, निम्न माध्यामिक विद्यालय फूलगामा र गोगलप्रसाद माध्यमिक विद्यालय, बसहियाको भोगचलनमा रहेको भनी उक्त शिक्षण संस्थाहरूका नाममा कायम रहेको दर्तालाई मान्यता दिई सो दर्ताहरू बदर नहुने भनी मिति २०६१।०३।२८ मा फैसला भई अन्तिम भइसकेको देखिन्छ । सोही प्रकृतिको विवाद समाहित रहेको गुठी संस्थान शाखा कार्यालय जनकपुरसमेत वादी भएको र राष्ट्रिय प्राथमिक विद्यालय, बसहिया सोनापुर प्रतिवादी रहेको दर्ता बदर हक कायम मुद्दामा वादी गुठी संस्थानको दाबी नपुग्ने भनी भएको फैसलाउपर यस अदालतमा पेस भएको मुद्दा दोहोऱ्याइ हेरिपाउँ भन्ने निवेदन (०७२-RI-२५५८) मा मिति २०७३।०५।१४ मा निस्सा नहुने गरी अन्तिम भएकोसमेत देखिने ।

तत्कालीन श्री ५ को सरकारको मिति २०३२।०७।१२ को निर्णयानुसार मन्त्रालय तथा जिल्लास्थित सम्बन्धित कार्यालयहरूबाट पत्राचार भएको सन्दर्भ तथा यस अदालतको फैसलाहरूबाटसमेत मान्यता दिइसकेको २०३२।०७।१२ को निर्णय पेस नभएको भनी दाबी नपुग्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०७२।०३।१४ को फैसला न्यायको रोहमा मनासिब देखिन आएन । ऐलानी, पर्ति जग्गाको रूपमा रहेको देखिएका विवादित कित्ता जग्गाहरू सरकारी, सार्वजनिक वा सामुदायिक प्रकृतिको रहेको हुँदा यस प्रकारका जग्गाहरू मालपोत ऐन, २०३४ को दफा २४ अनुसार कुनै व्यक्ति विशेषको नाउँमा दर्ता गर्न मिल्दैन । तर नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि, सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहऱ्याएको कुनै कामको लागि र सामुदायिक जग्गा सम्बन्धित समुदायले उचित ठहऱ्याएको कुनै कामको लागि व्यवस्था गर्न सक्ने देखिन्छ । साथै उक्त विवादित कित्ता जग्गाहरू २०३२ सालको उक्त निर्णयानुसार सरकारी विद्यालयको रूपमा रहेको पुनरावेदक वादी विद्यालयको नाउँमा दर्ता हुने नहुने तथा सार्वजनिक प्रकृतिको स्वरूपको भई नेपाल सरकारकै नाउँमा रहनुपर्ने अवस्थाको देखिएमा जुनसुकै स्थितिमा पनि सम्बन्धित कार्यालयबाट आवश्यक निर्णय हुन सक्ने ।

यस अदालतबाट यसअघि नै संवत् २०५५ सालको दे.पु.नं. ४२०४, संवत् २०५५ सालको दे.पु.नं. ४२०५ र संवत् २०५५ सालको दे.पु.नं. ४२०६समेतका मुद्दमा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०३२।०७।१२ को निर्णयबमोजिम विभिन्न विद्यालयका नाउँमा भएको जग्गा दर्तासम्बन्धी निर्णयलाई मान्यता दिई उक्त जग्गा दर्तासम्बन्धी निर्णय सदर हुने गरी मिति २०६१।०३।२८ मा भएका फैसलाहरू अन्तिम भई बसेको देखिन्छ । विवादित जग्गा तथा पोखरी वादी विद्यालयले भोगचलन गरिरहेको अवस्थामा वादी दाबीका विवादित जग्गा तथा पोखरी तत्कालीन श्री ५ को सरकारको मिति २०३२।०७।१२ को निर्णयले यस अदालतको फैसलाहरूबाट मान्यता पाइरहेको हुँदा वादी दाबी नपुग्ने गरी सुरु धनुषा जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गरी तत्कालीन पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७२।०३।१४ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई वादी दाबीबमोजिम धनुषा जिल्ला, बसहिया गा.वि.स., वडा नं. १ कि.नं. ५, १४, ७४, २७१, २७२, २७३, २७४, ऐ. वडा नं. ४क, कि.नं. ४, ऐ. वडा नं. ४ख, कि.नं. ५६, ऐ. वडा नं. ६, कि.नं. ५, १७७, १७९, २७७, २८६समेतका जग्गाहरू तथा पोखरी पुनरावेदक वादी राष्ट्रिय प्राथमिक विद्यालय, बसहिया

सोनापाडाको नाममा दर्ता हुने।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल फागुन २३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७४-CI-०९४६, जग्गा नामसारी गरिपाउँ, लक्ष्मण महतो वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत
- ०७४-CI-०९४७, जग्गा नामसारी गरिपाउँ, लक्ष्मण महतो वि. गुठी संस्थान शाखा कार्यालय, जनकपुर

३१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CI-०४४६, दोहोरो लिखत बदर गरिपाउँ, शान्तिदेवी बस्नेत शेर्पा वि. पासाङ क्षेत्र शेर्पासमेत*

प्रस्तुत मुद्दाको विवादमा सो कानूनी व्यवस्थाबमोजिम दोहोरो लिखत गरी अचल सम्पत्ति अरुलाई दिएको भन्ने देखिँदैन। केवल यी पुनरावेदक वादीले आफ्नो नामको कि.नं. ३९५ को जग्गा प्रतिवादी फुर्बुटी शेर्पालाई मिति २०६९।०२।०७ मा राजीनामा पारित गरी दिएको भन्ने देखिन्छ। वादीबाट राजीनामा पारित गरी लिएको जग्गा प्रतिवादी फुर्बुटी शेर्पाले आफ्ना पति प्रतिवादी पासाङ क्षेत्र शेर्पालाई मञ्जुरनामा दिई कृषि विकास बैङ्कमा दृष्टिबन्धक धितो राखी मालपोत कार्यालय तेह्रथुममा रजिस्ट्रेसन पारित गरी ऋण लिएको कुरालाई दोहोरो लिखत गरी दिएको भन्न मिल्ने देखिँदैन। लिखत नै दोहोरो पारेर गरेको नदेखिएको अवस्थामा सो कानूनी व्यवस्थाबमोजिम सजाय गर्नुपर्ने पनि नदेखिने।

जहाँसम्म मिति २०६९।०२।०७ गते नै घरसारको लिखत गरी सो लिखतमा उल्लेख भएबमोजिम सावाँ ब्याज बुझाउने भाखासम्ममा सावाँ ब्याज बुझाए आफूले प्रतिवादीलाई पारित गरिदिएको जग्गा प्रतिवादीले आफूलाई फिर्ता गरि दिनुपर्ने भन्ने वादी दाबी छ, सो लिखत रजिस्ट्रेसन पारित गरिएको अवस्था छैन। घरायसी लिखतलाई वादी प्रतिवादीबिचको आपसी व्यवहारको रूपमा सम्म लिन सकिन्छ। तर उक्त लिखतका आधारमा कानूनबमोजिम राजीनामा पारित गरेर दिइसकेको जग्गा रीतपूर्वक पारित गरी प्राप्त नगरी घरायसी लिखतको आधारमा वादीले फिर्ता पाउन पर्ने कानूनी आधार नदेखिने।

प्रतिवादी फुर्बुटी शेर्पाको आफ्नो हक स्वामित्वमा आइसकेको जग्गा निजले कृषि विकास बैङ्कलाई र.नं. १०२४ मार्फत गरिदिएको दृष्टिबन्धक लिखतलाई उक्त मिति २०६९।०२।०७ को घरसारको लिखतकै आधारमा मुलुकी ऐन, लेनदेन व्यवहारको महलको २५ नं. बमोजिमको दोहोरो लिखतको परिभाषाभित्र परेको भन्न मिल्ने नदेखिँदा प्रतिवादीहरू फुर्बुटी शेर्पा र पासाङ क्षेत्र शेर्पाले दोहोरो लिखत गरेको नदेखिने।

प्रतिवादीहरू फुर्बुटी शेर्पा र पासाङ क्षेत्र शेर्पाले दोहोरो लिखत पारित गरेको नदेखिँदा निजहरूलाई साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको महलको २८ नं. बमोजिम जरिबाना नहुने तथा मिति २०७०।१०।१९, र.नं. १०२४ को दृष्टिबन्धक लिखत बदर नहुने भनी तत्कालीन पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७३।०२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरुङ

इति संवत् २०७९ साल फागुन २३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७४-CI-०४४७, रोक्का फुकुवा समेत, शान्तिदेवी बस्नेत शेर्पा वि. पासाङ क्षेत्र शेर्पासमेत

- ०७४-CI-०४४८, कानूनबमोजिमको व्याज कायम गरी मिति २०७०।१०।०८ देखि यताको व्याज नपाक्ने गरी साँवा व्याज बुझ्न लगाइपाऊँ, शान्तिदेवी बस्नेत शेर्पा वि. पासाङ क्षेत्र शेर्पासमेत

**३२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CI-१०९२, रैकर परिणत हक कायम, कुलबहादुर नगरकोटी वि. विज्ञान विर सिंह प्रधानसमेत*

प्रस्तुत मुद्दाको तथयगत अवस्थालाई संक्षेपीकरण गरी हेर्दा, विवादित कि.नं. ६३, ९४, १०१, ११६समेतको जग्गाको जग्गाधनी महाभूत बस्ने फत्ते सिं र मोही यी वादीहरू भएकोमा सो जग्गाका जग्गाधनी फत्ते सिंहले निज मोहीहरूको नाउँमा रैकर परिणत गरी दिनु भनी सनाखतसमेत गरिदिएकाले उक्त जग्गाहरू निजहरूको नाउँमा रैकर परिणत हुनुपर्छ भन्ने वादी दाबी रहेको देखिन्छ। अर्कोतर्फ, सो जग्गाको वास्तविक जग्गाधनी प्रतिवादी फत्तेविर सिंह प्रधानको दाजु युद्धविर सिं प्रधान भई निज र निजको श्रीमतीको मृत्यु भएकाले सो जग्गा दर्ता गर्न छुट भएको तथा मोहीले भूलवस किसानको महलमा फत्ते सिं मात्र लेखाइदिएकाले निज हकदारको नाउँमा छुट जग्गा दर्ता हुनुपर्ने हो भन्ने बेहोराको प्रतिउत्तर जिकिर लिएको पाइन्छ । साथै, प्रतिवादीहरू कृष्णा सिंह र सुपाया सिंहले २०२१ सालमा सर्भे नापी हुँदा निजहरूको बुढा ससुरा फत्तेबहादुर सिंहको नाउँमा नापनक्सा भई दर्ता छुट हुन गएको उक्त जग्गाहरूको हकदार निजहरू हुन् भन्ने जिकिर लिएको पाइने।

उल्लिखित कित्ता जग्गाहरू दर्ता गर्ने विषयमा यी वादीहरू कुलबहादुर नगरकोटी र आइते नगरकोटी तथा प्रतिवादी फत्तेविर सिंह प्रधानले मालपोत कार्यालय, चाबहिलमा निवेदन पेस गरी हक बेहक छुट्ट्याउने विषयमा सुरू काठमाडौं जिल्ला अदालतमा निज पक्षहरू फिराद साथ उपस्थित भएको पाइन्छ । यसरी हक बेहकको रोहमा अदालतसमक्ष आएको प्रस्तुत विवादमा एउटा पक्षले मोहियानी हकको अस्थायी प्रमाणपत्र तथा भूमिसुधार कार्यालयबाट प्राप्त २ नं. अनुसूचीलगायतका प्रमाण पेस गरेको र अर्को पक्षले सो जग्गा आफ्नो दाजुको लगत भिडने र दाजुको स्वर्गवासपछि आफ्नो हक लाग्ने भन्ने बेहोराको प्रमाणसमेत पेस गरेको देखिन्छ। यस अवस्थामा उक्त जग्गाको वास्तविक स्वामी र मोहीकै विषयमा विवाद देखिएको र सो जग्गा को-कसको नाउँमा दर्ता हुने हो भन्ने विषयमा नै मुल विवाद रहेकोमा आवश्यक कागज प्रमाण बुझी सोको यथोचित मुल्याङ्कन गरी हक बेहक छुटयाउनु पर्ने देखिने।

तत्कालीन पुनरावेदन अदालत, पाटनबाट फैसला हुँदा मोहियानी हकको अस्थायी प्रमाणपत्र तथा भुमिसुधार कार्यालयबाट प्राप्त २ नं. अनुसूचीलगायत वास्तविक मोहीको वासस्थान, भोग जस्ता प्रमाणहरूको विश्लेषण नगरी र जग्गाधनीको हकमा निजको पहिचानको बारेमा यथेष्ट प्रमाण नै नहेरी नबुझी वादी दाबी नपुग्ने ठहऱ्याई गरेको फैसला मिलेको नदेखिँदा उक्त फैसला बदर गरिदिएको छ । अब, जो जे बुझ्नुपर्ने हो बुझी सबै प्रमाणहरूको विवेचना गरी कानूनबमोजिम फैसला गर्नु भनी उपस्थित पक्षहरूलाई तारेख तोकी पुनः निर्णयको लागि उच्च अदालत, पाटनमा पठाइदिने ठहर्ने।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७९ साल फागुन २३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७५-CI-१०९४, रैकर परिणत हक कायम, चखली नगरकोटी वि. विज्ञान विर सिंह प्रधानसमेत

- ०७५-CI-१०९३, रैकर परिणत हक कायम, कुलबहादुर नगरकोटी वि. विज्ञान विर सिंह प्रधानसमेत
- ०७५-CI-१०९१, रैकर परिणत हक कायम, लामा नगरकोटी वि. विज्ञान विर सिंह प्रधान
- ०७५-CI-१०९०, छुट जग्गा दर्ता हक कायमसमेत, विज्ञान विर सिंह प्रधान वि. चखली नगरकोटीसमेत
- ०७५-CI-१०८९, हक कायमसमेत, विज्ञानविर सिंह प्रधान वि. फत्ते सिंहसमेत
- ०७५-CI-१०८८, छुट जग्गा दर्ता हक कायमसमेत, विज्ञान विर सिंह प्रधान वि. रविन्द्रराज रेग्मीसमेत
- ०७५-CI-१०८७, छुट जग्गा दर्ता हक कायमसमेत, विज्ञान विर सिंह प्रधान वि. कुलबहादुर नगरकोटीसमेत
- ०७५-CI-१०८६, छुट जग्गा दर्ता हक कायमसमेत, विज्ञान विर सिंह प्रधान वि. कुलबहादुर नगरकोटीसमेत

३३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-RB-०५११, मूल्य अभिवृद्धि कर (आ.व. ०६५।०६६), अर्जुनप्रसाद पोखरेल वि. श्री रतनलाल संघई*

सुरू आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २बाट अन्तिम कर निर्धारण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२)(क) बमोजिम झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी कर कट्टी दाबी गरेको आधारमा बिगोको शतप्रतिशत रकम जरिबाना हुनेगरी कर निर्धारण गरेको देखिन्छ । उक्त निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट प्रशासकीय पुनरावलोकनसम्बन्धी निर्णय भएको छ । सो ऐनले किटान गरी सजायको निश्चित हद तोकेको अवस्थामा अप्रासङ्गिक दफा लगाई सजाय कम गर्ने स्वविवेकीय अधिकार राजस्व न्यायाधिकरणलाई भएको नपाइने ।

यसरी बिक्रेतालाई करदाताले वस्तु वा सेवा खरिदबापत भुक्तानी गरेको भन्ने प्रमाणित नभएको, बिक्रेताबाट करदाताले बिल बीजकबमोजिमको वस्तु वा सेवा प्राप्त गरेको पुष्टि हुन नसकेको तथा उपर्युक्तबमोजिम वास्तविक कारोबारको आधारमा नभई करदाताले झुट्टा कर बीजकका आधारमा कर कट्टी दाबी गरी प्रचलित कानूनको ठाडो उल्लङ्घन गरेको देखिन आयो । यस्तोमा करदातालाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२)(क) बमोजिम शतप्रतिशत जरिबाना गर्नु कानूनसम्मत हुन जाने ।

करदाताले झुट्टा बीजक पेस गरी कर कट्टी दाबी गरेको पुष्टि हुन आएको प्रस्तुत मुद्दामा पनि जानीजानी झुट्टा बीजक तयार गरी पेस गर्ने, कर राजस्व सङ्कलनमा राज्यलाई नोक्सानी पुऱ्याउने र आफूले कर कट्टी सुविधा लिनेजस्ता कृत्यलाई निरुत्साहित गर्न उक्त कानूनी व्यवस्थाबमोजिम सजाय गरिनु न्यायको दृष्टिकोणबाट बाञ्छनीय हुने देखिँदा सुरू आन्तरिक राजस्व कार्यालय तथा विभागले करदातालाई बिगोको शतप्रतिशत जरिबाना हुने गरी गरेको निर्णय केही उल्टी गरी अप्रासङ्गिक दफा २९(१क) बमोजिम बिगोको पच्चिस प्रतिशत मात्र जरिबाना हुने भनी सजाय घटाई भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको देखिएन । सुरू कार्यालय र विभागबाट भएको अन्तिम कर निर्धारणसम्बन्धी निर्णय मिलेकै देखिने ।

सुरू आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २बाट मिति २०६९।०३।०६ मा भएको अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५

को निर्णय केही उल्टी गरी करदाता नारायणदास श्रीनिवास नामक फर्मलाई निर्धारण गरिएको कर रू.५,२६५।- र जरिबाना रू.५,२६५।- मध्ये जरिबाना रू.५,२६५।- को हकमा पच्चिस प्रतिशत मात्र जरिबाना हुने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७१।०९।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई झुट्टा बीजक भनी मूल्य अभिवृद्धि कर निर्धारण भएको रू.५,२६५।- को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) (क) बमोजिम शतप्रतिशत जरिबाना हुने गरी सुरू आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ को मिति २०६९।०३।०६ को अन्तिम कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५ को निर्णय मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम्।

३४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०६९-CI-०७३१, ०६९-CI-११६३, जग्गा कब्जा खिचोला मेटाई घर टहरा भत्काई चलनसमेत चलाई पाउँ, काशीराम बुढासमेत वि. सुन्दरी सुनार्नीसमेत, सुन्दरी सुनार्नीसमेत वि. काशीराम बुढासमेत*

दलबहादुर सुनारले मिति २०५५।२।२४ मा चिसापानी गा.वि.स.को कार्यालय, बाँकेमा घरकर तिरेको रसिद मिसिल सामेल रहेको देखिन्छ। प्रतिवादीका पति दलबहादुर सुनारले मिति २०६१।०४।२० मा जिल्ला प्रशासन कार्यालय, बाँकेमा "...सुकिला बुढाको नाउँमा दर्ता रहेको जग्गामध्ये ज.वि.०-१२-० जग्गा खरिद गरी मिति २०४३।०९।१२ मा सम्पूर्ण रकम बुझाएकोमा हाल निजको मृत्यु भइसकेकोले निजको हकवाला छोरा काशीराम बुढालाई जग्गा राजीनामामा गरिदिनु भनी आग्रह गर्दा अलटाल गरेकोले उक्त जग्गा रोक्का राखी पाउँ..." भनी निवेदन पेस गरी सो जग्गा रोक्का भएको अवस्थामा यी वादीहरूले पुनरावेदन अदालत, नेपालगन्जमा निषेधाज्ञा मुद्दा (२०६१ सालको दे.नं. ६७) दर्ता गरेको देखिन्छ । सो मुद्दामा यी प्रतिवादी सुन्दरी सुनार्नीको पति दलबहादुरले उक्त घरजग्गा आफ्नो भोगमा रहेको, रजिस्ट्रेसन हुन मात्र बाँकी रहेको भन्ने बेहोरा उल्लेख गरी लिखित जवाफ पेस गरेको देखिन्छ। यसबाट सो बखत पनि उक्त विवादित घरजग्गामा प्रतिवादीहरूको भोग रहेको तथ्य देखिने।

त्यसै गरी, चिसापानी गा.वि.स.को कार्यालय, बाँकेको च.नं.४०५ मिति २०६५।११।१५ को सिफारिसमा "...दलबहादुर सुनारको परिवारले २०४३ सालदेखि सुकिला बुढाको नाउमा रहेको जग्गामा घर बनाई बसी आएको साक्षी सर्जमिनबाट बुझिन आएको सिफारिस गरिन्छ..." भन्ने बेहोरा उल्लेख गर्नुका साथै सोही गा.वि.स. कार्यालयले च.नं.७७५ मिति २०६७।१२।०९ को सिफारिसमा "स्व. दलबहादुर सुनारले यस गा.वि.स.मा आ.ब. २०६३।६४ को घरकर बुझाएको बेहोरा प्रमाणित गरिन्छ" भन्ने बेहोरा उल्लेख गरेको देखिने।

यसरी मिति २०४२।११।१४ मा नै यी वादीहरूको पिता स्व. सुकिला बुढा र प्रतिवादीमध्ये सुन्दरी सुनार्नीको श्रीमान स्व. दलबहादुर सुनारबिच दर्ता भएका बखत पारित गर्ने गरी ज.वि. ०-१२-० जग्गाको बारेमा घरसारमा लिखत भई २०४३ सालदेखि यी प्रतिवादीहरूले घर बनाई बसी सोको घर करसमेत तिरेको भन्ने मिसिल संलग्न रसिद तथा गा.वि.स. कार्यालयको सिफारिसलगायतका प्रमाणहरूबाटसमेत देखिएको हुँदा वादीहरूको नाममा

दर्ता रहेको कि.नं. २७१ को जग्गामा बनेको विवादित घर २०६५ सालमा बनेको भन्ने वादी दाबी विश्वसनिय नदेखिने।

साबिक मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. मा "जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्तैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा कि.नं. २७१ को जग्गामा २०४३ सालदेखि नै यी प्रतिवादीहरूले घर बनाई बसी आएको अवस्थामा २३ वर्ष पछी अर्थात् २०६५ सालमा गरेको फिरादलाई उक्त कानूनबमोजिमको हदम्याद भित्रको मान्न मिल्ने देखिएन । जहाँसम्म कि.नं. २७० को जग्गामा पनि निज प्रतिवादीहरूको भोग रहेकोले सोमा पनि फिराद दाबी खारेज गरिपाउँ भन्ने प्रतिवादीहरूको जिकिर छ, सो सम्बन्धमा उक्त कि.नं. २७० को जग्गामा यी प्रतिवादीहरूले २०४३ सालमा भएको कागजको आधार लिए तापनि सो कागज बमोजिम रजिस्ट्रेसन पास गरी हालसम्म पनि आफ्नो नाममा लिएको अवस्था नदेखिनुका साथै सो जग्गामासमेत निजहरूको भोग स्थापित भएको कुनै प्रमाणबाट देखिँदैन । यस अवस्थामा कि.नं. २७१ मा प्रतिवादीहरूले बनाएको घर र सो घरले चर्चेको लगापातको हकमा मात्र फिराद दाबी खारेज हुने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

वादीहरूको नाममा दर्ता रहेको कि.नं. २७० र २७१ को जग्गामा प्रतिवादीहरूले कब्जा खिचोला गरेको देखिँदा उक्त खिचोला मेटाई वादीहरूले चलन चलाई पाउने भनी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी कि.नं. २७१ मा भएको घर र घरले चर्चेको लगापातको हकमा मात्र फिराद दाबी खारेज हुने भनी तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६९।०४।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर अपरेटर : विकेश गुरागाई

इति संवत् २०७९ साल असोज २४ गते रोज २ शुभम्।

## इजलास नं.६

३५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-१४२१, बन्डा बदर चलन पुर्जी बदर, दाखिल खारेज दर्ता बदर पूर्ववत कायम दर्ता, रवाना खातुनसमेत वि. सहिद नदाफसमेत*

साबिकको मुलुकी ऐन, अंशबन्डाको महल र अदालती बन्दोबस्तको महलको ४६ नं. मा अंशबन्डा गर्दाको प्रक्रियाको सम्बन्धमा कानूनी व्यवस्था गरेको पाइन्छ । उल्लिखित कानूनमा अंशबन्डा गर्दा अंशमा सबै समान अंशियारको बराबरी हक हुने, अंशबन्डा गर्दा सगोलको सम्पत्ति र ऋण घटी बढी नहुने गरी बन्डा गर्नुपर्ने र नरम गरम मिलाई अंशियारको मन्जुरी बमोजिम र मन्जुरी हुन नसके गोला हाली बन्डा गर्नुपर्ने मुलभूत व्यवस्था रहेको पाइने।

धनुषा जिल्ला अदालतबाट यिनै वादी प्रतिवादीहरूकाबिचमा चलेको दे.नं. २०८८ को अंश मुद्दामा वादीले प्रतिवादीहरूबाट अंश पाउने ठहऱ्याई मिति २०६१।४।१७ मा फैसला भएको देखिन्छ। उक्त फैसलाको तपसिल खण्डको देहाए दफा १ मा कि.नं. ३४८ को ०-५-०, कि.नं. ४०० को ०-२-० र कि.नं. १४४ को ०-३-५ गरी जम्मा ०-१०-५समेतका ३ कित्ता जग्गाबाट नरम गरम मिलाई ४ भाग लगाई ४ भागको १ भागलाई पुनः ५ भागमध्ये ३ भाग प्रस्तुत मुद्दाका प्रतिवादी नजिरा खातुनसमेतको नाउँमा बन्डा छुट्याई दिनु भन्ने उल्लेख भएको र फैसलाको कार्यान्वयनको क्रममा मिति २०६४।१२।२ गते सुरू

जिल्ला अदालतबाट खटिएको डोरमार्फत बन्डा मुचुल्का हुदा कि.नं. १४४ को जग्गाबाट एकमुष्ट ०-१-१० जग्गा प्रस्तुत मुद्दाका प्रतिवादीहरूका नाममा बन्डा छुट्याइ दिएको देखिन्छ। अंशियारहरूको मन्जुरी भएको अवस्थामा प्रत्येक कित्ताबाट कित्ता काट नगरी समग्र कित्ताबाट बन्डा छुट्याई दिन कानूनले बाधा गर्दैन। तर अंशियारको मन्जुरी नरहेको अवस्थामा नरम गरम मिलाई भागबन्डा लगाई गोला हाली बन्डा गरिदिनु पर्दछ। उक्त बन्डा मुचुल्का प्रतिवादीको उपस्थितिमा भएको देखिँदैन। नरम गरम मिलाई बन्डा छुट्याइएको भन्ने पनि देखिँदैन। फैसलामा उल्लेख भएबमोजिम नरम गरम मिलाई समान अंशियारको बरावर गरी बन्डा गर्नुपर्नेमा ३ कित्ता जग्गाहरूमध्येबाट बन्डा छुट्याउँदा अंशियारको मन्जुरी उपस्थितिविना एउटै जग्गाबाट बन्डा छुट्याउने गरी गरेको मिति २०६४।१२।२ को बन्डा मुचुल्का कानून र न्यायसङ्गत नदेखिने।

फैसलाबमोजिम बन्डा भएको नदेखिएकोले वादी दाबीबमोजिम बन्डा बदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७३।०३।२० गते फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल मंसिर ८ गते रोज ५ शुभम्।

### ३६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-०१२९, किर्ते जालसाजी, श्यामप्रसाद साहसमेत वि. राजा प्रसाद साहसमेत*

प्रस्तुत विवादको लिखत पारित गरि लिनु दिनु गरेको घटना २०४८ साल असारको देखिन्छ। सो समयमा मुलुकी ऐन किर्ते कागजको १८ नं. मा काम भए गरेका मितिले दुई वर्षभित्र नालेस गर्नुपर्ने हदम्याद तोकिएको पाइन्छ। उल्लिखित १८ नं. मा मिति २०५९/५/२७ मा भएको संशोधनबाट थाहा पाएको मितिले हदम्याद कायम हुने व्यवस्था गरिएको पाइन्छ। कानून व्याख्याको सामान्य सिद्धान्त अनुसार जुन समयमा जुन कानून बहाल छ, सो समयमा भए गरेका घटना वा काम कारबाहीमा सोही कानून लागु हुने र पछि लागु भएको कानून सो कानून लागु भएपछिका घटना वा काम कारबाहीमा आकर्षित हुन्छ। प्रस्तुत विवादमा २०४८ सालको लिखतलाई जालसाजी भनी करिव १७ वर्षपछि मिति २०६५/३/१० मा फिराद गरेको देखिन्छ। तत्कालीन समयमा बहाल रहेको कानूनमा काम भए गरेका मितिले दुई वर्षभित्र नालेश गर्नुपर्ने हदम्याद तोकिएकोले हुदा साबिकको कीर्ते कागजको १८ नं. बमोजिमको हदम्यादभित्र प्रस्तुत फिराद दायर भएको नपाइने।

वादीको फिराद पत्र मुलुकी ऐन, कीर्ते कागजको तत्काल प्रचलित १८ नं बमोजिमको हदम्यादभित्र पर्न आएको नदेखिएकोले खारेज हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१/९/३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त/निर्मलाकुमारी खड्का

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल मंसिर ८ गते रोज ५ शुभम्।

### ३७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७०-CI-१२१०, ०७०-CI-१३०३, ०७२-CI-१२७९, अंश दर्ता चलन, रामलखन प्रसाद गुप्ता वि. राजेन्द्र साह बनियासमेत, किशोर गुप्तासमेत वि. राजेन्द्र साह बनिया, राजेन्द्र साह बनिया वि. रामलखन प्रसाद गुप्तासमेत*

वादी राजेन्द्र साह बनिया र प्रतिवादी

रामलखन प्रसाद गुप्ताको पुनरावेदन जिकिरतर्फ हेर्दा, सुरू रौतहट जिल्ला अदालतमा अंश मुद्दा परिसकेपछि वादी रामाश्रे साह बनियाको प्रतिउत्तरमा र मिति २०५८।९।१० मा दिएको पहिलो तायदातीमा ऋण नदेखाएको तर मिति २०५९।४।२० मा दिएको दोस्रो तायदातीमा रामाश्रे साहले रु.६,००,०००।- ऋण देखाएको पाइन्छ । सोही ऋणको सम्बन्धमा लेनदेन मुद्दा परी मिति २०५९।६।१३ मा फैसला भएको र सो फैसला कार्यान्वयन गर्दा पहिलो तायदातीमा उल्लेख भएका जग्गाहरूसमेत डाँक लिलाम गरी धनी बाबुलाल प्रसाद गुप्ता (रामाश्रेको सम्धी) को नाममा दाखिल खारेज गराएको देखिन्छ । सोही लेनदेनको मुद्दाको कारणबाट बाबुलाल प्रसाद गुप्ताको नाममा गएको जग्गाहरू मिति २०६३।४।१७ मा छुट्टाछुट्टै लिखतबाट रामकैलाश साह बनिया र अन्जु कुमारीका नाममा फर्केको अवस्था देखियो । यसरी रामाश्रे साह बनियाको दोस्रो तायदातीमा देखिएका घरजग्गा संगोलका अंशियार र तिनको श्रीमतीका नाममा पुनः फर्की यथाअवस्थामा रहेबाट अंश मुद्दा परेपछि गरिएको लेनदेन सफा मनसायबाट भएको रहेछ भन्न मिल्ने अवस्था देखिएन । लेनदेन मुद्दामा यी पुनरावेदकहरू रामलखन प्रसाद गुप्ता तथा राजेन्द्र साह बनिया पक्षसमेत नहुँदा रामाश्रे साह बनिया र निजको सम्धी बाबुलालबिच भएको दूषित व्यवहारबाट यी अंशियारहरूले उक्त जग्गाहरूमा भएको अंशको हकबाट वञ्चित हुनुपर्ने हुदैन । त्यस्तो दूषित लेनदेनबाट प्राप्त जग्गा पुनः अंशियारहरूका नाउँमा आउँदैमा अंश लाग्ने जग्गा होइन भनी दाबी जिकिर लिनु न्यायसंगत नहुने ।

मिति २०५९।६।१३ को लेनदेन मुद्दाको फैसला बमोजिमको बिगो मुद्दाबाट दाखिल खारेज भई गएका जग्गाबाहेकका अन्य जग्गा रामाश्रे साह बनियाले तायदाती फाँटवारीमा आफ्नो नामको भनी उल्लेख गरेको भए तापनि माथि उल्लिखित तथ्य प्रमाणहरूबाट लेनदेन मुद्दा दूषित तवरबाट भएको र अदालतमा अंश मुद्दा विचाराधीनसमेत रहेको अवस्थामा उक्त लेनदेन मुद्दालाई आधार नलिई अंश मुद्दाबाट नै इन्साफ दिनुपर्ने हुन्छ । यस अवस्थामा सोही अंश मुद्दामा पेस भएको तायदातीको सबै जग्गाबाट अंशियारहरूबिच बाँडफाँड गर्नु न्यायसंगत हुने देखियो । प्रतिवादी अवध किशोर गुप्ता र अन्जु कुमारीको पुनरावेदन जिकिरबमोजिम फैसला बदरमा जान आवश्यकसमेत नदेखिएकाले सो हदसम्म निजहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अन्जु कुमारीको नामको जिल्ला रौतहट औरैया गा.वि.स. वडा नं.३ कि.नं. १३४९ को जग्गा बन्डा लाग्ने वा नलाग्ने भन्ने सन्दर्भमा विचार गर्दा, उक्त जग्गा अन्जु कुमारीले आफ्नो ससुरा रामाश्रे साहबाट मिति २०५९।२।१९ मा हालैको बकसपत्रबाट प्राप्त गरेको तथ्य मिसिल संलग्न लिखतबाट देखिन्छ । सो जग्गा रामाश्रे साहले मृगेन्द्रमणी दिक्षितबाट मिति २०५८।१।२६ मा हालैको बकसपत्रको माध्यमबाट प्राप्त गरेको देखिन्छ । यसरी रामाश्रे साहले हालैको बकसपत्रबाट निजी आर्जनको रूपमा प्राप्त गरेको जग्गा अन्जु कुमारीलाई हालैको बकसपत्र गरी दिएको देखिँदा अंशबन्डाको १८ नं. ले कि.नं.१३४९ को जग्गा अन्य अंशियारलाई बन्डा गर्नुपर्ने प्रकृतिको देखिएन । उक्त जग्गा अन्जु कुमारीको आफूखुश गर्न पाउने सम्पत्ति देखिँदा सो जग्गामा अरु अंशियारको हक लाग्ने अवस्था नदेखिने ।

विपक्षीमध्येका अन्जु कुमारीको नामको जिल्ला रौतहट औरैया गा.वि.स. वडा नं.३ कि.नं.१३४९ को जग्गा बन्डा नलाग्ने प्रकृतिको हुँदा उक्त जग्गासमेत बन्डा लाग्ने गरी ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।५।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उक्त कि.नं.१३४९ का जग्गाबाहेक अरुमा तायदातीमा पेस भए अनुसारका जग्गा बन्डा लाग्ने ठहराएको इन्साफ

मनासिब ठहर्ने ।।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी, दिप्ती पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७३-CR-१३४२, जालसाजी, रामलखन प्रसाद गुप्ता वि. रामश्रे साहसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०६९-CI-०७६१, निर्णय दर्ता बदर हक कायम चलनसमेत, केदारनाथ चौलागाई वि. सरोजकाजी तुलाधर*

वादी गुडविल फाइनान्सको नाउँमा साबिकमा कि.नं. ४७५ (क्षेत्रफल ०-५-२-०) र प्रतिवादी केदारनाथ चौलागाईको नाउँमा साबिकमा कि.नं. ४१२ (क्षेत्रफल ०-२-२-०) रहेकोमा विवाद देखिएन । प्रतिवादीको नाउँमा दर्ता रहेको साबिक कि.नं. ४१२ जग्गाको क्षेत्रफल ०-२-२-० अर्थात् दुई आना दुई पैसा रहेकोमा सो क्षेत्रफललाइ बर्गमिटरमा परिणत गर्दा ७९.५२ वर्गमिटर हुने देखियो । प्रतिवादीको नाउँमा हाल कायम भएको कि.नं. १६३ को जग्गामा ८३ वर्गमिटर क्षेत्रफल रहेको बेहोरा मिसिल संलग्न प्रतिवादीको प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिएको तर प्रतिवादीको जम्मा जग्गाको क्षेत्रफल ७९.५२ बर्गमिटरभन्दा बढी नहुने स्थितिमा उक्त कि.नं. १६३ मा उल्लिखित ८३ वर्ग मिटर क्षेत्रफलको सबै जग्गा प्रतिवादीको रहेछ भन्न नमिल्ने ।

जहाँसम्म प्रतिवादीले मिति २०५८।१२।०७ मै विवादित जग्गामा घर बनाउन स्वीकृति पत्र लिई हाल घर बनाइसकेको भन्ने जिकिर छ सो सन्दर्भमा मिसिल संलग्न गाउँ विकास समितिको कार्यालय जोरपाटी काठमाडौंको मिति २०५८।१२।०७ को घर बनाउने स्वीकृति पत्रको प्रतिलिपि हेर्दा प्रतिवादी केदारनाथ चौलागाईले कि.नं. ४७५ मा नभई कि.नं ४१२ मा घर बनाउने स्वीकृति लिएको स्पष्ट रूपमा देखिएकाले पनि कि.नं. ४१२ भन्दाबाहेकको वादीको नाउँमा दर्ता कायम रहेको साबिक कि.नं. ४७५ को जग्गासमेतमा पनि प्रतिवादीले घर बनाउने स्वीकृति लिएको रहेछ भन्ने नदेखिने ।

६ नं. नापी गोश्वाराबाट मिति २०६५।५।१२ मा भएको दोस्रो पटकको सर्जमिनका विषयमा प्रश्न उठाई गुडविल फाइनान्सका तर्फबाट सोही मितिमा ६ नं. नापी शाखा बसुन्धरामा "..यस गुडविल फाइनान्सको नाउँमा दर्ता रहेको कि.नं. ४७५ जग्गाको क्षेत्रफल र नक्सा अनुसारको जग्गा भोग चलनमा नरहे तापनि उक्त जग्गाको क्षेत्रफललाइ च्याँपी घटी बढी पारी संधियार केदारनाथ चौलागाईबाट हालसाबिक गर्ने कार्य रोक्का राखी पाउँ.." भनी निवेदन दिएकोमा ६ नं. नापी गोश्वाराबाट नापजाँच ऐन, २०१९ को दफा ६(९) "..पहिला नाप जाँच भई दर्ता स्रेस्ता तयार भई सकेको ठाउँमा पुनः नाप जाँच हुँदा मौजुदा दर्ता स्रेस्ताबमोजिमका जग्गामा दुई वा दुईभन्दा बढी ब्यक्तिहरूकोबिच तेरो मेरोसम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले मौजुदा दर्ता स्रेस्ता भिडाई जग्गा दर्ता गर्नुपर्नेछ.." भन्ने उल्लेख भएबमोजिम पक्ष विपक्षलाई रोहवरमा राखी मौजुदा स्रेस्ता भिडाई जग्गा दर्ता गर्नुपर्नेमा साबिक कि.नं. ४१२(हालको कि.नं. १६३) मा प्रतिवादीको भोगचलन रहेको कुरालाई मात्र मुख्य आधार लिई मिति २०६५।५।१५ मा कि.नं. १६३ को जग्गा प्रतिवादी केदारनाथ चौलागाईको नाउँमा दर्ता गर्ने निर्णय गरेको देखिँदा ६ नं. नापी गोश्वाराको मिति २०६५।५।१५ को निर्णय नापजाँच ऐन, २०१९ को दफा ६(९) बमोजिम भएको रहेछ भनी मान्न नमिल्ने ।

सुरू अदालतबाट मिति २०६६।०६।२० मा

भएको नक्साको न.नं. २१ र न.नं. ३० को ०-०-१-२ जग्गा प्रतिवादीले आफ्नो कि.नं. ४१२ मा घुसाई कि.नं. १६३ कायम गरी नापी गरेको देखिँदा सो हदसम्म सुरू अदालतको फैसला उल्टी गरी उक्त ०-०-१-२ जग्गामा वादीको हक कायम हुने र चलनसमेत चलाई पाउने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बिष्णुप्रसाद पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल मंसिर २६ गते रोज ३ शुभम् ।

**३९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-१३०६, कर्तव्य ज्यान, प्रदिप लोध वि. नेपाल सरकार*

प्रतिवादी प्रदिप लोधले अनुसन्धानमा बयान गर्दा पिन्टु कोहारसमेतका व्यक्तिको संलग्नतामा आफ्नी भाउजू निर्मला लोधको हत्या गरी खाडल खनी गाडेको भनी गरेका बयान बेहोरालाई पूर्ण रूपमा इन्कार गरी घटनामा आफ्नो संलग्नता नभएको भनी अदालतमा बयान गरेको देखिँदा यस घटनामा भएका अन्य परिस्थितिजन्य प्रमाणहरूलाई पनि विश्लेषण गर्नुपर्ने देखियो । यस घटनामा भएका ती परिस्थितिजन्य प्रमाणहरूमा मृतकलाई लागेको एच.आइ.भी.रोग, सोही रोगका कारण प्रतिवादी, निजको श्रीमती र मृतकबिच घरमा भइरहने झगडा, मृतक निर्मला लोधको मृत्यु हुनुभन्दा २०/२५ दिनअगाडि विदेशबाट प्रतिवादीको आकस्मिक आगमन, एका एक निर्मला लोध हराउनु, निज हराएको ५ दिनपछि गाउँमा खाडलमा गाडिएको अवस्थामा एक महिलाको लास फेला पर्नु, आफ्नी भाउजु हराएपछि निजको खोजीमा प्रतिवादीको निस्क्रियता, प्रतिवादीलाई भागी हिँडेको अवस्थामा प्रहरीद्वारा पक्राउ, प्रतिवादीकै श्रीमती र निजका साथी पिन्टु कोहारसमेत फरारी अवस्थामा रहनु, प्रतिवादीको घरमा बरामद भएको कोदालो र लास रहेको स्थानको माटोमा भएको समानतालगायतका परिस्थितिजन्य प्रमाणहरूले पनि निर्मला लोधको मृत्युमा यी प्रतिवादी प्रदिप लोधको संलग्नलालाई पुष्टि गरिरहेको ।

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, घटना प्रकृति मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरूको कागज बेहोरा, अनुसन्धान अधिकारीसमक्षको प्रतिवादीको कसुरमा साबिती रही गरेको बयानसमेतका प्रत्यक्ष प्रमाणका साथै माथि उल्लिखित अन्य परिस्थितिजन्य प्रमाणहरूबाट मृतक निर्मला लोधको मृत्यु यी प्रतिवादी प्रदिप लोधको कर्तव्यबाट भएको पुष्टि भइरहेको देखिँदा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी गरेको सुरू रुपन्देही जिल्ला अदालतको फैसलालाई नै सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिने ।

प्रतिवादी प्रदिप लोधलाई अभियोग दाबीअनुसार तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू रुपन्देही जिल्ला अदालतबाट मिति २०७३।०९।२७ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७४।०९।०४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

प्रदिप लोधको सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी प्राबधान रहेको सन्दर्भमा प्रतिवादीलाई

पनि सर्वस्व ठहर गर्नु कानूनसम्मत नहुने हुँदा प्रतिवादी प्रदिप लोधको हकमा सुरू जिल्ला अदालतमा ल.नं. ५७२१ मा कसेको सर्वस्वसहित जन्मकैदको लगत संशोधन गरी जन्मकैदको मात्र लगत कस्नु भनी सुरू रुपन्देही जिल्ला अदालतमा लेखी पठाई दिने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर :पद्मा आचार्य

इति संवत् २०८० साल साउन २५ गते रोज ५ शुभम्।

## ४०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WO-०१२२, उत्प्रेषण प्रतिषेधसमेत, दिनेश बहादुर विष्ट वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

सोल्टी होटल लि.ले नेपाल सरकारबाट क्यासिनो सञ्चालनको इजाजत प्राप्त गरेकोमा मिति २०५०।०१।१९ मा पहिलो सम्झौता र मिति २०५५।०२।१२ मा उक्त सम्झौतालाई प्रतिस्थापित गरी नेपाल रिक्रिएसन सेन्टरलाई आफूले इजाजत प्राप्त गरेको क्यासिनो सञ्चालनको जिम्मेवारी दिएको देखिन्छ । नेपाल रिक्रियसन सेन्टरले नेपाल सरकारलाई तिर्नुपर्ने रोयल्टी रकम नबुझाएकोले मिति २०६८।०३।०४ मा नेपाल सरकारले नेपाल रिक्रियसन सेन्टरको क्यासिनो सञ्चालनको इजाजत खारेज गरेपछाडी सोल्टी होटल व्यवस्थापनले उक्त क्यासिनो नेपाल सञ्चालन नगरेको मिति २०६८।४।९ देखि मिति २०६९।७।२३ सम्म जम्मा १६ महिना अवधिको रु.८,४३,७१,१४०/७९ बक्यौता रोयल्टी रकम असुलीको सम्वन्धमा विपक्षी कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले लगत नं.१९०४ मा लगत कसी मिति २०७६।११।२३ मा सूचना प्रकाशित गरेउपर यस अदालतमा यिनै निवेदकले यिनै प्रत्यर्थीहरूउपर दायर गरेको रिट नं.०७६-WO-०९९६ को निवेदन विचाराधीन हुँदाहुदै विपक्षी महालेखा नियन्त्रक कार्यालय, कुमारी चोक तथा तथा केन्द्रीय तहसिल कार्यालयले पुन: मिति २०७९/४/१५ मा पत्र लेखि सो मितिसम्मको रु.९,९९,८१,७३४/२६ बेरुजु लगत कायम रहेको र उक्त रकम १५ दिनभित्र बुझाउन आउनु होला। अन्यथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११४ को उपनियम (३) र (७) बमोजिम सरकारी बाँकी असुली प्रक्रिया अगाडि बढाइने भनी सोल्टी होटेलका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टका नाउँमा पत्र लेखी होटेलको खातालगायत जेथासमेत रोक्का गरेको कार्य कानून प्रतिकूल रहेको भनी प्रस्तुत निवेदन पेस गरेको पाइन्छ । यिनै निवेदकले क्यासिनोको रोयल्टी रकम होटलले तिर्नु बुझाउनुपर्ने होइन भनी निवेदन नं. ०७६-WO-०९९६ मिति २०७७।०२।३२ मा पेस गरेको सोही निवेदन बेहोरालाई उल्लेख गरी प्रस्तुत निवेदन पेस गरेको देखिन्छ। निवेदक होटलले क्यासिनोको रोयल्टी रकम तिर्नु बुझाउनु नपर्ने भनी पेस गरेको ०७६-WO-०९९६ नं. को निवेदन आज यसै इजलासबाट खारेज हुने ठहरी निर्णय भई टुङ्गिएको छ । सोही अवधिको रोयल्टी विषयमा मिति २०७९।०४।१५ मा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यलयबाट पत्र लेखिएको भन्ने देखिँदा नयाँ विषयवस्तु उठाएको देखिएन। तसर्थ सोही निवेदनमा लिइएका आधार कारणबाट प्रस्तुत निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का/सदन अधिकारी/ हरिकृष्ण तिमिल्सेना

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल ज्येष्ठ २१ गते रोज १ शुभम्।

**४१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-WO-००९२, ०७९-FN-०१४१, उत्प्रेषण, सुभाष बिक्रम राणासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

प्रस्तुत निवेदनका निवेदकहरूले क्यासिनो नियमावली, २०७० लागू भएपश्चात् मिति २०७१।०१।०५ देखि क्यासिनो एभरेष्ट बन्द भएकोले कामदार कर्मचारीको पारिश्रमिक, उपदानलगायतका सुविधा उपलब्ध गराइपाउँ साथै क्यासिनोको सम्पत्ति विपक्षीहरूले हिनामिना गर्ने, हामी निवेदकहरूलाई धम्काउने, जबरजस्ती सहीछाप गर्न लगाउने कार्य गरेकोले निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी उच्च अदालत पाटनमा ०७३-WO-०१४४ नं. को निवेदन मिति २०७३।०५।१३ मा दायर गरेकोमा उच्च अदालत पाटनबाट उक्त निवेदन मिति २०७४।१०।२४ मा खारेज हुने ठहरी अन्तिम आदेश भएको देखिन्छ। यसका अलावा निवेदकहरूले निवेदन मागदाबीमा परमादेशको आदेश जारी गरिपाउँ भनी लिएका जिकिरहरूका सम्बन्धमा श्रम कार्यालय बाग्मतीबाट निर्णय भई उक्त निर्णय अन्तिम अवस्थामा रहेको देखिँदा निवदकहरूले विपक्षी बनाएका सार्वजनिक निकाय वा अधिकारीले आफ्नो कानूनी कर्तव्य (Legal duty) निर्वहन गर्न इन्कार वा अनिच्छा गरेको भन्ने देखिन नआएकोले परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

निवेदकले क्यासिनो नियमावली, २०७० उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी लिएको निवेदन जिकिरका सम्बन्धमा विचार गरी हेर्दा, पर्यटन ऐन, २०३५ को दफा ५६ ले प्रदान गरेको अख्तियारी प्रयोग गरी सो "ऐन कार्यान्वयन गर्न" संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले क्यासिनो नियमावली, २०७० निर्माण गरेको देखिन्छ। पर्यटन ऐन, २०३५ को दफा ५६ मा "यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमहरू वनाउन सक्ने छ" भन्ने उल्लेख भएको देखिँदा विधायीकी ऐनले दिएको अधिकार प्रयोग गरेर क्यासिनो नियमावली निर्माण भएको हुँदा यसलाई प्रत्यायोजित विधायन (Delegated legislation) को अवधारणाका रूपमा हेरिन्छ। मातृ ऐन लाई प्राप्त अधिकारको विकेन्द्रीकरण गर्ने, विधायिकाको कार्यमा सहयोग पुर्याउने, कार्य सञ्चालनमा सहजता कायम गर्ने, प्राविधिक विषयहरूमा सहजीकरण गर्ने, र कार्यविधिगत व्यवस्था मिलाउने आदि उद्देश्यले प्रत्यायोजित विधायनको अवधारणा प्रयोगमा आएको र नेपालमा पनि यसको प्रयोग नियमित अभ्यासको रूपमा लिइदै आइएको छ। नेपाल सरकारद्वारा जारी पर्यटन नीति २०६५ को बुँदा नं ९(ख) ९मा क्यासिनोसम्बन्धी व्यवस्था गरी उच्च आय वर्गका पर्यटकरुलाई आकर्षित गर्न क्यासिनोलाई मर्यादित रूपमा सञ्चालन गराइनेछ भन्ने नीतिगत व्यवस्था गरेको पाइन्छ। पर्यटन नीतिले गरेको नीतिगत व्यवस्था एवं ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले क्यासिनो व्यवसायलाई नियमन र व्यवस्थित गर्ने उद्देश्यले क्यासिनो नियमावली जारी गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। नियमावलीले क्यासिनो सञ्चालनका लागि निश्चित मापदण्ड, इजाजत पत्र एवं रोयल्टीसम्बन्धीत विषयलाई नियमित गरेको देखिन्छ। निवेदकहरूले एकतर्फ क्यासिनोमा कामगरेबापतको पारिश्रमिक माग गर्ने अर्को तर्फ क्यासिनो नियमावली खारेज गरिपाउँ भनी निवेदन जिकिर लिएकोमा के कति कारणले क्यासिनो नियमावली, २०७० का प्रावधानहरू पर्यटन ऐन, २०३५ को के कुन दफा संग बाझिएको हो भन्ने सम्बन्धमा उल्लेख गर्न सकेको नदेखिएको यस स्थितिमा निवेदकहरूको माग बमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

रिट निवेदकहरूको निवेदन माग दाबी श्रम कार्यालय बागमतीबाट भएको निर्णय कार्यान्वयनबाट तथा नागरिक लगानी कोष, गुडविल फाइनान्स लि.समेतमा रहेको रकम दामासाहीले भुक्तानी हुँदा निवेदकको माग दाबी यथोचित रूपमा सम्बोधन हुने अवस्थाको विद्यमानता देखिन आयो । सो कार्य श्रम कार्यालयबाट गर्न सक्ने भई निवेदकसमेतका कर्मचारीहरूको मागमा श्रम कार्यालयबाट निर्णय भैरहेको र पुनः आवश्यकतानुसार हुन सक्नेसमेत पाँइदा प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का/सदन अधिकारी/ हरिकृष्ण तिमिल्सेना

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल ज्येष्ठ २१ गते रोज १ शुभम् ।

**४२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-WO-०७३९, उत्प्रेषण, सुमित्रा मल्ल वि. नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

प्रस्तुत विवादमा निर्धारित रोयल्टी रकम नेपाल सरकारलाई बुझाउनुपर्ने दायित्व कसको हो ? होटल एभरेष्ट इन्टरनेसनलको हो वा NRC हो भन्ने सम्वन्धमा हेर्दा, निवेदक र प्रत्यर्थी रिक्रियसन सेन्टर प्रा.लि.बिच मिति २३ FEB. १९९३ मा भएको करार सम्झौताको बुदा नं.१२ मा "That NRC shall settle all levies, taxes, including income tax, municipal tax or any such taxes which shall be part of the gaming house casino or operation of the business of a casino directly on its own liability. NRC shall have the right to file, defend or otherwise negotiate any legal matters of any type related to the operation of a gaming house 'casino' " भनी उल्लेख भएको र सम्झौताको बुँदा नं. २१(d) मा "If the agreement is terminated by HELL according to clause 20(d) of this agreement, HELL will pay NRC the balance at the time of termination of the cost of the casino building. Nevertheless, NRC will have to pay all the labilities including government royalty, lease rental, royalty to the hotel and other liabilities arising prior to such termination…" भन्ने उल्लेख भएको देखिन्छ । सो सम्झौतामा रिट निवेदक होटेलको तर्फबाट Mashkoor Ahmad Lari र प्रत्यर्थी रिक्रियसन सेन्टर प्रा.लि. को तर्फबाट R.D.Tuttle ले सहीछाप गरेको देखिन्छ । दुई पक्ष विच सम्पन्न भएको उक्त करार, करार गर्ने पक्षहरूविच लागु हुने निजी कानून हो । सोबाट उत्पन्न हुने दायित्व दुवै पक्षले करारको शर्त अनुसार पूरा गर्नुपर्ने हुन्छ । प्रस्तुत विवाद करारका पक्षहरूबिच मात्र सीमित नभई नेपाल सरकारले प्राप्त गर्नुपर्ने रोयल्टी सँग सम्बन्धित रहेको छ । यसरी पक्षहरूद्वारा सिर्जित निजी कानूनले रोयल्टी कसले तिर्ने भन्ने विषयमा करार गरेको भए तापनि त्यसले सार्वजनिक कानूनलाई निर्देश गर्ने सक्ने हुँदैन । उल्लिखित दुई पक्षबिच भएको करार सम्झौतामा सरोकारवाला निकाय प्रत्यर्थी पर्यटन विभागको अनुमति/सहमति लिएको पनि देखिँदैन । साथै सम्झौतामा नै स्पष्ट रूपमा क्यासिनोको रोयल्टी रकम NRC ले होटललाइ बुझाउने र होटलले नेपाल सरकारलाई बुझाउने भन्ने सम्झौताको बुँदा नं. ११ मा उल्लेख भएको देखिँदा निवेदक होटल क्यासिनोको अनुमतिवाला व्यक्ति देखिँदा रोयल्टी बुझाउने दायित्वबाट होटलले उन्मुक्ति पाउछ भन्न मिल्ने नदेखिने ।

होटल एभरेष्टले क्यासिनो सञ्चालनको मिति २०४८।०९।२२ मा इजाजत लिदा वार्षिक रोयल्टी

रु.८०,००,०००।– रहेकोमा विभिन्न आर्थिक वर्षमा सो रोयल्टीको रकम बढ्दै गएको देखिन्छ । उदाहरणका लागि आर्थिक ऐन, २०६२ ले रोयल्टी रकम वार्षिक १,५०,००,०००।-, आर्थिक वर्ष २०६४ द्वारा रु.१,७०,००,०००।– र आर्थिक वर्ष २०६६ मा रु.२,००,००,०००।– बनेको देखिन्छ । त्यसै गरी आर्थिक ऐन, २०७२ को दफा १६(१) मा "आर्थिक वर्ष २०७२/०७३ मा नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति तथा निकायले क्यासिनो सञ्चालन गरेबापत वार्षिक तीन करोड रुपियाँ रोयल्टी तिर्नु पर्नेछ। तर, आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक दुई करोड रुपियाँ रोयल्टी तिर्नुपर्ने छ" भन्ने उल्लेख भएको एवं क्यासिनो नियमावली, २०७० को नियम १५ मा "इजाजतपत्र प्राप्त कम्पनीले प्रत्येक वर्ष प्रचलित कानूनले तोकेबमोजिमको अवधिभित्र तोकेबमोजिमको रोयल्टी रकम बुझाउनुपर्ने छ"। भन्ने उल्लेख भएको साथै ऐ.नियमावलीको नियम ३२ मा "इजाजत प्राप्त कम्पनीले यस नियमावली बमोजिम बुझाउनु पर्ने कुनै रकम वा दस्तुर नबुझाएमा त्यस्तो रकम वा दस्तुर सरकारी बाँकी सरह असुलउपर गरिनेछ" भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ । सोको लगत आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २० तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०३ र १०४ को आधारमा प्रत्यर्थी कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालयले कस्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाबाट जुन कम्पनीका नाममा होटेल सञ्चालन गर्न इजाजत पत्र छ सोही कम्पनीले नेपाल सरकारलाई तिर्नुपर्ने रोयल्टी रकम तिर्ने र कानूनले तोकिदिएको कार्यालयले लगत कस्ने कुरा स्पष्ट हुने।

जहाँसम्म भूकम्पका कारण भवनमा असर परी केही समय क्यासिनो सञ्चालन गर्न नसकिएको र सोको जानकारी प्रत्यर्थी पर्यटन विभागमा दिएको भन्ने दाबी जिकिर छ, २०७२ सालमा महाभूकम्प गएको कुरा आम जानकारीको विषय हो । त्यसले एभरेष्ट होटलमा क्षति पुग्न गै रातो स्टिकर टाँसिएको भन्ने कुरालाई पनि अस्वभाविक र अपत्यारिलो भन्ने अवस्था छैन। तर सो विषयमा सम्बन्धित निकायमा निवेदन दर्ता गराई कारोबार बन्द गरेका क्यासिनोका हकमा आर्थिक ऐन, २०७२ को दफा १६ को खण्ड (१) बमोजिम वार्षिक रूपमा बुझाउनुपर्ने क्यासिनोको रोयल्टी रकमको पच्चिस प्रतिशत रोयल्टी रकम र सोमा लागेको शुल्क र थप शुल्कको पचास प्रतिशत रकम २०७२ पौष मसान्तभित्र बुझाएमा बाँकी रोयल्टी रकम र त्यसमा लागेको शुल्क र थप शुल्क मिन्हा हुनेछ भन्ने कानूनी व्यवस्था पनि ऐनले गरेको देखिन्छ। यदी भूकम्पको कारण क्यासिनोको रोयल्टी तिर्न असमर्थ रहेको अवस्था भए सोको दाबी लिई सम्बन्धित निकायमा निवेदन दिनु आवश्यक हुन्छ। तर प्रस्तुत मुद्दामा पेस हुन आएको तथ्यबाट निवेदकले कानूनी सुविधा लिन कुनै प्रयास गरेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिने।

रिट निवेदकबाट क्यासिनोको बक्यौता रोयल्टी दाखिला गर्नु भनी प्रत्यर्थीहरूबाट जारी भएका सूचनालगायतका कामकारबाहीको कारणबाट रिट निवेदकलाई संवैधानिक र कानूनीप्रदत्त हक अधिकारमा कुनै प्रकारको अवरोध भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट खारेज हुने ठहर्ने।।

इजलास अधिकृत: शैलेन्द्र खड्का/सदन अधिकारी/हरिकृष्ण तिमिल्सेना

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल जेष्ठ २१ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७४-WO-०२२०, उत्प्रेषण, श्री सारीक अहमद लारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत
- ०७९-WO-०१४८, उत्प्रेषणसमेत, श्री शारीक अहमद लारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबारसमेत
- ०७६-WO-०९९६, उत्प्रेषण, श्री दिनेश बहादुर विष्ट वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत

**४३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७९-WO- ०२९०, उत्प्रेषणसमेत, विकास पोद्धार वि. उमेशकुमार माझीसमेत*

प्रतिष्ठानले मिति २०७७।२।१४ मा विपक्षी उमेशकुमार माझीलाई सोधिएको स्पष्टीकरणमा २०७७।२।१३ गते विहान ८.०० बजे तपाईँलगायतका श्रमिकले कम्पनीको उत्पादन ठप्प पारी धाक धम्की गरेको र आर्थिक क्षति गर्नु भएको भन्ने उल्लेख छ। के कुन सामान के कति मूल्यको क्षति भएको कहीँबाट खुल्दैन। विपक्षी उमेशकुमारले हुलदंगा गरेको होइन। कोरोनाबाट कम्पनीकै कामदार सविना खातुनको मृत्यु भएकोले मलामी गएको हो। हुलदंगा गरेको होइन भनी स्पष्टीकरण पेस गरेको पनि देखिन्छ। प्रतिष्ठानले विपक्षी उमेशकुमारलाई मिति २०७७।३।५ मा दिएको सेवाबाट हटाइएको भन्ने बारेको पत्रबाट पनि " उद्योग बन्द गराई मलामी गयौं भन्नु भएको छ। ...जानकारी गराएर केही व्यक्तिमात्र जानु पर्ने हो। कारखाना खाली गराई जबरजस्ती गर्ने कार्यलाई कहीँ पनि उचित मानिदैन। यसलाई उद्योग बन्द गरेको मानिन्छ।" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसरी घटनाक्रम हेर्दा पनि कोरोनाको कारणबाट कम्पनीकै कामदारको मृत्यु भएको र सो मृत्युमा आफ्ना सहकर्मी कामदारको अन्त्येष्टी गर्न मलामी गएको संवेदनशील विषयबाट उठान भई विपक्षी उमेशकुमार माझीलाई सेवाबाट बर्खास्त गर्ने सम्मको कार्य भएको देखिन्छ। विपक्षी उमेशकुमारले प्रतिष्ठानमा मिति २०७०।१०।०१ देखि स्थायी नियुक्ति पाई कार्यरत रही आएको देखिन्छ। निजले यसपूर्व आचरणविपरीत कार्य गरेको भन्ने कुनै तथ्य प्रतिष्ठानबाट पेस भएको देखिँदैन। श्रम ऐन, २०७४ को दफा १३१ मा नसिहद दिने, पारिश्रमिक कट्टा गर्ने, तलब वृद्धी रोक्का गर्ने, बढुवा रोक्का गर्ने जस्ता सामान्य सजायको व्यवस्था पनि गरेको पाइन्छ। प्रतिष्ठनले विपक्षी उमेशकुमारलाई सामान्य सजाय नदिई एकैपटक सेवाबाट हटाउने अन्तिम र संवेदनशील निर्णय गरेको देखिन्छ। यिनै तथ्य प्रमाणलाई हेरी मूल्याङ्कन गरी उचित आधार र कारण विना सेवाबाट हटाइएको निर्णय बदर गरी विपक्षी उमेशकुमारलाई सेवामा पुनर्वहाली गर्ने गरी फैसला गरेको देखिन्छ। श्रम अदालतले तथ्य प्रमाण केलाई गरेको फैसलालाई रिट क्षेत्राधिकारबाट प्रवेश गरी परीक्षण गर्ने कानूनी त्रुटि भएको अवस्था देखिएन। बस्तुगत आधार विना श्रमिकलाई सेवाबाट हटाईएकोमा सेवामा पुनर्बहाली गर्दा प्रतिष्ठानको संविधान र कानून प्रदत्त हकमा आघात पर्न जाने पनि नहुने।

निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- आनन्दराज पन्त

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम्।

४४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७९-WO-०२९१, उत्प्रेषणसमेत, विकास पोद्दार वि. चन्दनकुमार खाँसमेत*

प्रतिष्ठानले मिति २०७७।२।१४ मा विपक्षी चन्दनकुमार खाँलाई सोधिएको स्पष्टीकरणमा मिति २०७७।२।१३ गते बिहान ८.०० बजे तपाईलगायतका श्रमिकले कम्पनीको उत्पादन ठप्प पारी धाक धम्की गरेको र आर्थिक क्षति गर्नु भएको भन्ने उल्लेख छ । के कुन सामान के कति मूल्यको क्षति भएको कहींँबाट खुल्दैन । विपक्षी चन्दनकुमारले हुलदंगा गरेको होइन । कोरोनाबाट कम्पनीकै कामदार सविना खातुनको मृत्यु भएकोले मलामी जानु पर्ने भएकोले गएको हो । हुलदंगा गरेको होइन भनी स्पष्टीकरण पेस गरेको पनि देखिन्छ । प्रतिष्ठानले विपक्षी चन्दनकुमारलाई मिति २०७७।३।५ मा दिएको सेवाबाट हटाइएको भन्ने बारेको पत्रबाट पनि " उद्योग बन्द गराई मलामी गयौं भन्नु भएको छ । ...जानकारी गराएर केही व्यक्तिमात्र जानुपर्ने हो । कारखाना खाली गराई जबरजस्ती गर्ने कार्यलाई कहि पनि उचित मानिदैन । यसलाई उद्योग बन्द गरेको मानिन्छ ।" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । यसरी घटनाक्रम हेर्दा पनि कोरोनाको कारणबाट कम्पनीकै कामदारको मृत्यु भएको र सो मृत्युमा आफ्ना सहकर्मी कामदारको अन्त्यष्टी गर्न मलामी गएको संवेदनशील विषयबाट उठान भै विपक्षी चन्दनकुमार खाँलाई सेवाबाट बर्खास्त गर्नेसम्मको कार्य भएको देखिन्छ । विपक्षी चन्दनकुमारले प्रतिष्ठानमा मिति २०७३।०४।०१ देखि लागु हुने गरी स्थायी नियुक्ति पाई कार्यरत रही आएको देखिन्छ । निजले यसपूर्व आचरण विपरीत कार्य गरेको भन्ने कुनै तथ्य प्रतिष्ठानबाट पेस भएको देखिँदैन । श्रम ऐन, २०७४ को दफा १३१ मा नसिहद दिने, पारिश्रमिक कट्टा गर्ने, तलब वृद्धि रोक्का गर्ने, बढुवा रोक्का गर्ने जस्ता सामान्य सजायको व्यवस्था पनि गरेको पाइन्छ । प्रतिष्ठानले विपक्षी चन्दनकुमारलाई सामान्य सजाय नदिई एकैपटक सेवाबाट हटाउने अन्तिम र संवेदनशील निर्णय गरेको देखिन्छ । यिनै तथ्य प्रमाणलाई हेरी मूल्याङ्कन गरी उचित आधार र कारणविना विपक्षी चन्दनकुमारलाई सेवाबाट हटाइएको निर्णय बदर गरी सेवामा पुनर्बहाली गर्ने गरी फैसला गरेको देखिन्छ । श्रम अदालतले तथ्य प्रमाण केलाई गरेको फैसलालाई रिट क्षेत्राधिकारबाट प्रवेश गरी परीक्षण गर्ने कानूनी त्रुटि भएको अवस्था देखिएन । वस्तुगत आधार विना श्रमिकलाई सेवाबाट हटाइएकोमा सेवामा पुनर्बहाली गर्दा प्रतिष्ठानको संविधान र कानूनप्रदत्त हकमा आघात पर्न नजाने ।

निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- आनन्दराज पन्त

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम् ।

## इजलास नं.८

४५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CR-०३०२, ठगी, कविता वाग्ले वि. नेपाल सरकार*

आफूले जाहेरवालाहरूबाट घरखर्च चलाउन कानूनबमोजिमको ब्याजभन्दा बढी ब्याज दिने गरी ऋण सापटी लिएको विशुद्ध लेनदेनको विषयलाई ठगीको कसुर भन्न मिल्दैन । ऋण कर्जा लिएको रकम मुलुकी ऐन, लेनदेनको महल बमोजिमको प्रक्रियाबाट असुलउपर गर्नुपर्नेमा ठगीमा सजाय गर्न मिल्दैन भन्ने प्रतिवादीको मुख्य पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा यी पुनरावेदक प्रतिवादी स्वयंले

यी जाहेरवालाहरूले सामान्य ब्याजमा रकम दिन नमानेकोले जाहेरवालाहरूलाई मिटरब्याज दिने भनी रकम लिएको भनी बयान गरेको देखिन्छ । लेनदेन व्यवहार हो भनी दाबी गर्ने यी पुनरावेदकले सो रकम लिँदा कुनै कानूनबमोजिमको कागज गरेको पनि देखिँदैन । कानूनले निषेध गरेको चर्को ब्याजको प्रलोभन दिइ रकम असुल गर्ने र लिएको रकमको कुनै कागजसमेत गरी नदिने साथै लिएको रकम पनि फिर्ता नदिने र नबुझाउने हाल आएर सो कार्य लेनदेन व्यवहार हो भनी अपराधिक दायित्वबाट उन्मुक्ति पाउनको लागि यी पुनरावेदकले दाबी गरेको देखिन आयो । लेनदेन व्यवहार हो भनी प्रतिवाद गर्ने तर लेनदेन व्यवहारसम्बन्धी कानूनले तोकेका सर्तहरूको पालना नगरी जाहेरवालाहरूको रकम फिर्ता पनि नगर्ने कार्यलाई लेनदेन व्यवहार मात्र हो भन्न मान्न मिल्ने देखिएन । सामान्यतया लेनदेन व्यवहार केही व्यक्तिहरूसँग हुनेमा यी पुनरावेदक/प्रतिवादीले पुरै टोल समुदायका व्यक्तिहरूलाई विभिन्न आश्वासन र कानूनले तोकेभन्दा बढी ब्याजको प्रलोभन देखाई झुक्याई रकम लिई नतिरेको देखियो । तसर्थ, निजको यस्तो क्रियाकलापलाई सामान्य लेनदेन मात्र भन्न मिल्ने नभई मुलुकी ऐन, ठगीको १ नं.ले परिभषित गरेको कसुर रहे भएको देखिन आयो । यस्तो स्थितिमा लेनदेन व्यवहारको विषयमा ठगीको कसुर ठहर गरेको भनी मुद्दा दोहोऱ्याइ हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधारसँगसमेत सहमत हुन सकिएन । अतः ठगीको कसुर कायम गरेको सुरू फैसला सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादी कविता वाग्लेलाई मुलुकी ऐन, ठगीको महलको १ नं. बमोजिमको कसुर कायम गरी सोही महलको ४ नं. बमोजिम ४ वर्ष कैद र रू.७४,५४,०००।- जरिवाना हुने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ देखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा ३ को खण्ड (ग) मा "भ्रष्टाचार हुनेमाबाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा, आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटी ठगी गरेमाबाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजारसम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेकोले निज प्रतिवादीलाई भएको कैद सजाय हालको कानूनी व्यवस्थासँग फरक नपर्ने भई मिलेकै देखियो । जरिवानाको हकमा साबिक मुलुकी ऐन, ठगीको महलमा भएको जरिवाना हाल प्रचलित रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा ३ को खण्ड (ग) मा उल्लिखित सत्तरी हजार जरिवानाभन्दा बढी भई यी पुनरावेदक प्रतिवादीलाई रू.७४,५४,०००।- जरिवाना गरिएको देखियो । सो सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्नेछ" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध

संहिता, २०७४ मा तोकिएको जरिवानाभन्दा बढी जरिवाना गरिएको हुँदा उल्लिखित कानूनी प्रावधान बमोजिम रु.७०,०००।- भन्दा बढी जरिवाना गर्न नहुने भएकाले प्रस्तुत मुद्दामा प्रतिवादी कविता वाग्लेलाई ४ वर्ष कैद र रू.७०,०००।- मात्र जरिवाना हुने देखियो। तसर्थ, निज प्रतिवादीलाई ४ वर्ष कैद गरी बकपत्र गर्ने जाहेरवालाहरूको बिगोसमेत भराई पाउने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने र जरिवानाको हकमा प्रतिवादीलाई रू.७०,०००।- मात्र जरिवाना कायम हुने।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल भदौ २९ गते रोज ६ शुभम्।

४६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CI-००१९, उत्प्रेषण / परमादेश, कृष्णबहादुर राउत वि. पुरुषोत्तम मानन्धर*

मध्यस्थताको कारबाही सुचारु रहेको बेला सो कामकारबाहीमा असर पर्ने गरी अदालतले क्षेत्राधिकार ग्रहण गर्न नमिल्ने भनी प्रत्यर्थीतर्फका विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा लिएको जिकिरतर्फ विचार गर्दा, मध्यस्थता ऐन, २०५५ को दफा ३९ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा अन्यथा व्यवस्था भएकोमाबाहेक यस ऐनद्वारा नियमित भएका विषयमा कुनै अदालतको क्षेत्राधिकार हुने छैन भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। उल्लिखित कानूनी प्रावधानले कुनै विवादमा मध्यस्थको कारबाही सुरू भइसकेको वा सूचारु रहे भएको अवस्थामा कुनै अदालतले सोमा क्षेत्राधिकार ग्रहण गर्न नहुने कानूनी व्यवस्था गरेको देखिन्छ। प्रस्तुत विवादमा मध्यस्थले आफ्नो कारबाही प्रारम्भ गरिसकेको छ भन्ने दाबी प्रत्यर्थी/निवेदकले गर्न सकेको देखिँदैन। यस्तोमा मध्यस्थले क्षेत्राधिकार ग्रहण गरिसकेको हुँदा अदालतले हस्तक्षेप गर्न सक्दैन भन्ने अर्थ गर्न मिल्ने देखिँदैन। प्रस्तुत विवादमा, प्रत्यर्थी कम्पनीसँगको ठेक्का सम्झौता अन्त्य गर्ने नगर्ने, कालोसूचीमा राख्ने नराख्ने, क्षतिपूर्ति भराउने, नभराउने भन्ने प्रश्नहरूमा मध्यस्थता गठन भई मध्यस्थले क्षेत्राधिकार ग्रहण गरी यी विषयमा कारबाही अगाडि बढाएको भन्ने देखिएको छैन। यसरी मध्यस्थ गठन नै नभएको अवस्थामा मध्यस्थता ऐन, २०५५ को सो दफा ३९ को प्रावधान आकर्षित नभई सार्वजनिक खरिद ऐन, नियमावलीको विशेष प्रावधान नै आकर्षित हुने देखिने।

पुनरावेदन अदालत पाटनबाट ०७२-FJ-००३६ को निवेदनमा मिति २०७२।०६।१५ मा फैसला हुँदा निवेदकले विपक्षीबाट परिपालना गराई पाउन माग गरेको करार निवेदक स्वयंले नै पालना गरेको नदेखिएकोसमेतको आधारमा निवेदन खारेज हुने ठहऱ्याइ भएको आदेशमा पटक पटक मौका दिँदासमेत कामप्रति उदासिनता देखाउने कार्य प्रारम्भिक रूपमा नै गैरजिम्मेवारीपूर्ण देखिन आउने भन्नेसमेतको बेहोरा उल्लेख भएको पृष्ठभूमिमा, प्रत्यर्थी/निवेदक निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्यसम्पादन नगरेकोमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१" बमोजिम मिति २०७२।०४।२८ मा एडभान्स पेमेन्ट र परफरमेन्स बण्डबापतको रकम यस कार्यालयको धरौटी खातामा राखिएकोमा सो रकम राजस्व शिर्षक नं. १४३१२ मा दाखिला गर्ने र निर्माण कम्पनीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरी पठाउने गरी पुनरावेदक जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०७५।०५।१० मा भएको

निर्णय र सोही आधारमा मिति २०७५।०५।१८ मा प्रेषित पत्रलाई गैरकानूनी भन्न नमिल्ने ।

जिल्ला प्रशासन कार्यालयको मिति २०७५।५।१० को निर्णय तथा मिति २०७५।०५।१८ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकको रिट निवेदन खारेज गर्नुपर्नेमा पुनरावेदन अदालत पाटनको मिति २०७२।११।२७ को फैसला विपरीत हुने गरी जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०७५।०५।१० को निर्णय तथा मिति २०७५।०५।१८ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७५।०८।१२ मा भएको आदेश त्रुटिपूर्ण भई मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः गोविन्द आचार्य, गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल मंसिर १३ गते रोज ४ शुभम् ।

४७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WO-००५१, उत्प्रेषणयुक्त परमादेशसमेत, बेलबहादर दमाई वि. गंगादेव गाउँ कार्यपालिका सानडाँडा, रोल्पासमेत*

गाउँ सभाबाट मिति २०७४।०८।२९ मा नेपाल सरकारसमक्ष गाउँपालिकाको नाम र केन्द्र परिवर्तन गर्न गरिएको सिफारिस अनुसार नेपाल सरकारबाट निर्णय भई सुकीदह गाउँपालिकाको नाम र केन्द्र दुवै हेरफेर भएको सूचना मिति २०७४।११।१४ को राजपत्रमा सूचना प्रकाशन भएको देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ अनुसारको प्रक्रिया र कार्यविधिमा कुनै त्रुटि भएको नदेखिएको र गाउँपालिकाको मिति २०७९।०३।१७ को निर्णयलाई गाउँसभाको २०७९।३।३१ को बैठकले अनुमोदन गरेको भए पनि गाउँपालिकाको नाम र केन्द्र परिवर्तन सम्बन्धमा निर्णयको निमित्त सङ्घीय मामिला मन्त्रालयमा लुम्बिनी प्रदेश सरकारबाट सिफारिस भई आएको नदेखिएको र प्रदेश सरकारबाट सो सम्बन्धमा सिफारिससहितको फाइल पेस हुन नआएको भन्नेसमेत बेहोराको सङ्घीय मामिला मन्त्रालयको लिखित जबाफबाट देखिन आएकाले नेपाल सरकारले पुन: गाउँपालिकाको नाम र केन्द्र परिवर्तनको सम्बन्धमा कुनै निर्णय भएको गरेको देखिन आएन । यसरी जुन आशंकामा रिट निवेदकबाट प्रस्तुत रिट दर्ता भएको हो सो सम्बन्धमा प्रदेश सरकारले सिफारिस नै गरी नसकेको र प्रदेशकोसमेत सिफारिस बिना सङ्घीय सरकारबाटसमेत निर्णय हुने अवस्था नरहेको परिप्रेक्ष्यमा, कुनै निर्णय नै नभएको अपरिपक्क विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नुपर्ने अवस्था नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

रोल्पा जिल्ला गंगादेव गाउँपालिकाको नाम पुन सुकीहद कायम हुने र सो गाउँपालिकाको केन्द्र सानाडाँडाबाट जिनावाङ सार्ने गाउँपालिकाको मिति २०७९।०३।१७ को निर्णय प्रदेश तथा सङ्घीय सरकारबाट कार्यान्वयन भए गरेको अवस्था देखिन आएन । साथै नेपाल सरकारबाट गाउँपालिकाको नाम र केन्द्र परिवर्तन गर्ने सम्बन्धमा नयाँ निर्णय भएको नदेखिँदा निर्णय नै नभएको विषयमा संविधान वा कानून प्रदत्त हक हनन वा संविधानको कानूनको उल्लङ्घनको प्रश्न समावेश रहेको मान्न मिल्ने नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गोविन्द आचार्य

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल मंसिर ११ गते रोज २ शुभम् ।

४८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी**, *०७८-CR-१३५३, वैदेशिक रोजगार कसुर, विष्णुनारायण श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीले वैदेशिक रोजगारको लागि जापान तथा कोरिया पठाइदिन्छु भनी झुक्याई हामीहरूबाट जनही चार लाख रुपियाँ लिई भने अनुसारको काममा नपठाई रकमसमेत फिर्ता नदिएको भन्ने कल्पना सिं ठकुरी र सुचित्रा कपालीको परेको जाहेरी दरखास्तको आधारमा प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । निज जाहेरवालाहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा आई जाहेरी बेहोरालाई समर्थन गरी बकपत्रसमेत गरिदिएको देखिन्छ । निजहरूको भनाईलाई बुझिएकी राधादेवी श्रेष्ठले बकपत्र गरी समर्थन गरिदिएको अवस्था रहेको छ । प्रतिवादीले यी जाहेरवालालाई वैदेशिकक रोजगारको लागि जापान तथा कोरियामा पठाई दिने भनी चार/चार लाख रुपियाँ लिई सोबमोजिम पठाउन नसकेमा वैदेशिक रोजगारसम्बन्धी कानून अनुसार रकम असुलउपर गरी लिनु भन्न सर्त राखी छुट्टाछुट्टै कागज गरिदिएको देखिन्छ । निज प्रतिवादीले वैदेशिक रोजगारसम्बन्धी व्यवसाय गर्ने इजाजत पत्र प्राप्त गरेको भन्ने पनि मिसिलबाट देखिँदैन । उक्त कागज जाहेरवालाहरूले जोरजुलुम गरी जबरजस्ती करकापबाट गराएको हो, सोउपर काठमाडौं जिल्ला अदालतमा करकाप मुद्दा दायर गरेको छ भनेकोमा सो करकाप मुद्दामा निजको फिराद दाबी पुग्न नसक्ने ठहरी फैसला भई सो फैसला उच्च अदालत पाटनबाटसमेत सदर भई अन्तिम भएको देखिएबाट निज पुनरावेदकले करकापमा कागज गराएको भन्ने जिकिर विश्वसनीय देखिएन । पुनरावेदक प्रतिवादीले जाहेरवालालाई गरिदिएको कागज बदर नभई यथावत रहेको अवस्थामा सो कागजमा लेखिएको बेहोरालाई अन्यथा मान्न मिलेन । पुनरावेदक प्रतिवादीले जाहेरवालाहरूसँग आफ्नो कारोबार भएको तथ्य स्वीकार गरेको तर सो कारोबार ढुकुटीसँग सम्बन्धित रहेको भने पनि उक्त कागजको बेहोरा हेर्दा वैदेशिक रोजगारीका लागि इजरायल वा कोरिया पठाइदिने भनी उल्लेख गरेको देखिएको र पुनरावेदक प्रतिवादीले उक्त रकम ढुकुटीसँग सम्बन्धित हो भनी जिकिर पुष्टि हुने कुनै प्रमाण दाखिला गर्न नसकेबाट पनि निज प्रतिवादीको उक्त जिकिर विश्वासलायक देखिएन । यी पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगार गर्ने अनुमतिसमेत नलिई वैदेशिक रोजगारको लागि जापान तथा कोरिया पठाइदिन्छु भनी झुक्याई जाहेरवालाहरूबाट रकम लिई भने अनुसारको काममा नपठाई रकमसमेत फिर्ता नदिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको तथ्य पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरी दाबीबमोजिमको जाहेरवालाहरूको बिगो तथा हर्जाना निज प्रतिवादीबाट भराइदिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिँदा सो फैसला बदर गरी अभियोग दाबीबाट सफाइपाउ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी विष्णुनारायण श्रेष्ठलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम जरिवाना रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) र १(एक) वर्ष ६(छ) महिना कैद हुने साथै जाहेरवालाहरूले निजहरूको बिगो रू.८,००,०००।- (आठ लाख रूपैयाँ) र सोको ५०% (पचास प्रतिशत) ले हुने हर्जाना रू.४,००,०००।- (चार लाख रूपैयाँ) समेत गरी जम्मा रू.१२,००,०००।- (बाह्र लाख रूपैयाँ) प्रतिवादीबाट भराई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७८।९।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

**४९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CR-१११०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मोहमद मस्तकिम मियाँसमेत*

वादी नेपाल सरकारले प्रतिवादीहरू अबजल अन्सारी र प्रतिवादी मो. जन्तलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला नमिलेको भनी लिएको जिकिर सम्बन्धमा हेर्दा, सुरू जाहेरीमा जाहेरवाला नारायण मुखियासमेतले प्रतिवादी मो. जन्तको संलग्नता रहेको भनी उल्लेख गरेको र त्यसैगरी मो. याकुबसमेतले सुरू जाहेरीमा जाहेरवाला प्रतिवादी अवजल अन्सारी र मो. जन्त कसुरमा संलग्न रहेको भन्ने उल्लेख गरेको भए तापनि आफू कसुरमा साबित भएको सह-प्रतिवादी मो. मस्तकिम मियाँले मौकामा तथा सुरू न्यायाधिकरणसमक्ष गरेको बयानका क्रममा यी प्रतिवादीहरूलाई पोल गरेको देखिँदैन । यी प्रतिवादीहरूले जाहेरवालाबाट रकम लिएको वा कागज गरिदिएको भन्ने पनि देखिँदैन । साथै, जाहेरवालाहरूले सुरू न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा पनि यी प्रतिवादीहरू उक्त कसुरमा संलग्न रहेको भनी निश्चयात्मक रूपमा बकपत्र गर्न सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादीको हुनेमा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले प्रतिवादीउपरको कसुर पुष्टि हुने कुनै वस्तुनिष्ठ सबुत प्रमाण पेस गर्न सकेको नदेखिँदा केवल मौकाको जाहेरीमा उल्लेख भएकै आधारमा यी प्रत्यर्थी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी मान्नु न्यायोचित देखिएन । अतः प्रतिवादी अवजल अन्सारी र प्रतिवादी मो. जन्तले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याउने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा नदेखिने ।

जाहेरवालाहरूसँग प्रतिवादीहरूले ठगी गरेको बिगो रू.१,४२,३९,०००।- र सोको पचास प्रतिशतले हर्जाना भराई पाउँ भन्ने अभियोग माग दाबी लिइएकोमा वैदेशिक रोजगार न्यायाधिकरणबाट रु.४६,३७,०००।- मात्र बिगो कायम गरी सो रकम र सोको पचास प्रतिशतले हुने हर्जाना रकम मात्र भराई दिने गरी भएको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा, जाहेरवाला तथा पीडितहरूले प्रतिवादीहरूले वैदेशिक रोजगारीको लागी कुवेत पठाई दिने भनी रू.१,४२,३९,०००।-रकम लिई वैदेशिक रोजगारीमा नपठाई ठगी गरेको भनी जाहेरिसम्म दिएको देखिए तापनि सो जाहेरी बमोजिमको कसुर पुष्टि हुने सबुत पेस गरेको देखिँदैन । मुद्दा पुर्पक्षको सिलसिलामा आफूले जाहेरीमा उल्लेख गरेको बेहोरा पुष्टि हुने कुनै प्रमाण भए सो प्रमाण पेस गरी न्यायिक निकायलाई मुद्दाको न्यायिक निरुपणमा सहयोग गर्नु जाहेरवालाहरूकोसमेत दायित्व हुन जान्छ । प्रतिवादीहरूले रकम बुझी गरिदिएको कागजको प्रकृति अनुसार त्यस्तो कागज जाहेरवाला तथा पीडितहरूको साथमा रहने भएकाले निजहरूको सहयोग बिना वा निजहरूले त्यस्तो कागज पेस नगरेसम्म जाहेरीमा उल्लिखित बेहोराको मुद्दाको सत्य तथ्य निर्क्यौल गर्न कठिन हुन जान्छ । यस स्थितिमा जाहेरवालाहरूले ठगी भएको भनिएको आफ्नो रकमका सम्बन्धमा न्यायाधिकरणमा उपस्थित भई भएको बेहोरा खुलाई बकपत्र गर्ने र कागज प्रमाण पेस गर्नुपर्नेमा न्यायाधिकरणबाट आदेश हुँदासमेत उपस्थित नभएको देखिँदा निजहरूले दाबी गरेको रकमसमेत यी प्रतिवादीहरूले ठगी गरी लिएको हो होइन भन्ने यकिन हुन सक्ने अवस्था भएन । प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुने प्रमाण पेस गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५

बमोजिम वादी नेपाल सरकारको हुनेमा वादी नेपाल सरकारले पीडित भनिएका आफ्ना साक्षीका रूपमा ती जाहेरवालाहरूलाई उपस्थित गराई बकपत्र गराउन सकेको नदेखिँदा केवल जाहेरी दरखास्तको भरमा मात्र सो रकमको बिगो कायम गरी प्रतिवादीहरूलाई सजाय गर्नु उचित देखिएन। तसर्थ, जाहेरी बेहोरालाइ समर्थित गरी बकपत्र गरिदिने जाहेरवाला तथा पीडितहरूको रकमको मात्र रू.४६,३७,०००।- बिगो कायम गरी सो रकम र सोको पचास प्रतिशतले हुने हर्जाना रू.२३,१८,५००।- प्रतिवादीहरूबाट भराई दिने र बकपत्र गर्न उपस्थित नहुने जाहेरवालाहरूको रकमका सम्बन्धमा दाबी नपुग्ने ठहऱ्याइ भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला सो हदमासमेत अन्यथा भएको नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू अवजल अन्सारी र प्रतिवादी मो. जन्तले अभियोग दाबीबाट सफाइ पाउने तथा प्रतिवादीहरू मो. मस्तकिम मियाँ, हजरत मियाँ र रहमान मियाँलाई वैदैशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही दफाबमोजिम जनही रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना र २(दुई) वर्ष कैद हुने तथा बिगो रू.४६,३७,०००।- कायम गरी सोको ५०% ले हुने हर्जाना रू.२३,१८,५००।- समेत जम्मा रू.६९,५५,५००।- कसुर ठहर भएका प्रतिवादीहरू मो. मस्तकिम मियाँ, हजरत मियाँ र रहमान मियाँबाट पीडित जाहेरवालाहरूलाई दामासाहीले भराई दिने एवम् बकपत्र नगर्ने जाहेरवालाहरूको हकमा बिगोतर्फ दाबी पुग्न नसक्ने ठहर भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७८।६।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम्।

५०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-१५६७, कर्तव्य ज्यान, खन्टे भन्ने खड्गबहादुर धामी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी खन्टे भन्ने खड्गबहादुर धामीले आफू कन्थरीदेवी धामी लामो समयदेखि अनैतिक क्रियाकलापमा संलग्न भएकोले सम्झाउन गएको र मृतकले आफूलाई गाली गलौज गरेकोले रिस उठी ढुङ्गा प्रहार गरेको भनी बयानमा लेखाएको देखिए तापनि यी प्रतिवादी लोग्ने घरमा नभएका मृतक कन्थरीदेवीको घरमा रक्सी खाई रातको समयमा प्रवेश गरेको देखिन आउँछ। वारदातको प्रत्यक्षदर्शी कन्थरीदेवी धामीको छोरा मानबहादुर धामीले मौकामा कागज गर्दा मिति २०६४।०५।२५ गते राति खाना खाई मेरी आमा कन्थरीदेवी धामी र म आफ्नै घरमा सुतिरहेको अवस्थामा प्रतिवादी खन्टे भन्ने खड्गबहादुर धामीले मेरी आमा कन्थरीदेवी धामीसँग जबरजस्ती यौनसम्पर्क गर्न आमालाई हातपात गर्न लाग्दा आमाले चिच्याई कराउन लाग्दा म निन्द्राबाट ब्युँझिई उठेर हेर्दा निज प्रतिवादीले ढुङ्गा समाती आमाको टाउकोमा प्रहार गरी आमा रोई कराई गरिरहेको बेहोरा उल्लेख गरेको र निजले सोही बेहोरालाई सामर्थन हुने गरी सुरू अदालतमा बकपत्र गरेको देखियो। निज मानबहादुर धामी वारदातको प्रत्यक्षदर्शी देखिन्छन्। निजको बकपत्रबाट मृतक आमा चिच्याई कराई गरेपछि निजले थाहा पाई व्युझिई उठी हेर्दा आमाको टाउकोमा ढुङ्गाले प्रहार गरेको देखेको भन्ने खुल्न आउँदा यी प्रतिवादीले बयानमा जिकिर लिए बमोजिम मृतकलाई सम्झाई बुझाई गर्न निजको घरमा प्रवेश गरेको भन्ने देखिन आउँदैन। घटना विवरण कागज तथा वस्तुस्थिति मुचुल्काका हरि धामी तथा साइचन धामीसमेतका व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्र बेहोराबाट पनि राति कन्थरी धामी सुतिरहेको

अवस्थामा प्रतिवादी खन्टे भन्ने खड्गबहादुर धामी निजको घरमा गई कन्थरी धामीको टाउकोमा ढुंगाले प्रहार गरी शक्त घाइते बनाई निज प्रतिवादी भागी फरार रहेको भन्ने देखिन आएबाट प्रतिवादीले मार्ने नियतले कन्थरी धामीलाई टाउकोमा ढुंगाले प्रहार गरी कर्तव्य गरी भागेको देखिने।

प्रतिवादी खन्टे भन्ने खड्गबहादुर धामीले तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) ले सर्वस्वसहित जन्मकैदको सजाय नहुने भएकोले जन्मकैदको सजाय ठहर गरी मिति २०७५।११।२६ मा सुरू बझाङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७६।०३।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुभद्रा जि.सी.

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख १२ गते रोज ३ शुभम्।

**५१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CR-१२५१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. चक्र रजान मगर*

प्रस्तुत मुद्दामा पेस भएको सक्कल लिखत हेर्दा प्रतिवादी चक्र रजान मगरले जय बहादुर लम्तरी, झक बहादुर गाहा, बम बहादुर गाहा र हर्क बहादुर गाहलाई वैदेशिक रोजगारीको निमित्त क्यानडा पठाउन जाहेरवाला एवम् युवराज रजालीबाट रकम बुझिलिएको भन्ने बेहोरा उल्लेख भएको र लिखत कागजका साक्षी झग बहादुर गाहासमेतले अनुसन्धान अधिकृतसमक्ष कागज गर्दा “प्रतिवादी युवराज रजालीले वैदेशिक रोजगारको लागि क्यानाडा अथवा पोर्चुगलमा पठाईदिन्छु” भनी लेखाएको देखिएबाट यी जाहेरवालाले पोर्चुगल वा क्यानडा पठाइदिने भनी गरेको एउटै रकम कलमको विषयमा यी प्रतिवादी र युवराज रजालीसङ्ग दुई वटा लिखत खडा गरी दुवै प्रतिवादीउपर छुट्ट छुट्टै मुद्दा दायर गरेको भन्ने स्पष्ट हुने।

जाहेरवालाले पेस गरेको लिखत बमोजिमको रकम निजले अर्को मुद्दाबाट पाइसकेको अवस्थामा जाहेरवालाको बकपत्रकै आधारमा प्रतिवादी चक्र रजान मगरले अर्को छुट्टै कलम रकम बुझेको भनी प्रतिवादीलाई कसुरदार ठहऱ्याई सजाय गर्नु मनासिब नदेखिँदा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसला अन्यथा गर्नुपर्ने।

प्रतिवादी चक्र रजान मगरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ.दफा ४३ बमोजिम सजाय गरी बिगो र हर्जना दिलाई पाउँ भन्ने अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७७।०३।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत:- हेमराज शर्मा/सदिक्षा नेपाल

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम्।

**५२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CR-११७७, अपहरण गरी शरीर बन्धक बनाएको, नेपाल सरकार वि. सतार अन्सारी मियाँसमेत*

उल्लिखित घटनाक्रम हेर्दा प्रतिवादी दिलसाद आलम र १०-H-७-१४-S काबिच प्रेम सम्बन्ध रहेको कारणले आपसमा विवाह गरी संखुवासभा पुगी टेलरिङ सञ्चालन गरी बसी आएको भन्ने तथ्य मिसिलबाट खुल्न आएको देखिन्छ। केटाकेटीबिच प्रेम सम्बन्ध रही भागी विवाह गरी वैवाहिक जीवनयापन

गरी आएको तथ्यलाई बङ्ग्याएर अभिभावकहरूको सहमति नभएको भन्ने नाउँमा प्रतिवादीउपर अपहरण शरीर बन्धक जस्तो गम्भीर कसुर ठहर गर्नु न्यायोचित हुँदैन। प्रस्तुत मुद्दामा मुख्य कसुरदार भनिएका व्यक्ति दिलसाद आलमउपरको अभियोग दाबी नै पुष्टि हुन सक्ने अवस्था नहुँदा अन्य प्रतिवादीहरूउपरको अभियोग दाबीसमेत पुग्न सक्ने स्थिति देखिएन। प्रतिवादी दिलसाद आलमलाई अभियोग दाबीबमोजिम सजाय गरी अन्य प्रतिवादीहरूलाई सफाइ दिएको सुरू फैसला उल्टी गरी निजलाई समेत सफाइ दिने ठहऱ्याएको उच्च अदालत विराटनगरको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रस्तुत मुद्दामा नाम १०-H-७-१४-S उमेर नपुगेको नाबालिग देखिएको र कानूनले तोकेको उमेर नपुगी विवाह गर्नु गराउनु आफैँमा फौजदारी कसुर भएकोमा अनुसन्धान तथा अभियोजन पक्षले त्यसतर्फ उदासिन रही बाल विवाहको तथ्यलाई बङ्ग्याएर ठूलो कसुरमा अभियोग दाबी लिने नाममा स्थापित नै हुन नसक्ने अपहरण तथा शरीर बन्धकको कसुरमा अनुसन्धान तथा अभियोजन गरेको देखिँदा कसुरदारबाट हुन गएको वास्तविक कसुरको अनुसन्धान अभियोजन नै हुन सकेको अवस्था देखिएन। प्रचलित कानूनको उल्लंघनको विषयमा प्रचलित कानूनको रित पुऱ्याई अनुसन्धान तहकिकात गरी कसुरदारलाई सजाय र पीडितलाई न्याय दिलाउनु राज्यको मुख्य जिम्मेवारी हो। यो जिम्मेवारी निष्पक्षताका साथ निर्वाह गर्नका लागि न्यायिक निकायका साथै अनुसन्धान र अभियोजन गर्ने अधिकारीलेसमेत आफ्नो जिम्मेवारी स्वतन्त्र, निष्पक्ष र सक्षमताका साथ निर्वहन गर्नुपर्ने हुन्छ। कसुरदारउपर जतिसक्दो कडा सजायको अभियोगतर्फ दाबी लिंदा पीडकलाई कसुर बमोजिम हुनुपर्ने सजायसमेत गर्न मिल्ने अवस्था नभई निजले गरेको कार्यबाट सृजित फौजदारी दायित्वबाट उन्मुक्ति पाउने र पीडितलेसमेत न्यायको अनुभूति गर्न नसक्ने अवस्था सृजना हुन्छ। पिडकलाई कसुरको मात्रा अनुसार सजाय दिलाउने राज्यले सुम्पेको अहम् जिम्मेवारीका सम्बन्धमा कानून कार्यान्वयन अधिकारी सधै सजग हुनुपर्ने।

प्रतिवादीहरूउपरको वादी दाबी नपुगी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको उच्च अदालत विराटनगरको मिति २०७८।०१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम्।

## इजलास नं. १७

### ५३

**मा.न्या.डा.श्री नहकुल सुवेदी र मा.न्या.श्री सुनिल कुमार पोखरेल,** *०७४-CI-०३९४, लिखत दा.खा. टिप्पणी बदर अंश नामसारी, मणिराज भण्डारिसमेत वि. पुनकला भण्डारी*

प्रतिवादी चुन्नुप्रसाद भण्डारीले मिति २०४१।१२।०८ मा छुट्टि भिन्न भई बसेको भनी सुरू अदालतमा प्रतिउत्तर फिराउदा जिकिर गरेको देखिन्छ। सो जिकिरका सम्बन्धमा मालपोत कार्यालयसँग लिखतको प्रमाणित प्रतिलिपि माग गरेकोमा मालपोत कार्यालय रुपन्देहीको च.नं.२६६४३ मिति २०७२।०२।०५ को पत्रबाट यस कार्यालयबाट मिति २०४१।१२।०८ मा पारित भएका र.नं.३४५४ को लिखत खोजतलास गर्दा फेला नपरेको र सो समयको रजिस्ट्रेसन दर्ता अभिलेखको प्रतिलिपि पठाइएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। सो रजिस्ट्रेसन दर्ता अभिलेखबाट र.नं.३४५४ मा चुन्नुप्रसाद भण्डारीको नाम नभई ढककुमारी पाण्डे र वेदबहादुर थापाको

लिखत दर्ता भएको देखिन आयो। यसबाट चुन्नुप्रसाद भण्डारी छुट्टी भिन्न भएको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिएन । चुन्नुप्रसादकी आमा कमला भण्डारीबाट मिति २०६६।०२।२० मा शेषपछिको बकस पाउने पुनकला भण्डारी चुन्नुप्रसाद भण्डारीको श्रीमती रहेको हुँदा मिति २०६६।०२।२० मा शेषपछिको बकस दिने र लिने व्यक्ति एउटै परिवारभित्रका व्यक्तिहरू रहेको देखिँदा शेषपछिको बकसपत्रबाट प्राप्त सम्पत्तिको स्रोत पारिवारिक नै भएको देखिएकाले त्यस्तो सम्पत्तिलाई निजी वा बन्डा नलाग्ने सम्पत्ति भन्न सकिने देखिएन। यसबाट अंशियारमध्येकी कमला भण्डारीबाट अर्की अंशियार पुनकला भण्डारीले शेषपछिको बकसपत्रबाट पाएको सोही आधारमा निजको नाउँमा नामसारी भएको जिल्ला रुपन्देही साबिक सेमलार गाउँ विकास समिति वडा नं.२(घ) कि.नं. १०९६ ज.वि. ०-०-१ र ऐ.ऐ. कि.नं. ११०१ ज.वि. ०-१-४ र सोमा भएको घरसमेत सगोलको मान्नुपर्ने।

प्रत्यर्थी/प्रतिवादी पुनकला भण्डारीले सासू कमलालाई सेवा गरेबापत दिएको बकसपत्रबाट पाएको सम्पत्ति भएकाले बन्डा लाग्ने होइन निजी हो भनी सुरू प्रतिउत्तर फिराउँदा र पुनरावेदन तहमासमेत जिकिर लिएको देखिन्छ । अंशियारमध्येकै सासू कमला भण्डारीबाट पाएकाले निजी नठहर्ने देखिएको स्थितिमा निजी भनी जिकिर लिनेले सो को यथेष्ट र वस्तुनिष्ठ प्रमाणले पुष्टि गर्न सक्नु पर्दछ। सासू कमला भण्डारीले यी सम्पत्ति अंशबापत पाएको २०५८ सालको कागजले देखाएको अवस्थामा पैतृक सम्पत्ति बकसपत्र गरी दिई अर्को अंशियारको नाममा दा.खा. नामसारी हुँदैमा बन्डा नलाग्ने भन्न नमिल्ने।

यसप्रकार, चुन्नुप्रसाद भण्डारी २०४१ सालमै छुट्टि भिन्न भएको भन्ने तथ्य पुष्टि हुन नसकेकोले निजको श्रीमती पुनकला भण्डारीको नाममा रहेका घर जग्गा अंशियारमध्येकी कमला भण्डारीले शेषपछिको बकसपत्र दिई कमलाको मृत्युपश्चात् पुनकलाका नाममा दा.खा. नामसारी भएकोले सगोलको अंशियारको नाममा रहेको सम्पत्ति सगोलको हुने देखिएको स्थितिमा, प्रतिवादी पुनकला भण्डारी (कार्की) ले २०६६ सालमा दाता कमला भण्डारीबाट शेषपछिको बकसपत्र प्राप्त गरी सोही आधारमा आफ्नो नाउँमा नामसारी गराएको जिल्ला रुपन्देही साबिक सेमलार गाउँ विकास समिति वडा नं.२(घ) कि.नं. १०९६ ज.वि. ०-०-१ र ऐ.ऐ. कि.नं. ११०१ ज.वि. ०-१-४ र सोमा भएको घरसमेत बन्डा लाग्ने गरी सुरू रुपन्देही जिल्ला अदालतबाट मिति २०७२।०३।२३ मा भएको फैसला सो हदसम्म उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।११।०८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीको उल्लिखित कित्ता जग्गा र सोमा रहेको घरबाटसमेत वादीले पाँच भागको तीन भाग अंश पाउने।

इजलास अधिकृत : टीका बहादुर थापा

कम्प्युटर: अमिर रत्न महर्जन

इति संवत् २०८० साल माघ ११ गते रोज ५ शुभम्।